जिरी नगरपालिका

जिरी, दोलखा

नगर पार्श्वचित्र, २०८०

प्रकाशक

जिरी नगरपालिका

जिरी, दोलखा

सयौं थुङ्गा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

प्रकाशकीय

२१ औं शताब्दीको वर्तमान युग सञ्चार र सूचनाको युग हो। जसमा सार्वजनिक सेवा प्रवाह गर्ने संस्थाहरूले आफ्ना सेवाका सन्दर्भमा प्रत्येक नागरिकलाई यथाशक्य चाँडो र भरपर्दो सूचना उपलब्ध गराउनु आवश्यक हुन्छ। त्यसैले यस जिरी नगरपालिकाले आफ्ना नगरवासी तथा अन्य सरोकार वालाको लागि अत्यन्तै उपयोगी हुने अपेक्षा सहित यो नगर पार्श्वचित्र, २०८० तयार गरेको छ।

यस पुस्तिकामा नगरको ऐतिहासिक, भौगोलिक तथा जनसांख्यिकीय चिनारी सहित विभिन्न आर्थिक तथा सामाजिक सूचना तथा तथ्याङ्क प्रस्तुत गरिएको छ। नगरको समग्र विकास, योजना तर्जुमा, वार्षिक नीति तथा कार्यक्रम, बजेट व्यवस्थापन, आदि कार्यको लागि आधिकारिक तथा भरपर्दो सूचना तथा तथ्याङ्क अपरिहार्य हुने र उक्त आवश्यकतालाई यस पुस्तिकाले परिपूर्ती गर्ने विश्वास लिइएको छ।

नेपालको संविधानको अनुसूची-८, स्थानीय सरकार संचालन ऐन, २०७४, गाउँ/नगर वस्तुस्थिति विवरण तयारी (पहिलो संसोधन) कार्यविधि, २०७८ आदिमा स्थानीय तथ्याङ्क तथा अभिलेख व्यवस्थापन स्थानीय तहको प्रमुख जिम्मेवारीको विषय रहेको कुरा स्पष्ट रुपमा उल्लेख गरिएको छ। त्यैसैले संवैधानिक तथा कानूनी दायित्वको परिपालनाका सन्दर्भमा पनि यो पुस्तिका तयार गर्न आवश्यक रहेको देखिन्छ।

यस अघि तयार भई जारी गरिएको यस नगरको पार्श्वचित्र, २०७५ मा समय सापेक्षित तथ्याङ्कहरू परिमार्जन तथा थप गर्न आवश्यक भएकोले जिरी नगरको पार्श्वचित्र, २०८० तयार गरिएको छ। यो पुस्तिका स्थानीय तहमा नीति निर्माणकर्ता, योजनाकार, कार्यक्रम सञ्चालक, अनुसन्धानकर्ता, प्राध्यापक, विद्यार्थी एवं सरोकारवाला नागरिकहरुलाई नगरको वर्तमान अवस्थाको स्तर निर्धारण, अनुगमन तथा मूल्यांकन कार्यमा पक्कै पनि उपयोगी हुने हामीले ठानेका छौँ।

यो पुस्तिका तयार गर्न आवश्यक तथ्यांक उपलब्ध गराउनु हुने नगरपालिकाका विभिन्न शाखा/उप-शाखा, सम्पूर्ण वडा कार्यालयहरू, विभिन्न संघीय तथा प्रादेशिक कार्यालयहरु, सहकारी एवं संघ संस्था तथा अन्य निकायहरू प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहान्छौँ। यसै गरी नगरबासीहरूका घर/आँगनमा गई तथ्याङ्क संकलन तथा प्रशोधन गर्ने सेवा/परामर्श दाता तथा सम्पूर्ण कार्यको प्रत्यक्ष रुपमा सहजीकरण गर्नुहुने नगरका जनप्रतिनिधिहरू धन्यवादका पात्र हुनुहुन्छ।

अन्त्यमा, यस पुस्तिकामा रहेका तथ्याङ्क तथा विवरण सम्बन्धमा थपघट गर्न परेमा वा कुनै त्रुटि/कमिकमजोरी फेला परेमा यहाँहरूले आफ्नो अमूल्य सुझाव तथा टिप्पणी उपलब्ध गराईदिनु हुन्छ भन्ने अपेक्षा गर्दै प्राप्त सहयोग, सुझाव, टिप्पणी आदिलाई मार्गदर्शनका रुपमा स्वीकार गरी यसलाई थप परिमार्जन गर्दै लैजाने विश्वास दिलाउन चाहान्छौँ।

जिरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जिरी, दोलखा

नगरपालिको वस्तुगत विवरण



मेरो शब्द

मित्र बहादुर जिरेल

नगर प्रमुख

दोलखा जिल्लाको पूर्वी सिमानामा रहेको जिरी नगरपालिका अत्यन्तै सुन्दर पर्यटकीय पालिका हो। हिमाली नगरपालिकाको रुपमा रहेको यस नगरपालिकलाई सगरमाथाको प्रवेशद्धारको रुपमा पनि चिनिन्छ। अल्पसंख्यक जिरेल जातिको सघन बसोबास भएको यस पालिका भित्र तमाङ, शेर्पा, सुनुवार, नेवार, बाह्मण, क्षेत्री र दलित समुदाय, आदिको समेत उल्लेख्य बसोबास रहेको छ। प्राकृतिक सुन्दरता, स्वच्छ हावापानी विभिन्न जातीय समुदायहरूबीचको सामाजिक सद्भाव, धार्मिक सहिष्णुता जस्ता कुराहरू जिरी नगरपालिकाको चिनारी हो। यसरी जिरी नगरपालिकाको विद्यमान अवस्था झल्काउने पार्श्वचित्र प्रकाशनले नगरको विकासको वर्तमान अवस्थालाई चित्रित गरेको छ। यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमीकिकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत तथा साधनको अधिकतम सदुपयोग गरी नगर विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुर्‍याउने आशा तथा विश्वास लिएको छु। यस दस्तावेजले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भएता पनि सीमित समय तथा स्रोत साधनको सीमा भित्र गरिएको अध्ययन आफैंमा पूर्ण नहुन सक्छ। यसलाई समयानुकुल परिष्कृत र परिमार्जन गरी अध्यावधिक गर्दै लगिने कुरा म सम्पूर्ण नगरबासीमा विश्वास दिलाउन चाहान्छु।

समृद्ध जिरी र सुखी जिरी नगरबासी बनाउने हाम्रो योजनावद्ध विकासको आधारको रुपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न लगाउने नगरपालिकाको सम्पूर्ण परिवार, नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण वडा अध्यक्षज्यूहरू तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं अन्य निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघ संस्था सबैमा नगरपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहान्छु। यसै गरी यो पाश्वचित्र समयमै तयार गरी नगरमा उपलब्ध गराउने गौरिशंकर प्रेश लिङ्क प्रा.लि., भक्तपुरलाई हार्दिक धन्यवाद दिन चाहान्छु।

अन्त्यमा नगरपालिका विकासको आधार चित्र कोर्न यो पाश्वचित्र सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई आधार प्राप्त होस् भन्ने शुभेच्छा प्रकट गर्दछु।

मित्र बहादुर जिरेल

नगर प्रमुख

मेरो शब्द

कृष्णमाया बुढाथोकी
नगर उप-प्रमुख

मुलुक संघीयतामा गएसँगै वि.सं. २०७४ र २०७९ मा गरी २ पटक स्थानीय तहहरूको निर्वाचन मार्फत स्थानीय सरकारहरूको गठन भई जनताको घर-घरमा सरकार पुगेको छ। यसरी गठन भएका सरकारको अन्य कुराका अतिरिक्त आफ्नो क्षेत्रको यथार्थ विवरण समेटी नगरबासी तथा सरोकारवाला सबैलाई नगरको यथास्थितिको जानकारी गराई दियो र योजनावद्ध विकासको आधारको रुपमा रहेको नगरको समग्र तथ्याङ्कीय विवरण प्रकाशमा ल्याउनु पनि उत्तिकै महत्वपूर्ण दायित्व हो।

विकास निर्माणका कार्यलाई अझै जनमुखी र प्रभावकारी बनाउन तथा राज्यका प्रमुख लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि चाहिने सबैभन्दा मुख्य आधार भनेको वास्तविक तथ्याङ्क नै हो । साना देखि ठूलो योजनाहरुको सफल कार्यान्वयनमा तथ्याङ्कीय धरातलले ठूलो भूमिका खेल्दछ।

यस पार्श्वचित्रमा समेटिएका नगरको राजनैतिक, प्रशासनिक विवरण, भू-वर्गीकरण, भू-उपोग नक्सा, राष्ट्रिय जनगणना २०७८ मा आधारित नगरको जनसंख्यिक विवरण आदिले नगरका कृषि, शिक्षा, स्वास्थ्य, वन, सिँचाई, खानेपानी, वित्तिय संख्या अन्य संघ/संस्था आदिका बारेमा बस्तुगत विवरणहरुको सहायताले नगरले आगामी दिनमा तय गर्ने नीति तथा कार्यक्रम, आवधिक योजनाहरूको तर्जुमा तथा कार्यान्वयमा पक्कै पनि सकारात्मक प्रभाव पार्नेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्नु हुने नगरपालिकाको सम्पूर्ण परिवार, नगर प्रमुख ज्यु, प्रमुख प्रशासकीय अधिकृत, सम्पुर्ण वडा अध्यक्ष ज्यूहरु, सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, नगर कार्यपालिकाका कर्मचारीहरू तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिनुहुने परामर्शदाता गौरिशंकर प्रेश लिङ्क प्रा. लि., भक्तपुरलाई विशेष धन्यबाद दिन चाहन्छु।

कृष्णमाया बुढाथोकी
नगर उप-प्रमुख

मेरो शब्द

रामप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

प्राकृतिक सुन्दरता सहितको आफ्नो गौरवमय इतिहास कायम गर्दै आएको जिरी स्वयंमा विशिष्ट पहिचान बोकेको नगर क्षेत्र हो । फराकिलो भौगोलिक क्षेत्र भित्र फैलिएको यस नगरपालिकाको अवसर र चुनौतिका क्षेत्रहरु पनि उत्तिकै फराकिला छन् । सगरमाथाको प्रवेशद्धार, उत्कृष्ट पर्यटकीय गन्तव्य स्थल, स्वीजरल्याण्डको माया प्रेम र सद्भावले सिंचित, आफ्नै मौलिक भाषा, संस्कृति र पहिचान बोकेको जिरेल जातीको उद्गम भूमि, जिरेल, शेर्पा, सुनुवार सहितका जनजाति लगायत, बाह्मण, क्षेत्री, दलितका विभिन्न थरले सम्बोधन गरिने नागरिकहरूको बसोबास रहेको अनेकतामा एकता र एकतामा विविधता युक्त समाज जिरीका थप विशेषताहरू हुन् । जिरीको यसै ऐतिहासिक, पुरातात्विक र सांकृतिक धरोहरको उचाईमा कमी आउन नदिई यस क्षेत्रको मानवीय र भौतिक प्रगतिको वर्तमान आवश्यकतालाई बोध गरी उच्च लक्ष्य प्राप्तीमा सहजिकरणका लागि प्रस्तुत पार्श्वचित्र तयार गरिएको हो । पाश्वचित्रमा प्रस्तुत तथ्य, तथ्यांक र विवरणले जिरीको स्पष्ट चिनारी प्रस्तुत गर्ने छ र विद्यमान समस्याको सही पहिचान गरी भावी दिनहरूमा गर्नुपर्ने सुधार, विकास र परिवर्तनको आवश्यकता बोध भई सोही बमोजिमका गतिविधिहरू संचालन गर्न ठूलो सहयोग पुग्ने छ भन्ने मेरो अपेक्षा रहेको छ ।

संघीयताको हाम्रो छोटो यात्रामा भूगोल र जनसंख्या स्थानीय तहको नजिकैमा रहँदा रहँदै पनि सबै तहका सरकारको प्रमुख दायित्व उत्पादनका सबै साधनहरुको बुद्धिमतापूर्वक उपयोग गरी उत्पादन, उत्पादकत्व, आम्दानी, रोजगारी र राजश्वमा सुधार गरी आम नागरिकले गुणस्तरयुक्त जीवन यापन गर्न पाउने सभ्य र समुन्नत समाज निर्माण गर्नु भएको हुँदा जिरी नगर क्षेत्रभित्र उक्त उद्देश्य प्राप्तिका लागि समेत तिनै तहका सरकारका लागि यो उत्तिकै उपयोगी रहन्छ ।

पाश्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने नगर प्रमुख ज्यू, नगर उप-प्रमुख ज्यू, वडा अध्यक्ष ज्यूहरू तथा सम्पूर्ण जनप्रतिनिधिहरू, विषयगत कार्यालय शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारी, पाश्वचित्रलाई यो रुप दिन सहयोग पुर्‍याउनु हुने परामर्शदाता गौरिशंकर प्रेश लिङ्क प्रा.लि., भक्तपुरलाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

राम प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

नेपालको नक्सा

N
सुदूर पश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
बागमती प्रदेश
प्रदेश नं. १
प्रदेश नं. २
लुम्बिनी प्रदेश
दार्चुला
बैतडी
बझाङ
बाजुरा
डडेलधुरा
डोटी
अछाम
कञ्चनपुर
कैलाली
हुम्ला
मुगु
जुम्ला
कालिकोट
दैलेख
डोल्पा
जाजरकोट
सुर्खेत
रुकुम पश्चिम
रुकुम पूर्व
सल्यान
बर्दिया
बाँके
दाङ
रोल्पा
प्युठान
गुल्मी
अर्घाखाँची
पाल्पा
कपिलवस्तु
रुपन्देही
परासी
नवलपुर
मुस्ताङ
म्याग्दी
बाग्लुङ
पर्वत
कास्की
स्याङजा
तँनहु
मनाङ
लम्जुङ
गोरखा
काठमाडौं
भक्तपुर
ललितपुर
रसुवा
धादिङ
नुवाकोट
सिन्धुपाल्चोक
काभ्रेपलाञ्चोक
दोलखा
रामेछाप
चितवन
मकवानपुर
सिन्धुली
पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सिराहा
सप्तरी
सोलुखुम्बु
संखुवासभा
ताप्लेजुङ
ओखलढुंगा
खोटाङ
भोजपुर
नुवाकोट
पाँचथर
घनकुटा
इलाम
उदयपुर
सुनसरी
मोरङ
झापा

विषय सूची

१.	**परिचय**	**१**
१.१	पृष्ठभूमि	१
१.२	नगरपालिका पार्श्वचित्र तयारीको उद्देश्य	१
१. ३	अध्ययनको महत्व	२
१.४	कानूनी तथा नीतिगत आधारहरूः	२
१.५	तयारी चरणः	२
१.६	अध्ययन विधि	३
१.७	प्रारम्भिक मस्यौदा तयारी	३
१.८	वस्तुगत विवरण उपर सुझाव संकलनः	३
१.९	वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी	३
१.१०	वस्तुगत विवरणका सीमाः	३
२.	**नगरपालिकाको चिनारी**	**४**
२.१	भौगोलिक अवस्थिति	४
२.२	नगरको चिनारी	४
२.३	नगरपालिकाको स्थापना	५
२.४	मतदान / नगरपालिकामा रहेको मतदाता र मतदान केन्द्र	७
२.५	धरातलीय अवस्था	७
२.५.१	भू-क्षेत्रको बर्गीकरण (भिरालोपन)	८
२.५.२	हावापानी	१०
२.६	नगरपालिकामा रहेको सम्भाव्यता र अवसर	१०
	क) पर्यटकीय क्षेत्र	१०
	ख) कृषि उत्पादन	१०
	ग) शैक्षिक क्षेत्र	११
	घ) वनजङ्गल क्षेत्र	१२
	ङ) अन्य	१२
२.६.१	नगरपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु	१४
२.७	जिरीको छोटो चिनारी इन्द्र बहादुर खड्का	१५
३.	**पारिवारिक विवरण तथा जनसंख्याको अवस्था**	**३५**
३.१	जनगणना (POPULATION CENSUS)	३५
३.२	वडागत तथ्याङ्क सहितको जनसांख्यिक विवरण	३७
३.२.१	जनसंख्या, परिवार संख्या, परिवारको औषत आकार र लैङ्गिक अनुपात	३७
३.२.२	उमेर समूह अनुसारको जनसंख्या संरचना	३८
३.२.३	पाँच वर्ष वा सोभन्दा कम उमेरका बालबालिकाको जन्मदर्ताको अवस्था	४०
३.२.४	साक्षरता दर सम्बन्धी विवरण	४१
३.२.५	आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्या सम्बन्धी विवरण	४३
३.२.६	घरायसी साधन/सुविधा अनुसारको परिवार संख्या	४४
३.२.७	खानेपानीको मुख्य स्रोत अनुसार परिवार संख्या	४५
३.२.८	परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन अनुसार परिवार संख्या	४६

३.२.९	बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत अनुसार परिवार संख्या	४७
३.२.१०	परिवारले प्रयोग गर्ने शौचालयको प्रकार अनुसार परिवार संख्या	४८
३.२.११	घरको स्वामित्व अनुसार परिवार संख्या	४९
३.२.१२	प्रयोग गरेको घरको जगको बनोट अनुसार परिवार संख्या	५०
३.२.१३	घरको भूइँको बनोट अनुसार परिवार संख्या	५१
३.२.१४	घरको बाहिरी गारोको बनोट अनुसार परिवार संख्या	५२
३.२.१५	घरको छानाको बनोट अनुसार परिवार संख्या	५३
३.३	थप जनसांख्यिक विवरण	५४
३.३.१	वैवाहिक स्थिति	५४
३.३.२	पहिलो पटक विवाह गर्दाको उमेर	५४
३.३.३	अपाङ्गताको प्रकार अनुसारको जनसंख्या	५५
३.३.४	धर्म अनुसारको जनसंख्या	५६
३.३.५	जातजाति अनुसारको जनसंख्या	५७
३.३.६	मातृभाषा अनुसारको जनसंख्या	५८
३.३.७	बालबालिकाको बसोबासको अवस्था	५९
३.४	व्यक्तिगत घटना दर्तासम्बन्धी विवरण:	६०
३.५	सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण:	६१
३.५.१	सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम:	६१
३.५.२	आमा-बाबु विहिन बालबालिकाको लागि भत्ता वितरण कार्यक्रम:	६१
४.	**आर्थिक अवस्था**	**६२**
४.१	नगरको समग्र आर्थिक अवस्था	६२
४.१.१	नगरपालिकामा अर्थतन्त्रको संरचनात्मक स्वरुप	६२
४.१.२	आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था	६२
४.१.३	आश्रित जनसंख्याको विवरण	६३
४.१.४	प्रधानमन्त्री रोजगार कार्यक्रम	६३
४.१.५	भू-क्षय सम्भावित क्षेत्र	६५
४.१.६	नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण	६६
४.१.७	कृषि तथा पशु विकास	६६
४.२	कृषि क्षेत्रहरु	६७
४.२.१	कृषक समूहको विवरण	६७
४.२.२	कृषि बालीमा लाग्ने रोग	७८
४.२.३	कृषि बजारीकरण	७८
४.२.४	कृषि पकेट क्षेत्रको बिबरण	७८
४.२.५	किवि खेति	७९
४.२.६	जग्गाको उर्वराशक्ति	८०
४.२.७	कृषि सहकारी संस्थाहरुको विवरण	८०
४.२.८	सिंचाइ	८१
४.२.९	पशुपालन	८१
४.२.१०	पशु विकास फार्म	८१

४.२.११ पशुपकेट क्षेत्रको विवरण ८२
४.२.१२ पशुपंक्षी पालन तथा विकासका गैर सरकारी साझेदारहरु ८३
४.२.१३ पशु नश्ल ८३
४.२.१४ पशुपंक्षीमा लाग्ने रोगहरु ८३
४.३ पर्यटकीय क्षेत्रहरू ८४
क. च्योदोंङ्ग तथा क्याङसे पोखरी ८४
ख. हनुमन्ते ८५
ग. गुराँसपार्क तथा ठुलोनागी ८५
घ. बुद्धपार्क ८६
ङ. स्टोनपार्क ८६
च. लौती झरना तथा ट्राउट फार्म: ८७
छ. पाँचपोखरी तथा जटापोखरी ८७
ज. राम्बोले कालिदेवी ८८
झ. जिरेश्वर महादेव ८८
ञ. चिज उत्पादन केन्द्र ८९
ट. सिक्री उपत्यका ८९
ठ. यलुङ उपत्यका: ८९
ड. तेन्जिङ हिलारी पार्क ९०
ढ. टोनी हेगन ईकोलोजिकल पार्क : ९०
४.४ उद्योग, व्यापार तथा बैंकिङ्ग ९०
४.४.१ नगर क्षेत्रमा रहेका बैंहरू ९०
४.४.२ सहकारी संस्थाको विवरण ८०
४.४.३ संघ संस्था तथा विभिन्न समूहहरु ९२
४.४.४ व्यापार तथा उद्योगको विवरण ९३
४.४.५ थोक तथा खुद्रा व्यापार ९३
४.४.६ ढुवानी तथा भण्डार व्यवस्था ९३
४.४.७ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण ९३
५. सामाजिक अवस्था ९४
५.१ शैक्षिक तथा मानव संशाधन विकास ९४
५.१.१ शिक्षा ९४
५.१.२ जिरी प्राविधिक शिक्षालय ९४
५.२ स्वास्थ्य ९८
५.२.१ स्वास्थ्य सेवामा नगरपालिकाको वर्तमान अवस्था १००
५.२.२ जिरी अस्पतालको विवरण १००
५.२.३ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers) १०४
५.२.४ गाउँघर क्लिनीक र नियमित खोप १०४
५.२.५ एच. आई. भी. / एड्सको अवस्था १०४
५.२.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण १०४
५.२.७ खोपको विवरण १०५

५.२.८	बाल्यकालमा हुने रोगका जोखिम	१०५
५.२.९	बालपोषण सम्वन्धी विवरण	१०५
५.३	खानेपानी तथा सरसफाई	१०५
५.३.१	विश्वमा फोहोरमैला व्यवस्थापन	१०५
५.३.२	नगरमा फोहोरमैलाको व्यवस्थापन	१०६
५.४	महिला तथा बालबालिका	१०६
५.४.१	महिला सम्बन्धी विवरण	१०६
५.४.२	बालबालिका सम्बन्धी विवरण	१०७
५.४.३	बालश्रमको अवस्था	१०८
५.४.४	बालक्लब	१०८
५.५	धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू	१०९
५.६	मुख्य चाडपर्वहरु	११०
५.७	सँस्कृति, कला, भाषा र साहित्य	११०
६.	**वन तथा वातावरणीय स्थिति**	**१११**
६.१	वन क्षेत्रको अवस्था	१११
६.१.१	वनजंगल	१११
	क) सामुदायिक वन	१११
	ख) कबुलियति वन	११३
६.२	जडिबुटी सम्बन्धी विवरण	११५
६.३	प्राकृतिक वन तथा वनस्पती	११५
६.४	जैविक विविधता सम्वन्धी विवरण	११५
६.५	लघु वन पैदावार	११६
६.६	वन पैदावारमा आधारित उद्योगहरूको विवरण	११६
६.७	वन संरक्षणका लागि चाल्नु पर्ने कदम	११६
६.८	ताल, नदीनाला तथा पोखरीहरु	११७
६.९	जैविक विविधता	११८
७.	**भौतिक विकासको अवस्था**	**११९**
७.१	यातायात	११९
७.२	यातायात सञ्जाल	१२३
७.३	संचार	१२३
७.४	हुलाक सेवा	१२३
७.५	विद्युत	१२४
८.	**संस्थागत तथा सुशासनको स्थिति**	**१२५**
८.१	नगरको संगठनात्मक संरचना	१२५
८.२	नगर कार्यपालिकाको विषयगत शाखा तथा मानव संसाधन	१२६
८.३	नगर पालिकाबाट जारी भएका ऐन, नियम र कार्यविधिहरुको विवरण	१२८
८.३	नगर सभा सदस्यहरुको विवरण	१३०

परिच्छेद-१

१. परिचय

१.१ पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग पनि संघ, प्रदेश र स्थानीय तहले गर्ने भनी नेपालको संविधानको धारा ५६ (१) मा उल्लेख गरिएको छ। त्यस्तै स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभा/नगरसभाले बनाएको कानून बमोजिम हुने कुरा नेपालको संविधानको धारा ५७ (४) मा उल्लेख गरिएको छ।

नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकार सूचीलाई समावेश गरिएको छ। उक्त सूचीको क्रम संख्या ६ मा स्थानीय तथ्याङ्क र अभिलेख व्यवस्थापनलाई स्पष्ट रुपमा उल्लेख गरिएको छ। साथै नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदनले स्थानीय तथ्यांक सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, बेरोजगारको तथ्यांक सहित स्थानीय तहको आधारभूत तथ्यांक, सम्भाव्य प्राकृतिक, भौतिक तथा सांस्कृतिक श्रोत साधनहरूको तथ्यांकीय अभिलेख, सूचना तथा प्रविधियुक्त तथ्यांक व्यवस्थापनलाई स्थानीय तहको कार्यक्षेत्र भनी उल्लेख गरिएको छ। यिनै दायित्व तथा जिम्मेवारी पुरा गर्ने क्रममा नेपाल सरकारले गाउँ/नगर वस्तुस्थिति विवरण तयारी (पहिलो संसोधन) कार्यविधि, २०७८ जारी गरेको छ। कार्यविधिको मुख्य उद्देश्य स्थानीय तहको विकास प्रक्रिया तथा सेवा प्रवाहका लागि नीति, योजना तथा कार्यक्रमहरू तयार गर्न अत्यावश्यक आधारभूत तथ्यांक, सूचना तथा विवरण संकलन, विश्लेषण र व्यवस्थापनका न्यूनतम विषयहरूमा एक रुपता र स्तरीयता कायम गरी तथ्यांक संकलनको स्तरीय ढाँचा प्रदान गरी गाउँ/नगरको वस्तुस्थिति विवरण तयार गर्न दिशा निर्देश गर्ने रहेको छ।

स्थानीय तहको योजना तर्जुमा, अनुगमन तथा प्रगति मापनलाई सूचनामा आधारित, व्यवस्थित, एकीकृत, नजिजामूलक, सहभागितामूलक र प्रभावकारी बनाउन पार्श्वचित्रले स्थानीय सरकार तथा सरोकारवाला सबैलाई महत्वपूर्ण आधार प्रदान गर्दछ। सूचना प्रविधिमा आधारित वस्तुगत विवरण संकलन, भण्डारण, प्रशोधन र विश्लेषणका आधारमा वस्तुगत विवरण प्रकाशन र अध्यावधिक गर्दै लैजानु नगरको लागि दिगो सूचना व्यवस्थापनमा कोशेढुङ्गा सावित हुने अपेक्षाका साथ यो पार्श्वचित्र तयार गरिएको छ।

१.२ नगरपालिका पार्श्वचित्र तयारीको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार छन्:-

क) नगरपालिका क्षेत्रभित्र रहेका सेवा सुविधाहरुको बारेमा जानकारी गराउने।

ख) नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरुको अवगत गराउने।

ग) नगरपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औँल्याउने।

घ) नगरपालिका भित्र बसोवास गर्ने मानिसहरुको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने।

(ङ) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने।

च) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने।

छ) नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा प्रदेश तथा संघिय स्तरसम्म सूचना उपलब्ध गराई व्यवस्थापनमा सहयोग गर्ने।

ज) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने।

झ) नगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुऱ्याउने।

ञ) नगरपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने।

१. ३ अध्ययनको महत्व

यस नगरपालिकामा विषयगत रुपमा तय भएका योजना, कार्यक्रम, नीति निर्माण कार्यहरुको तथ्याङ्कीय आधार तयार गरी नगरपालिकाको तुलनात्मक अध्ययन र नगरपालिका भित्रको वस्तुस्थिति सम्बन्धी जानकारी स्पष्ट रुपमा दिने गरी आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले नगरपालिकालाई सहयोग गर्नुको साथै समानुपातिक विकास र अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ। यसका अलावा नगर पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुन जान्छ।

१.४ कानूनी तथा नीतिगत आधारहरूः

नेपालको संविधानको अनुसूची- ८ मा व्यवस्था गरिएका स्थानीय तहका २२ वटा एकल अधिकार मध्ये स्थानीय तथ्यांक र अभिलेख संकलन पनि एक हो। यसरी हेर्दा संबैधानिक दायित्वको पालनाको लागि पनि नगरले आफ्नो यथार्थ आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक विवरण संकलन गरी त्यसको प्रकाशन गर्न आवश्यक देखिन्छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३ दफा ११ उपदफा २(च) (ड) र (थ) मा स्थानीय तथ्यांक र अभिलेख संकलन, व्यवस्थापन तथा बेरोजगारहरूको तथ्यांक संकलन सम्बन्धी व्यवस्था उल्लेख भएको तथा सोही ऐनको दफा १२ को उपदफा २ (ख) मा वडा समितिको काम कर्तव्य र अधिकार अन्तरगत सम्बन्धित वडाको तथ्यांक अद्यावधिक गर्ने तथा त्यसको संरक्षण गर्ने जिम्मेवारी उल्लेख भएकोले पनि यो पार्श्वचित्र तयारीको औचित्यता स्पष्ट हुन्छ।

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा (१) मा प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जुमा सहभागितामूलक प्रकृयाबाट नतिजामूलक ढंगले गर्नु पर्ने र योजना तथा बजेट तर्जूमा गर्नु पूर्व स्थानीय तहको, सामाजिक, आर्थिक, भौगोलिक तथा पूर्वधार विकास लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी बस्तुगत विवरण तयार गर्नुपर्ने कुराहरू उल्लेख गरिएको छ।

उपरोक्त संवैधानिक व्यवस्था र अधिकारको व्याख्या अनुसार स्थानीय तहको विस्तृत र खण्डिकृत तथ्याङ्क सहितको वस्तुस्थिति विवरण तयार गर्न नेपाल सरकारले आधारभूत प्रक्रिया, विधि, र फारामहरू सहितको गाउँ/नगर वस्तुस्थिति विवरण तयारी (पहिलो संसोधन) कार्यविधि, २०७८ समेत जारी गरिएको छ। जसले यो पार्श्वचित्र तयारीलाई प्रमुख रुपमा दिशानिर्देश गरेको छ।

१.५ तयारी चरणः

यो पार्श्वचित्र तयारीका क्रममा विशेषगरी नगरका सम्बन्धित वडाहरूको स्थलगत भ्रमण र अवलोकन तथा यस क्षेत्रमा कार्य गरेका विज्ञसँग निरन्तर परामर्श गरिएको छ। पार्श्वचित्र तयारीका लागि राष्ट्रिय जनगणना, २०७८, घरधुरी सर्वेक्षण, आर्थिक सर्वेक्षण २०७९/०८० लगायतका विभिन्न सर्वेक्षणका नतिजाहरू, नगरका प्रकाशित वा प्रकासोन्मुख विभिन्न प्रतिवेदनहरू, विषयगत शाखा/उपशाखाबाट उपलब्ध गराइएका तथ्यांकहरू, नगरमा रहेका विभिन्न संघ/संस्था, सहकारीबाट प्राप्त विवरणहरूलाई प्रमुख आधारका रुपमा लिइएको छ।

समग्रमा पार्श्वचित्र तयारीका चरणहरूलाई देहाय बमोजिमका बुँदाहरुमा उल्लेख गर्न सकिन्छः

- वस्तुगत विवरण ढाँचा, सर्वेक्षण औजार तथा कार्यविधि तयारी।
- सर्वेक्षण तथा तथ्यांक संकलन।
- तथ्यांक प्रशोधन, विश्लेषण तथा स्रोत नक्साको तयारी।
- वस्तुगत विवरणको प्रारम्भिक मस्यौदा तयारी।
- प्रारम्भिक मस्यौदा उपर छलफल तथा सुझाव संकलन।
- अन्तिम प्रतिवेदन तयारी।

१.६ अध्ययन विधि

पार्श्वचित्र तयार गर्ने क्रममा प्राथमिक (Primary) तथा द्वितीय (Secondary) सूचना संकलन गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS Data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तर्वार्ता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरू र खाँचोहरू वडा बासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ ।

यसका साथै नगरपालिका स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, बुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी नगरपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । नगरपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ । यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको बिश्लेषणका क्रममा बिभिन्न तालिकाहरु, चित्रहरु तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रुपमा विश्लेषण गरिएको छ ।

१.७ प्रारम्भिक मस्यौदा तयारी

वडागत रुपमा तथा शाखागत रुपमा प्राप्त सूचना, तथ्यांक, विवरणहरू तथा द्वितीय स्वरुपमा प्राप्त विभिन्न सूचना तथा विवरणहरुको संकलन, प्रशोधन तथा विश्लेषण पश्चात यो पार्शवचित्रको प्रारम्भिक खाका तयार गरिएको थियो । पार्श्वचित्र तयारीको क्रममा यो सबैभन्दा संवेदनशील चरणका रुपमा रहेको थियो । यसमा आवश्यक तथ्यांकहरु चाहिने ढाँचा र पूर्ण विवरणमा उपलब्ध होस भनी निकै सावधानी अपनाइएको थियो ।

१.८ वस्तुगत विवरण उपर सुझाव संकलनः

प्रारम्भिक मस्यौदा तयार गरी यस उपर विभिन्न सुझाव तथा टिप्पणी प्राप्त गरी पार्श्वचित्रलाई अन्तिम रुपमा दिनु यो चरणको मुख्य उद्देश्य रहेको थियो । यस चरणमा नगरका जनप्रतिनिधिहरू, शाखा/उपशाखागत प्रमुखहरू, विभिन्न सरोकारित व्यक्तिहरूलाई उपयुक्त स्थान दिदै प्रारम्भिक मस्यौदा उपर संसोधन तथा काटछाँट गरियो ।

१.९ वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी

सम्बन्धित सबै पक्षको सल्लाह तथा सुझावलाई सम्बोधन गरी त्यसलाई उपयुक्त तरिकाले संसोधन तथा परिमार्जन गरी यो पार्श्वचित्रको अन्तिम प्रतिवेदन लेखन तथा निर्माण गर्ने कार्य सम्पन्न गरिएको छ ।

१.१० वस्तुगत विवरणका सीमाः

नगरको वस्तुगत विवरण तयारीका लागि समग्र ढाँचा तयार गर्ने क्रममा विभिन्न विषयगत क्षेत्रहरुको सैद्धान्तिक रुपमा अध्ययन गरिएता पनि कतिपय क्षेत्रहरुको वास्तविक रुपमा परीक्षण हुन नसकेको कारणले गर्दा प्रस्तुत तथ्यांकमा समय सापेक्ष सुधार गर्नुपर्ने हुन सक्छ । त्यस्तै नगरको भौगोलिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, प्राकृतिक आदि विविधतालाई समेट्ने क्रममा कुनै पक्षहरू छुटेको वा थोरै मात्रामा मात्र समावेश भएको हुन सक्छ ।

साधन, स्रोत, समय, लागत तथा सूचनाको उपलब्धता आदि कुराहरूको सिमितताका कारणले गर्दा अध्ययनले चाहेजति क्षेत्र समेट्न नसकी केही सिमामा बाँधिएको महशुस हुन जान्छ । यथापि प्राविधिक कठिनाईका बावजुद निर्धारित उद्देश्यका आधारमा बढी भन्दा बढी वडागत तथ्यांक सहित सम्बन्धित सन्दर्भहरूको व्याख्या एवं यथार्थ विवेचना गर्ने प्रयास गरिएको छ ।

परिच्छेद-२

२. नगरपालिकाको चिनारी

२.१ भौगोलिक अवस्थिति



नेपालको मानचित्रमा २७°३३'४८" देखि २७°४६ २६" उत्तरी अक्षांससम्म र ८६°११'१९" देखि ८६°२५'५०" पूर्वी देशान्तरसम्म फैलिएर रहेको जिरी नगरपालिका बागमती प्रदेश अन्तर्गत दोलखा जिल्लाको साविकको श्यामा, माली, ठूलोपातल र जिरी गा.वि.स. मिलेर बनेको नगरपालिका हो। समुद्र सतहबाट १६४९ मिटरदेखि ५३४१ मिटरसम्मको उचाइमा अवस्थित रहेको यस नगरपालिकाले कुल २११.२५ वर्ग किलो मिटर क्षेत्रफल ओगटेको छ। नगरपालिकाको पूर्वमा रामेछाप जिल्लाको उमाकुण्ड र गोकुलगँगा गाउँपालिका पश्चिममा बैतेश्वर र गौरीशंकर गाउँपालिका, उत्तरमा गौरीशंकर गाउँपालिका र दक्षिणमा तामाकोशी गाउँपालिका रहेका छन्।

२.२ नगरको चिनारी

जिरी नगर नेपालको ज्युरिचको रुपमा चिनिन्छ। स्वीट्जरल्याण्डको ज्युरिचसँग तुलनागरी जिरीलाई नेपालको स्वीजरल्याण्ड उपाधि दिएको छ। यस जिरी नगरपालिका एक पर्यटकीय र व्यापारिक केन्द्रको रुपमा परिचित चारैतिर हरियाली, सुन्दर झरना तथा ग्रामीण परिवेशले सजिएको पर्यटकीय नगरीको रुपमा सुपरिचित छ। पहिले हवाई यातायातको सुविधा नहुँदा, पर्यटकहरू सगरमाथाको लागि यस स्थानबाट जाने भएकोले यसलाई सगरमाथाको प्रवेशद्वार पनि भनिथ्यो।

दोलखा जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरु मध्ये धेरै सम्भावना बोकेको नगरपालिकाको रुपमा जिरी नगरपालिका रहेको छ। यसका अतिरीक्त सचेत राजनैतिक दल र उत्प्रेरित नगरवासी समेत यो नगरपालिकाका दिगो विकासको श्रोतका

रुपमा रहेका छन् । २०७८ को जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या १६,१०९ रहेको छ जसमध्ये महिलाको जनसंख्या ८,३०० (५१.५२ प्रतिशत) र पुरुषको जनसंख्या ७८०९ (४८.४८ प्रतिशत) रहेको छ । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी क्षेत्री ४,५३४ जना (२८.१४%), दोस्रोमा जिरेल ३,५६२ (२२.११%) र तेस्रोमा शेर्पा ३,०४१ (१८.८८%) रहेका छन् त्यस्तै सबै भन्दा कम ११ जना तराई-ब्राह्मणहरुको बसोबास रहेको छ । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरुमा साना व्यापार व्यवसाय, साना उद्योग, सेवामूलक व्यवसाय, नोकरी हुन्। यसको साथै वैदेशिक रोजगारी प्रमुख गन्तव्य बन्दै गईरहेको छ। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमशः आधुनिक कृषि प्रणाली र जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । नगरमा आधारभूत देखि उच्च शिक्षासम्म अध्यापन हुने सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरु रहेका छन्। जिरी नगरपालिकामा रहेको प्राविधिक शिक्षालय शैक्षिक क्षेत्रको आकर्षणको केन्द्र बिन्दु हो । अध्ययनका लागि यस नगरपालिकाका स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका / नगरपालिका समेत आउने गरेका छन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशैं, तिहार, ल्होसार, रामनवमी, होलि, शिवरात्री, कृष्णजन्माष्टमी, रक्षा बन्धन, छठपर्व, विवाह पञ्चमी आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ।

२.३ नगरपालिकाको स्थापना

नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णय अनुसार मिति २०७१ साल मंसिर १६ गते देहाय बमोजिमका साविकका गा.वि.स. हरु समेटेर ११ वडाहरु सहितको जिरी नगरपालिका घोषणा भएको थियो । जसको संरचना देहाय बमोजिम रहेको छ।

तालिका : १ पहिलो पटक नगरपालिका घोषणा भएको बेलाको वडा संरचना

स्रोत : जिरी नगर कार्यपालिकाको कार्यालय, २०८०

जिल्ला	नगरपालिकाको नाम	वडा संख्या	नगरपालिकाको केन्द्र	साविकको गा.वि.स.	वडा विभाजन साविक गा.बि.स. वडाहरू	नगरपालिकामा कायम हुने वडा
दोलखा	जिरी	११	साविकको जिरी गा.वि.स.को कार्यालय	माली	माली-१,२,३	१
					माली-४,५,६	२
					माली-७,८,९	३
				जिरी	जिरी-५,६	४
					जिरी-७	५
					जिरी-८,९	६
					जिरी-१,२,३	७
					जिरी-४	८
				ठूलोपतल	ठूलोपातल-५	
					ठूलोपातल-३,४	९
					ठूलोपातल-१,२,९	१०
					ठूलोपातल-६,७,८	११

माथिको तालिकामा २०७१/०९/२८ गते भएको घोषणा अनुसार जिरी नगरपालिकाको संरचाना रहेको तत्पश्चात फेरि राज्यको पुनसंरचना सँगै नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकको जिरी नगरपालिका र श्यामा गा. वि. स. गाभेर जम्मा ९ वडाहरु कायम गरी जिरी नगरपालिका घोषणा गरिएको हो। जसलाई २०७३।११।२७ मा राजपत्रमा प्रकाशित गरिएको थियो। जसको वडागत संरचना तालिकामा उल्लेख गरिएको छः-

तालिका नं २ : जिरी नगरपालिकाको नयाँ वडा संरचना।

साविकका गा.वि.स.	साविकको वडा	हाल कायम वडा
श्यामा	१-६	१
श्यामा	७-९	२
जिरी	१	
जिरी	२–३	३
जिरी	४	४
जिरी	५	५
जिरी	६	६
जिरी	७	७
जिरी	८–९	८
जिरी	१०–११	९

स्रोत : जिरी नगर कार्यपालिकाको कार्यालय, २०८०



२.४ मतदान / नगरपालिकामा रहेको मतदाता र मतदान केन्द्र

प्रजातान्त्रिक प्रणालीमा मतदानको अधिकारलाई लोकतान्त्रिक व्यवस्थामा सबैभन्दा ठूलो अधिकारको रुपमा मानिन्छ। त्यसै क्रममा यस जिरी नगरपालिकामा भित्र विभाजित वडाहरूमा १० मतदान केन्द्रहरू रहेका छन्। जिरी नगरपालिकामा स्थानीय तह निर्वाचन, २०७४ (२०७३ साल फागुन ९ सम्म सम्म १८ वर्ष उमेर पुरा भएका) र हालको स्थानीय तह निर्वाचन, २०७९ (२०८० वैशाख ९ गते सम्म १८ वर्ष उमेर पुरा भएका) को अन्तिम मतदाता संख्याको विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ३: नगरपालिकाको मतदाता विवरण

क्र स	वडा नं.	मतदान केन्द्र	२०७४ मतदाता संख्या			२०८० मतदाता संख्या		
			पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
१	१	गर्जाङढुङ्गा मा.वि., पुम्पा	५३१	५४१	१०७२	६४३	८४२	१४८५
२	२	सेतीदेवि प्रा.वि. श्यामाडाँडा	६७१	६७१	१३४२	८४६	८१५	१६६१
३	३	सूर्योदय प्रा.वि. आहालडाँडा	४४०	४३१	८७१	५२८	५०४	१०३२
४		हलेश्वर प्रा.वि., माली	३३३	३६८	७०१	४०१	४११	८१२
५	४	४ नं. वडा कार्यालय भवन, कुने	५२३	५५७	१०८०	६४६	६५१	१२९७
६	५	ढुङ्गेश्वरी मा.वि., लिङ्कनबजार	३९०	३९८	७८८	४९४	५३५	१०२९
७	६	जिरी मा.वि., मानेडाँडा	५९९	६७९	१२७८	७२५	८११	१५३६
८	७	माथिल्लो सिक्री पा.वि. सुन्ट्याग	६५६	६३०	१२८६	८६५	८४३	१७०८
९	८	धनमाले आ.वि., धनमाले	६७०	७५३	१४२३	८७८	८९६	१७७४
१०	९	कालिका मा.वि., चिपचिपे	६२३	६९०	१३१३	७८६	७८५	१५७१
जम्मा			**५४३६**	**५७१८**	**१११५४**	**६८१२**	**७०९३**	**१३९०५**

स्रोत : जिरी नगर कार्यपालिकाको कार्यालय, २०८०

माथिको चित्रमा देखाइएको नगरपालिका भित्र रहेका मतदाता संख्या २०७३ फाल्गुन ९ गते सम्म १८ वर्ष पुरा भएका ११,१५४ जना रहेका थिए तत् पश्चायत २०८० वैशाख ९ गते सम्म १८ वर्ष उमेर पुरा भएका कुल संख्या १३९०५ रहेको छ।

२.५ धरातलीय अवस्था

जिरी नगरपालिका हालको नयाँ संरचना अनुसार वागमती प्रदेश अन्तरर्गत रहेको हिमाली जिल्ला दोलखामा पर्दछ। नगरपालिका समुद्री सतहबाट १६४९ मिटरदेखि ५३४१ मिटरसम्मको मिटर सम्मको उँचाईमा अवस्थित रहेको छ। भौगोलिक बनावटको दृष्टिकोणले यस जिल्लालाई सामान्यतया चार भागमा वर्गीकरण गर्न सकिन्छः

(क) पहाडी खण्ड

यो जिरी नगरपालिका को साधारणतया १६४९ देखि २५०० मी. सम्मको भूभाग लाई पहाडी खण्ड को रुपमा लिन सकिन्छ। यो भाग नगरपालिकाको सबैभन्दा तल्लो भाग हो। यहा बजार क्षेत्र तथा ग्रामीण बस्तीहरु पर्दछन्, यस क्षेत्रमा केही मात्रामा खेतिपाती हुने गर्दछ। यो क्षेत्र पशुपालन तथा जडिबुटी उत्पादनको लागि उपयुक्त रहेको छ।

ख) उच्च पहाडी खण्ड

यसलाई भने समुद्र सतहदेखि २५०० मिटर देखि ३५०० मिटर सम्मका भागहरू पर्दछन्। यस अन्तरगत मानिसहरूको बस्ती अत्यन्तै कम तर वनजङ्गलहरू अधिक भएको स्थान अन्तरगत पर्दछ। यस क्षेत्रमा धेरै चिसो तथा हिउँद महिनामा हिउँ समेत पर्दछ। तसर्थ यस क्षेत्र अत्यन्तै चिसो क्षेत्र पनि हुन। जसमा पर्यटकीय क्षेत्रहरू समेत रहेका छन्। चेर्दुङ यस क्षेत्र भित्र पर्ने एक पर्यटकीय क्षेत्र समेत हो।

(ग) लेकाली खण्ड

यो खण्ड ३५०० मी. देखी ४५०० मी. सम्मको भूभाग हो जहाँ बाह्रै महिना चिसो रहन्छ। यस भूभागमा हिउँदमा हिमपात समेत हुने गर्दछ तसर्थ वर्षा याममा मात्र चौरी गोठहरु सार्ने गरिन्छ। वर्षामा समेत अधिकांश कुहिरो लाग्ने हुँदा जिवन कष्टकर हुन्छ तसर्थ यस खण्डमा मानव वस्ती रहेको छैन।

(घ) हिमाली खण्ड

समुद्र सतहबाट ४५०० मी. भन्दा माथि ५३४१ मी. सम्मको भु-भागलाई हिमाली खण्डको रुपमा लिन सकिन्छ। यो भेग अत्यन्त विषम हिउँ पर्ने क्षेत्र हो। यहाँ मानव वस्ती तथा अन्य कुनै मानविय गतिविधि हुँदैन। हिउँदमा पूर्ण रुपमा हिउँ पर्दछ भने यस खण्डको तल्लो भागमा गर्मीयाममा हिउँ पग्लने र अत्यन्त कम मात्रामा वनस्पतिहरु विशेष गरी लेउ र झ्याउहरु पाइन्छ।

२.५.१ भू-क्षेत्रको बर्गीकरण (भिरालोपन)

जिरी नगरपालिकाको भूमिलाई भू-बनौट, प्रणाली तथा भू-स्खलन जस्ता प्रबृत्तिका आधारमा अध्ययन गर्दा भूमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading)क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भू-वनोट अनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical Characteristics) का आधारमा माटोको अवस्था र भिरालोपन आँकलन गरिएको छ। जिरी नगरपालिकामा भूमिलाई भू-बनोट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलन जस्ता तत्वका आधारमा अध्ययन गरी भूमिको वर्गीकरणलाई हेर्दा नगरपालिकाको जमिनमा ११.३ डिग्री देखि ५०.०८ डिग्री सम्मको भिरालोपन देखिन्छ। यसलाई तल चित्रमा उल्लेख गरिएको छ।

क) Slope 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।

यस वर्गको जमिनमा पराम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाइ सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ। संभावना रहदा रहदै पनि धान खेती गर्न तर्फ किसानहरुको खासै चासो रहेको पाइदैन।



ख) Slope 5°-30°-माटोको गहिराई ५०-१०० से. मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मि. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ।

यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतीका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउन सक्दछ।

यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिलेदेखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ। अलिकति पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ। आधुनिक एवं उन्नत प्रविधिको उपयोग गरी यस्तो भूमिको परिचालन गर्न सके ठूलो प्रतिफल प्राप्त हुने देखिन्छ।

ग) Slope = 30° – 40° माटोको गहिराई २० से. मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त।

माटोको पत्र २० से.मि. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १

मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जमिन कृषि कार्यमा भन्दा वन, वनस्पति र जडिबुटीका लागि उपयुक्त देखिन्छ।

२.५.२ हावापानी

जलवायुको हिसाबले यस नगरपालिकामा उष्ण तथा समशितोष्ण प्रकारको हावापानी रहेको छ। प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन। चैत्र महिनादेखि आश्विनको सुरुसम्म हल्का न्यानो हुन्छ। आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ। जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ। गर्मीयाममा यहाँको तापक्रम औषत अधिकतम ३२.४ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा न्युनतम १.० डिग्री सेल्सियस वा वेला वेलामा सो भन्दा कम समेत हुने गर्दछ।

२.६ नगरपालिकामा रहेको सम्भाव्यता र अवसर

यस नगर क्षेत्रभित्र धेरै नै पर्टकीय, कृषि उत्पादन क्षेत्र, शैक्षिक क्षेत्र, वनजङ्गल क्षेत्रमा भएका सम्भाव्य तथा अवसरको बारेमा छोटो जानकारी निम्नानुसार उल्लेख गर्न सकिन्छ।

क) पर्यटकीय क्षेत्र

नगरपालिकाले लिएको Clean Jiri, Green Jiri, Organic Jiri को नारालाई सार्थक बनाउनको लागि पर्यटकको आगमनलाई अझ आकर्षक बनाउनको लागि विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन भइरहेको छन् भने केही सम्पन्न समेत भएका छन्। जिरी नगरपालिकामा पर्यटकीय क्षेत्रलाई व्यवस्थित तथा नगरबाँसीहरूको आयमा टेवा पुग्ने गरी निर्माण हुन लागि रहेको जिरी ताल पनि एक हो। जसले जिरी नगरपालिको समग्र पर्यटन विकासलाई महत्वपूर्ण टेवा पुग्नेछ।

जिरी नगरपालिका भित्र रहेका विभिन्न पार्कहरु नगरपालिका आउने पर्यटकलाई घुम्नको लागि आकर्षित गर्ने स्थानमा पर्दछन्। रहेका छन्। थोरै हिडेर रमाइलो गर्दै जाने पार्क तथा स्थलहरू गुँरास पार्क, ठूलोनागी, हनुमन्ते, चेर्दुङ्ग आदि रहेका छन्। परिवर्तित ऋतु सँगसँगै यी स्थानहरूको आकर्षण र महत्वमा पनि थप शौदर्यता थपिने गर्दछ। यसले आन्तरिक तथा वाह्य पर्यटकलाई समेत आकर्षकणको केन्द्रको रुपमा मान्न सकिन्छ। बैशाख, जेठमा ठकमक्कै हुने गुँरास पार्क, हिउँदमा हिउ खेल्न सकिने ठुलोनागी, हनुमन्ते तथा सोहि स्थानहरूबाट अन्य समयमा दोलखा जिल्लाको अधिकांश स्थानहरू देख्न सकिन्छ भने गौरिशंकर हिमाल स्पष्ट रुपमा अवलोकन गर्न सकिन्छ। जिरी नगरपालिका भित्र धेरै स्थानहरूमा पार्क समेत रहेका छन्। जस अन्तरगत पर्ने स्टोन पार्क सहजै पुग्न सकिने जिरी नगरपालिकाको गौरव तथा पर्यटकीय स्थान हो।

यसरी नगरपालिकाको समग्र पर्यटकीय स्थानहरूलाई समेटी समयअनुसार एक-एक प्याकेज कार्यक्रम ल्याई नगरपालिका भित्रको विभिन्न स्थानहरूमा आन्तरिक तथा वाह्य पर्यटकलाई घुमाई मनोरञ्जन दिन सकियो भने नगर क्षेत्रभित्रको पर्यटकीय स्थलहरूको चर्चा पनि हुने र यसरी घुमाउँदा नगरबाँसीहरूको आम्दानी समेत हुनेछ।

ख) कृषि उत्पादन

नगरपालिकाको कृषि उत्पादनको लागि नगरपालिका भित्र रहेको क्षेत्रहरूको पहिचान गरी समय अनुसार उत्पादन हुने र उत्पादन पश्चात बजारको समेत उचित ब्यवस्था हुने गरी बजारीकरण गर्न सकिने हो भने नगरबासीको आम्दानीमा ठूलो टेवा पुग्ने देखिन्छ। यसरी नगरपालिमा भित्र किवी, आलु भने प्रमुख बालीको रुपमा उत्पादन हुने र यसलाई बेच्नको लागि समेत राम्रो बजार हरेको हुँदा किसानहरू यस प्रति धेरै नै आकर्षिक रहेको पाइन्छ। यस सम्बन्धी विस्तृत जानकारी कृषि सम्बन्धी जानकारीमा समेत समेटिएको छ।

यसरी कृषि क्षेत्रमा आवश्यक जनशक्ति उत्पादन गर्ने शैक्षिक केन्द्रहरू समेत रहेका छन्। यसबाट नगरपालिका भित्र प्राविधिक तथा शैक्षिक जानकारी कृषहरूलाई दिनको लागि अझ सजिलो र सहज हुनेछ। प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

ग) शैक्षिक क्षेत्र

नगरक्षेत्र भित्र गौरवको रूपमा रहेका शैक्षिक क्षेत्रहरु छन् । त्रिभुवन विश्व विद्यालय अन्तर्गत स्नातक तहसम्मको अध्ययनका लागि क्याम्पस र वौद्ध दर्शन, साहित्य तर्फ बुद्धिष्ट कलेज लगाएत आधारभूत तथा माध्यमिक शिक्षा प्रदान गर्ने धेरै विद्यालयहरू जिरीमा छन् । त्यसैगरी नेपाल सरकार र चीन सरकारबीचको समझदारीमा निर्माणाधिन जिरी माध्यामिक विद्यालय पनि एक गौरवको शैक्षिक संस्था हो । जिरी प्राविधिक शिक्षालय जिल्ला भरीको नै सबैभन्दा पुरानो प्राविधिक शिक्षालय समेत हो । यस शैक्षिक संस्थाबाट पास आउट अधिकांश विद्यार्थीहरूले ब्यक्तिगत, सामाजिक र आर्थिक रुपमा राम्रो विकास समेत गरेका छन् । भूकम्प पछिको पुनःनिर्माणबाट शैक्षिक जगतका ठूला पूर्वाधारहरू जिरीमा निर्माण भएको र स्थानीय सरकार समेत त्यसको उपयोगका लागि सक्रिय रहेको हुँदा यस क्षेत्रको शिक्षाको भविष्य उज्वल छ ।

घ) वनजङ्गल क्षेत्र

नगरपालिकाको अधिकांश क्षेत्रहरू हरियाली रहेको छन्। नगरपालिका भित्र भएका विविध वनजङ्गल क्षेत्रमा पाइने काठ, दाउरा, जडिबुटी तथा अन्य वनजङ्गल सम्बन्धी अध्ययन गरी आय आर्जनको लागि उपयुक्त माध्यम समेत बनाउन सकिन्छ। नगरपालिका भित्र रहेका काठलाई ब्यवस्थित रुपमा उत्पादन गरी त्यसलाई हामीले सहज ढङ्गबाट उपयोग हुने स्थानहरूमा पुर्‍याई आर्थिक रुपमा आम्दानी गर्न सकिन्छ । नगरपालिकाको अधिकांश क्षेत्रहरू वनजङ्गलले ओगटेको छ। यसैले यसलाई भरपुर रुपमा प्रचलित कानून बमोजिम उपयोग गर्ने हो भने नगरवासीले राम्रो आम्दानी समेत गर्न सक्नेछन्। यसको लागि जडिबुटि उत्पादनलाई विशेष जोड दिन सकिन्छ। विद्यमान वनको संरचनालाई आधुनिकीकरण गरी बैज्ञानिक उपयोग गर्न सकेमा जिरीको आर्थिक र सामाजिक विकासमा ठुलो योगदान पुग्ने देखिन्छ।

ङ) अन्य

जिरी नगरपालिका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु पर्याप्त भएको र थप केही अन्य ठाउँहरूमा पोखरी निर्माण गरी वैज्ञानिक ढङ्गले माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ। साथै चिसो क्षेत्रमा उपयूक्त ट्राउट जातका माछाको उत्पादनका लागि यहाँका खोला र पोखरीहरू उपयुक्त हुने देखिन्छ।

नगरपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

विभिन्न प्राकृतिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु जस्तै चेर्दुङ डाँडा, लौती झरना, हलेसी महादेव मन्दिर, याक ग्यालरी, याक चिज उत्पादन केन्द्र, रैथाने जिरेल वस्ती रहेको यो नगरपालिकाका गहनाको रुपमा विभिन्न पर्यटकीय आकर्षणका स्थलहरु पदर्छन्। यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

जिरी नगरपालिका तथा देशमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस

नगरपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकिकृतरुपले देशमै रोजगारी श्रृजना गर्ने व्यवस्था भएमा नगरपालिको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुयाउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त जिरी नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- नगरपालिका क्षेत्र भित्र रहेका पानीका श्रोतहरुबाट कुलो निर्माण गरी व्यावसायीक रुपमा खेती गर्न सके कृषि उत्पादनमा वृद्धि हुन सक्छ।
- स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र नगरपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ।
- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले ब्यवसायिक कृषी उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ।
- कृषि, पशुधन तथा स्थानिय श्रोतहरुमा आधारित उद्योगको विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ।
- यस क्षेत्रमा माथि उल्लेखित विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले नगरपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ।
- नगरपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा क्रमश ग्रामीण उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ।
- आलु र किवि उत्पादन, भण्डारण, प्रोसेसिङ बजारीकरण लगायतका क्षेत्रमा थप कार्य गर्दा किसानको आर्थिक अवस्थामा सहजै सुधार आउने देखिन्छ।

२.६.१ नगरपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु

यस जिरी नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ।

अवसर तथा सम्भावनाहरु

- जलस्रोत र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको उपलब्धता देखिन्छ।
- शिक्षित मानविय श्रोतमा क्रमश वृद्धि हुँदै गएको देखिन्छ।
- युवा जनसमुदायको बाहुल्यता देखिन्छ।
- राष्ट्रिय राजमार्ग प्रणालीसंग आवद्ध भएको छ।
- शिक्षा केन्द्रहरुको शैक्षिक विकास गर्न सक्ने।
- धार्मिक, ऐतिहासिक साथै प्राकृतिक महत्व रहेको यस क्षेत्रमा पर्यटन क्षेत्रको विकासको संभावना रहेको छ।
- जिरी क्षेत्रको गौरवमय इतिहासबाट प्राप्त प्रेरणा।
- जिरेल, शेर्पा आदि जातिको विशिष्ट पहिचान, मौलिक भेषभुषा र संस्कृति।

समस्या तथा चुनौतीहरु

- नगरपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना पर्याप्त नहुनु
- नगरपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु
- आयश्रोतको कमिले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु
- सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरुको समन्वयको अभाव
- योजनावद्ध बस्ती विकासको अभाव
- वातावरण संरक्षण र फोहोर व्यवस्थापनका ठोस योजनाको अभाव

२.७ जिरीको छोटो चिनारी

जिरी

वर्तमान नेपालको नक्सामा हेर्दा बागमती प्रदेशको हिमाली जिल्ला दोलखाको पूर्वी भागमा अवस्थित जिरी नगरपालिकाको करिब बीच भागमा पर्ने सानो उपत्यकाको नाम हो "जिरी"। यही नाम बाट जिरी गाउँ पञ्चायत भएको थियो, फेरि जिरी गाउँ विकास समिति भयो र अहिले जिरी नगरपालिका भएको छ। जिरी सम्म सडक मार्ग पुगेपछि जिरी सानो व्यापारिक केन्द्र बनेको थियो। सगरमाथा चढ्नेहरु सडक मार्ग बाट आएर जिरीमा बास बसेर पैदल यात्रा सुरु गर्ने भएकाले जिरीलाई सगरमाथाको प्रवेशद्वार भनेर पनि चिनियो। यो ठाउँमा स्वच्छ र शितल हावापानी, सुन्दर हरियाली, शान्त वातावरण, सहज यातायातको पहुँच, बिद्युत, सञ्चार, स्वास्थ्य सेवा, सुरक्षा, बास जस्ता आधारभुत कुराहरुको उपलब्धता भएकोले छोटो अवधिको आन्तरिक पर्यटकीय गन्तव्य बनेको छ। त्यसैले जिरीलाई पर्यटकीय नगरी पनि भन्ने गरिएको छ।



इन्द्र बहादुर खडका

भूगोल होस् वा जनसंख्या, व्यक्ति होस वा समाज, संस्कार होस् वा संस्कृति, धर्म होस वा रीतिरिवाज समयको अन्तरालमा परिवर्तन भइरहन्छ। यो सनातन देखि चल्दै आएको सर्वव्यापी सत्यता नै हो। यो प्रकृयालाई दार्शनिक अर्थात सैद्धान्तिक भाषामा अस्थीरता, अनित्यता अथवा विकासवाद आदि भन्ने गरिन्छ। कतिपय अवस्थामा विखण्डन हुने, समायोजन हुने, बिनास हुने, निर्माण हुने क्रम पनि चलिरहन्छ। "जिरी" पनि यही क्रम बाट चलिरहेको छ। "जिरी" ठाउँ विशेषलाई चिनाउने भौगोलिक नाम हो। प्रारम्भिक नामाकरण कोही कसै बाट हुने गर्दछ। जिरी नामाकरण गर्ने पनि कोही थिए र त हामी जिरी भनेर ठाउँ विशेषको परिचय दिन्छौं। बिगतमा भए गरेका कार्य वा घटनाहरुको तथ्य प्रमाणका आधारमा पुष्टि भयो भने इतिहास हुन्छ। केवल अनुमान वा कल्पनाका आधारमा भनिएका कुराहरु किम्बदन्ति मात्र हुन्छन्। जिरी नामाकरण कहिले, कसले भन्ने कुरा थाहा नभए पनि जिरी किन भनियो भन्ने विषयमा पूर्व शिक्षकहरु टेक बहादुर जिरेल र सुमन कृष्ण जिरेलले एउटा तर्क प्रस्तुत गर्नु भएको छ। जिरेल भाषामा "जिग्" भनेको डरलाग्दो, "री" भनेको जङ्गल धेरै पहिला डरलाग्दो जङ्गल भएकोले " जिग्री" भनियो। पछि शब्द अपभ्रंम्स भएर जिरी भनिएको थियो।

"जिरी" भनेर उल्लेख गरिएको महत्वपूर्ण ऐतिहासिक लिखित प्रमाण बिक्रम सम्बत १८५२ मा रण बहादुर शाहको पालामा नैधन्या मिजारको नाममा जारि गरिएको रुक्कापत्रले पुष्टि गर्दछ। जसको बेहोरा छः

रुक्का पत्रमा लेखिएको बेहोरा

"स्वस्तिश्रीमन्महाराजधिराजकस्य रुक्का आगे नैधन्या मिजारको जिरी किपटको साँध पूर्व हाडिखोला सोलुको साँध दक्षिण पूरानागाउँ सुनुवारको साध पश्चिम यार्साखोला क्षेत्रपालीसगको साध उत्तर चेर्दुङकोडिल सोलुसँगको साध यी चारकिल्ला भित्रको जीमी परापूर्व काल देखि तेरा किपट रहेछ पर्जाका बेचता हाम्रो जिमी बिकतैन आज पनि तेरा किपट तैलाई थामीबक्स्यौं आपनाखातिर्जामा किपट जानिभोग गर्नु गोठको टहलमा रुजु रहनु इति सम्बत १८५२ साल बैशाख १७ गते रोज शुभम्।"

करिब २२८ वर्ष पहिलाको यो सरकारी आदेशले जिरीको भूगोल कहासम्म रहेछ र जिरी कसको किपट रहेछ भन्ने जानकारी दिएको छ।

यो ऐतिहासिक रुक्का पत्रको फोटो प्रति दोश्रो पन्नामा प्रस्तुत छ :

रुक्का पत्रको फोटो प्रति



श्रोत : Jirel Suman krishna, The Jirels of Nepal, 1992, page 7

जिरेल

जिरीमा आज विभिन्न जातजातिको बसोबास रहेको पाइन्छ। तर सुरुआतमा जिरीमा बसोबास गर्ने जिरेल नै थिए भन्ने कुराको पुष्टि गर्ने धेरै आधारहरु छन्। त्यसैले जिरेलहरुलाई जिरीका आदिवासी भन्ने गरिन्छ। जिरी र जिरेलको बीच शाब्दिक सम्बन्ध रहेकोले जिरीको भ्रमणमा आउने कतिपय जिज्ञासुहरुले जिरी र जिरेलको बारेमा प्रश्नहरु सोध्ने र बुझ्ने गरेको पाइन्छ। व्यक्तिपिच्छे उत्तर फरक फरक हुने हुँदा जिज्ञासुहरु अलमलमा पर्ने गरेको पनि बुझियो। यो छोटो लेखमा यसबारे थोरै तर्क र तथ्यहरुलाई पाठक समक्ष राखि दिँदा जिज्ञासुहरुले आफैं उत्तर खोज्न पनि सक्नुहोला भन्ने ठानेर संक्षेपमा सान्दर्भिक बुँदाहरु उल्लेख गरिएको छ।

- प्रथम त जातिको नाम नै जिरेल भएकोले स्वतः जिरीका आदिवासी भन्ने प्रमाणित हुन्छ।
- आज भन्दा ४० वर्ष पहिला सम्म जिरीको समथर र उर्बर ठाउँमा जिरेलहरुको बाक्लै बस्ती रहेको थियो भने बाहिरी भागमा अन्य जातिहरुको बसोबास थियो। पहिला बस्नेले रोजी र पछि बस्नेले खोजी ठाउँ पाउने भन्ने किस्सा अनुसार जिरेलहरु नै जिरीका पहिलो बासिन्दा मान्न सकिन्छ।
- जिरीमा जिरी बहुमुखी विकास योजना सञ्चालन र लामोसाँगु जिरी सडक बन्नु भन्दा पहिला सम्म अरु जाति भन्दा जिरेलहरुकै जनसंख्या बढी भएकाले पनि जिरी जिरेलहरुको आदि थलो मानिन्छ।
- अर्को महत्वपूर्ण तथ्य माथि नैधऱ्या मिजारको नाममा प्रस्तुत गरिएको ऐतिहासिक सरकारी रुक्कापत्रले जनाउँछ नैधऱ्या मिजार को थिए भन्ने सवालमा उनी जिरी रातमाटेका चतुर्मान मिजार, जिरी घुन्साका कर्णबीर, ध्वजुबीर मिजार आदिका पूर्खा थिए। यिनीहरु सेर्बा थर भएका जिरेल थिए र रैतिसँग जग्गा, खर्क को तिरो उठाउँर सरकारलाई बुझाउने तालुकदार थिए। ती तालुकदारलाई नै मिजार भनिन्थ्यो। मिजार कुनै जात, थर नभएर पदवी थियो। जिरी पहिला देखि नैधारेका पूर्खाको किपट थियो र शाह कालमा साना राज्यहरु एकीकरण र बिस्तार हुँदा किपटको अधिकार खोसिएको थियो भन्ने बुझिन्छ। बहादुर शाहको पालामा किपटको अधिकार पुनः पाएका थिए। त्योबेला देखि नै जिरीमा सरकारी खर्क र सरकारी गोठ थियो भन्ने बुझिन्छ किनकि आदेशपत्रमा गोठको टहल अर्थात रेखदेख गर्नु भन्ने उल्लेख थियो।

जिरेल को हुन ?

जिरेलहरु जिरीका पहिले देखि बसोबास गर्दै आएका आदिवासी जनजाती भएको आधार हुँदाहुँदै पनि विभिन्न लेखक, शोधकर्ता, आदिले जिरेलहरुको पूर्खाको बारेमा मत मतान्तरहरु प्रस्तुत गरेका छन्। संक्षेपमा केही बुँदाहरु उल्लेख गरिन्छः

"जिरीमा प्राचीन काल देखि बसोबास गर्दै आएका मंगोल समुदायको नाम नै जिरेल हो" -जिरेल टहल बहादुर ,जिरेलको ऐतिहासिक चिनारी, (२०६४), पृष्ठ २।

" रस्नालुको एक जना सुनुवार केटा र जिरी ढुङ्गेकी शेर्पेनी केटीको सहबास बाट जन्मेको छोराको न्वारान लामाले गर्यो र नैधेरे नाम राखिदियो त्यही नैधरेका सन्तान जिरेल हुन", - मेचि देखि महाकाली भाग २ (सन १९७४)

"जिरेल शेर्पा र सुनुवारको बर्णशंकर सन्तान हुन" - बिष्ट डोर बहादुर, द पिपुल्स अफ नेपाल, (सन १९८०)

सुमन कृष्ण जिरेलको पुस्तक The Jirels of Nepal (1992), page (15-16) मा बि.बि. सुनुवार र टि. आर. सुनुवारले लेखेको सुनुवारको वंशावलीलाई श्रोत मानेर निम्न कथनका आधारमा जिरेलको पूर्खा पहिल्याइएको छ। किराँतहरु सूर्य वंशी हुन। उनिहरुको आदि थलो मुक्तिक्षेत्र थियो। किराँत राजा सूर्यमण्डपका ५ छोरी थिए। कान्छी छोरी बाट सुन्दरबीर भन्ने नाति जन्मियो, पछि सुन्दरबीरका ५ छोराहरु, लालसिं, सुरसिं, रामसिं, मानसिं र धनसिं भए। हस्तिनापुरका राजाले मुक्तिक्षेत्र कब्जा गरेपछि सिम्रौनगढ तिर भागे, त्यहाँपनि मुसलमानले आक्रमण गरेपछि भादगाउँ आए र भादगाउँका राजाले पूर्वी भागमा बस्ने इजाजत दिए। त्यसपछि लालसिंका सन्तान लासा र महाभारत तर्फ लागे जसलाई हायु भनियो, सुरसिंका सन्तान जिरी र सुरीमा बसे जसलाई जिरेल र सुरेल भनियो। रामसिंका सन्तान सुनुवार भए, मानसिंका सन्तान राई र धनसिंका सन्तान लिम्बु भए।"

"तसर्थ जिरेलहरु सुन्दरबीरलाई आफ्नो पूर्खा मान्दछन् र उनीहरु सुरसिंका खलक हुन (Therefore, Jirel people claim that Sundar Bir is their ancestor and they are the descendants of Surasingh originally.) – Jirel Suman Krishna, The Jirels of Nepal, (1992), page 16.

कुराकानीका सिलसिलामा केही जानकार जिरेलहरुको तर्क छ, जिरेलहरु किराँतका सन्तान पनि होइनन्, सुनुवार र शेर्पाको बर्णशंकर पनि होइनन् किनकि पूर्खाको पहिचानको आधार भाषा संस्कृति पनि हो। जिरेलको भाषा न सुनुवार सग मिल्छ न राई लिम्बु सँग। बरु ६० प्रतिशत शेर्पा र ७५ प्रतिशत तिब्बती भाषा सँग मिल्छ। तसर्थ जिरेल कतै बाट आएका होइनन्, बरु यहाँकै माथिल्लो भाग बाट केही तल्लो भागमा झरेर बसोबास गरेका रैथाने जाती हुनु पर्दछ भन्दछन्।

जिरेलको संख्या

नेपालको जनसंख्या सूचीमा जिरेललाई अल्पसंख्यक, आदिवासी जनजातीमा सुचीकृत गरिएको छ। जिरेलहरुको मूल थलो जिरी भएपनि अन्य ठाउँमा पनि बसोबास रहेको छ। दोलखा जिल्लाकै जुँगु, क्षेत्रपामा पनि बाक्लै बस्ती छ। झ्याँकु, सिन्धुपाल्चोकको ट्याङ्थली, भुवनथली, काठमाण्डु, तराई आदि ठाउँमा समेत बसाईसराईका क्रममा पुगेका छन्। तैपनि अरु ठाउँको भन्दा जिरीमा जिरेलको संख्या बढी नै छ।

विभिन्न जनगणना अनुसार नेपालमा जिरेल जातीको जनसंख्या देहाय बमोजिम पाईएको छः-

साल	२०४८	२०५८	२०६८	२०७८
जिरेलको जनसंख्या	४८८९	५३२६	५७७४	६०६१

२०७८ को राष्ट्रिय जनगणना अनुसार जिरीको जातिगत जनसंख्या			
जातजाति	जनसंख्या		
	जम्मा	पुरुष	महिला
सबै जातजाति	१६१०९	७८०९	८३००

क्षेत्री	४५३४	२१७५	२३५९
ब्राह्मण-पहाडी	३२०	१६०	१६०
मगर	४३	२५	१८
तामाङ	१८५२	८८९	९६३
नेवार	६९६	३४०	३५६
विश्वकर्मा	६७५	३१८	३५७
राई	५०	२३	२७
गुरुङ	६०	२३	३७
परियार	२९७	१४९	१४८
ठकुरी	१३	११	२
सन्यासी/दशनामी	५९	३२	२७
ब्राह्मण-तराई	११	६	५
घर्ती/भुजेल	३८	२०	१८
शेर्पा	३०४१	१५११	१५३०
सुनुवार	७७२	३५९	४१३
जिरेल	३५६२	१७१०	१८५२
अन्य	८६	५८	२८

२०७८ को जिरीको मात्र जातिगत जनसंख्यालाई हेर्दा कुल जनसंख्या १६,१०९ मध्ये जिरेलको मात्र संख्या ३,५६२ हुन आउँछ | जिरेलको कुल संख्याको ५८.७७ प्रतिशत जिरीमा नै बसोबास रहेको देखिन्छ

जिरेलको थर तथा उपथर

क्र स	मुख्य थर	क्र स	उपथर
१	शेर्बा	१	चावैशर्बा
२	जुपुले	२	चाबैठुङ्बा
३	देप्पा	३	जुपुदे
४	मयोक्पा	४	उर्बिदो
५	देबलिङ्गा	५	चाबैथाबो
६	ठुङ्बा	६	क्याम्बोले
७	च्याबा	७	गर्चिंगा वा गर्जङ्गा
८	थाबो	८	तुम्पुले
९	गरासम्बा	९	नेवारे
१०	थुर्विदो	१०	रारेञ्जे
११	छुङ्पाते	११	तुङगुले
१२	पाल्पाली		

श्रोतः Jirel Suman Krishna, The Jirels of Nepal, (1992), page 2

जिरेलहरुको संख्या थोरै भएपनि १२ वटा मुख्य थर र ११ वटा उपथर भएको देखिन्छ । यो भन्दा पछिका लेखक एवं संकलकहरुले अन्य थरहरु पनि थपेका छन्, जस्तै : कुम्पचा, जैशी, लकाई, मुलाचा आदि । उपथरहरु हुनुमा जिरेल र अन्य जात सँगको बर्णशंकर सन्तान भएको भन्ने भनाई छ । टहल बहादुर जिरेलले विभिन्न जिरेल बस्तीमा पुगेर थर अनुसारको संख्या पनि निम्नानुसार प्रस्तुत गरेका थिएः-

जिरेलको थर, उपथर अनुसारको संख्याः

क्र स	मुख्य थर	संख्या	उपथर	संख्या
१	शेर्बा	१२५८	चावैशर्बा	
२	जुपुले	६८९	चाबैठुङ्बा	
३	देप्पा	२४९	जुपुदे	
४	मयोक्पा	२९७	उर्बिदो	
५	देबलिङ्गा	२४७	चाबैथाबो	
६	ठुङ्बा	२३१	क्याम्बोले	
७	च्याबा	२३४	गर्चिगा वा गर्जङ्गा	२०९
८	थाबो	११३	तुम्पुले	
९	गरासम्बा	७९	नेवारे	२००
१०	थुर्विदो	११७	रारेञ्जे	९८
११	छुङ्पाते		तुङगुले	
१२	पाल्पाली	१२२	थर नखुलेको	१५००

श्रोत : जिरेल टहल बहादुर, जिरेलको ऐतिहासिक चिनारी, (२०६४)

उल्लिखित तालिकामा खालि रहेका थर, उपथरहरु थर नखुलेका १५०० जना मध्येका हुन सक्छन । जिरेलहरुमा सबै भन्दा बढी संख्या शेर्बा थर भएकाहरु रहेको देखिन्छ । जिरीको किपट वाला मिजारहरु पनि शेर्बाहरु नै थिए । जिरेल समुदायमा एउटै थर भित्र बिहेबारि चल्दैन । फरक थर भएकाहरुको बिचमा मात्र बिहेबारी चलाउँछन् । धेरै थर उपथर भएपनि सबै समान छन् । जहाँ उच निचको भेदभाव देखिदैन ।

जिरेलको भाषा

जिरेलको आफ्नै मातृभाषा छ । जिरी, जुँगु, क्षेत्रपा आदि ठाउँमा जिरेलहरुको बाक्लो बस्ती छ, उनीहरु आपसमा कुरा गर्दा जिरेल भाषा बोल्दछन् । तर सिन्धुपाल्चोकमा बस्ने जिरेलहरुले जिरेल भाषा बोल्न जान्दैनन् भन्ने कुरा जिरेल टहल बहादुरको "जिरेलको ऐतिहासिक चिनारी (२०६४)" भन्ने पुस्तिकामा लेखिएको छ । स्वभाबैले जातीय अल्पसंख्या हुँदै गएपछि बहुसंख्याको भाषा नै व्यवहारमा बढी प्रयोग हुने हुँदा अल्पसंख्याको भाषा हराउदै जान्छ ।

आजकाल काठमाण्डु एवं तराईमा बस्नेहरुका सन्तानले जिरेल भाषा बोल्नै छाडिसकेका छन् । नेपालमा बोलिने विभिन्न स्थानीय भाषाको अनुसन्धानमा लागेको सस्था " समर इन्स्टिच्युट अफ लिङगुइस्टिक" द्वारा जिरेलको भाषा, संस्कृति सम्बन्धि गरिएको अध्ययन प्रतिवेदन सिनासले प्रकाशन गरेको "Half way to the mountain" नामक पुस्तकमा उल्लेख भए अनुसार जिरेल भाषा, शेर्पा भाषा र तिब्बती मुल भाषा बीच तुलना गर्दा तिब्बती भाषा सँग ६० प्रतिशत र शेर्पा भाषा सँग ५८ प्रतिशत मिलेको भनिएको थियो । सोही पुस्तकमा जिरेल भाषा सिनोतिबेतियन अन्तरगतको तिब्बती करेन समुहमा पर्दछ भनिएको छ ।

जिरेल भाषाको आफ्नो लिपी छैन । समर इन्स्टिच्युट अफ लिङ्गुइस्टिक द्वारा जिरेल भाषामा बाइबल उल्था गरिएको थियो ।

जिरेल भाषामा नै केही गीत, कविता, कथा कहानी पनि प्रकाशन भएको थियो साथै जिरेल भाषाको शब्दकोश पनि प्रकाशन गरेको थियो।

जिरेलहरुको धार्मिक विश्वास

(क) जिरेल समाजमा बोन प्रथा

जिरेलको प्राचीन धार्मिक विश्वास तन्त्रबादमा आधारित बोन धर्म थियो। नेपालको हिमाली क्षेत्रका बासिन्दाहरुमा प्राचीन काल देखि नै बोन प्रथा चलिआएको थियो। यो प्रथा नेपाल तर्फको हिमाली क्षेत्रमा मात्र होइन उत्तरको तिब्बति क्षेत्रमा पनि चलेको थियो। पहाड, वनजङ्गल, नदी तलाउ, ओडार, छहरा आदि ठाउँहरुमा अदृश्य शक्ति रहेको हुन्छ र त्यो शक्ति रिसायो भने मानिस, जीबजन्तु सारालाई दुख दिन्छ र मानिसको मृत्युको कारण पनि त्यही अदृश्य शक्ति हो भन्ने विश्वास थियो। त्यो शक्तिलाई सधै मान मनितो दिएर पूजा प्रार्थना गरेर खुसी पार्नु पर्दछ भन्ने मान्यता थियो। यसैलाई बोन धर्म भनिन्थ्यो। बोन धर्मका पुजारीहरुलाई बोन्पो भनिन्थ्यो। जिरेल समुदायको पनि दुख बिमार भएको बेला मन्छाउन पन्साउन, कुल देवता बुझाउन, जन्म मृत्यु सबै संस्कारहरुमा काम गर्ने विशेष पुजारी हुन्थे जसलाई फोम्बो भनिन्थ्यो। फोम्बो भनेको बोन्पो कै अपभ्रंश शब्द मानिएको छ।

(ख) जिरेल समाजमा हिन्दू बोन मिश्रित अभ्यास

शाह वंशीय शासन कालबाट हिन्दू प्रभाव बढेकोले बोन र हिन्दू मिश्रित अभ्यास हुन थाल्यो। अझ पछिल्लो कालमा नेपाललाई हिन्दू राज्यको रुपमा परिभाषित गरिए पछि स्थानीय अन्य धर्माबलम्बीहरुलाई दबाब परेको थियो। जिरेल टहल बहादुरको "जिरेलको ऐतिहासिक चिनारी (२०६४) पुस्तकमा, "बि.स. १८७१ सालमा जिरेल परम्परा अनुसार मृतकको काजक्रिया (घेवा) गर्दा जुँगुका गर्जसिं झाँक्री (फोम्बो) लाई तत्कलिन प्रशासनले ३ रुपैया जरिबाना गरेको कुरा लेखिएको छ। पछि आंशिक रुपमा हिन्दू परम्परालाई पनि अगालेका थिए। अर्को कारण जिरेलको बसोबास क्षेत्रमा जब हिन्दूहरुको संख्या बढ्दै गयो तब जिरेल समाजमा पनि प्रभाव पयो र हिन्दू देवी देवताको पूजा गर्न थाले, हिन्दू चाडपर्बलाई मनाउन थाले।

(ग) जिरेल समाजमा बौद्ध, हिन्दू, बोन मिश्रित अभ्यास

आज भन्दा करिब १५० वर्ष पहिला देखि जिरेलहरुमा बौद्ध धर्म परम्पराको सुरुआत भएको थियो। जिरीको तल्लो कोटको देवलिङ्गा थर भएका केशर जिरेल एकजना शेर्पा लामाको सहयोगी भएर तिब्बत पुगेछन। उनले तिब्बती गुम्बामा पढ्ने अवसर पनि पाएछन्। पछि घरमा आएर आफ्ना २ जना छोराहरु वाङ्जुले जिरेल र गरे जिरेललाई तिब्बती गुम्बामा पढ्न पठाउँछन्। ती दुवै दाजु भाइले अध्ययन गरेर फर्के पछि जिरीमा जेठालामा र कान्छालामा नामले प्रख्यात भएछन् र जिरी कोटमा नै एउटा गुम्बा स्थापना गरेर जिरेल समाजमा बौद्ध धर्मको सुरुआत गरेछन्। विशेष गरि जिरेल समुदायको मृत्युसंस्कारमा तिब्बती लामा परम्परा अनुसार घेवा गर्ने सुरु भएछ। त्यसपछि जिरेल समुदायले आफुहरुलाई बौद्ध धर्मावलम्बी भन्न थालेको बुझिन्छ। यो कुराको विवरण जिरेल सुमन कृष्णको "The Jirels of Nepal (1992) र जिरेल टहल बहादुरको " जिरेलको ऐतिहासिक चिनारी (२०६४) " पुस्तक बाट लिएको हो। २०७० सालमा म आफैं पनि तल्लो कोटको त्यो पूरानो गुम्बामा पुगेको थिएं। गुम्बाको ढोका बन्द थियो। विशेष पर्बहरुमा त्यो गुम्बाको सामान्य पूजा पाठ गर्दै आएका त्यही टोलका ८१ वर्षीय गोल्फेसिं लामालाई उनकै घरमा भेटेर कुराकानि गर्दा माथि उल्लेखित विवरण साँचो भएको बताएका थिए सबैभन्दा पहिला तिब्बत गएका केशर जिरेल उनी (गोल्फेसिं) भन्दा ५ पुस्ता अगाडिका जिजुबाजे थिए।

वर्तमान समय सम्म आइपुग्दा जिरेल समाजमा बौद्ध, हिन्दू र बोन तीनवटै धर्मको मिश्रित अभ्यास चलाइरहेको छ। कुल पूजा गर्दा, न्वारन, बिबाह आदि सामाजिक संस्कार कार्य फोम्बोले गर्दछन जुन पूरानो बोन परम्परा हो। हिन्दू देवी देवताको स्थान वा मन्दिरमा गएर पूजा प्रणाम गर्ने, बाह्मण द्वारा सत्यनारायणको पूजा लगाउँने, दशैं तिहार मान्ने, टिका लगाउँने गर्दछन। जुन हिन्दू परम्परा हो। मृत्यु संस्कारमा लामा पढाउने, बौद्ध गुम्बा, बौद्ध तीर्थहरुमा गएर पूजा पाठ परिक्रमा गर्नुका साथै आफुहरु बौद्ध धर्मावलम्बी भनेर बताउछन्। यो बौद्ध परम्पराको अभ्यास हो।

अझ एउटा रोचक र अनौठो अभ्यास मृतकको घेवा अपनाउछन्। लामा द्वारा घेवा सुरु हुने अघिल्लो दिन अर्थात पहिलो दिन मृतकको थर भएका पुरुषहरु जसलाई जुठो लाग्नेहरु भनिन्छ, जम्मा हुन्छन्। खोलामा गएर सबैले कपाल खौरन्छन्, नुहाउँछन् र मृतकको कुनै एक जना छोरा क्षेत्री बाहुनको जस्तै छोपो हालेर धोती पहिरिएर, क्रियापुत्री बनेर खोला बाटै लोटामा चोखो पानी बोकेर घरमा आएर कोरा पस्छन्। भोलिपल्ट अपरान्ह सम्म कोही कसैले नछुने गरी कोरामा नै बस्छन्। दाश्रो दिन जब घेवा गर्ने लामा घरको बाहिर आउछन् तब भित्रको क्रियापुत्रीको काम सकिन्छ। यसमा लामाको कुनै पनि भुमिका हुँदैन। यो कपाल काटेर क्रियापुत्री बनेर कोरा बस्ने काम हिन्दू परम्पराको प्रभाव हो। लामा बौद्ध परम्परा अनुसार घेवा सञ्चालन हुन्छ। घेवा समाप्त हुनु भन्दा अगाडि अर्थात घेवाको बीचको अवधिमा जिरेल लामाहरुले सेन्सिङ् (मृतकको वायु) बोलाउँछन्, त्यहाँ रहेका आफन्त वा कोही कसैको शरीरमा सेन्सिङ चढाएर कमाउँछन् र मृतकका कुरा बकाउँछन् अर्थात भन्न लगाउँछन्। यो लामाको प्रथा नभएर बोन्पोको प्रथा हो। यसरी मृतकको काजक्रियामा हिन्दू, बौद्ध र बोन तीनै वटा प्रकृया अपनाएर सम्पन्न गर्दछन।

जिरेल समुदायमा इसाई धर्म परम्पराको अभ्यास

केही दशक पहिले बाट जिरेल समाजमा इसाई धर्मको प्रवेश भएको थियो र कतिपय जिरेलहरु इसाई धर्मावलम्बी पनि बनेका छन्। उनिहरुले सामाजिक संस्कार कर्महरु, चाडपर्बहरु, भजन कीर्तनहरु सबै इसाई परम्परा अनुसार अभ्यास गर्दछन्।

जिरेल समुदायको इष्ट देवता (कुलदेवता) र पूजा विधि

क्र स	जिरेलको थर	इष्टदेवता	पुजारी	स्थान वा थपना	समयअवधि	चढाइनेबस्तु
१	शेर्बा, थुर्बिदो, छुङ्पाते	छ्योमु (स्त्री देवी)	फोम्बो	सातु अथवा भातको पहाड आकारको सोल्बो (तोर्मा)	बैशाख पूर्णिमा	जाँड तथा फलफुल दि
२	देप्पाहरु	ल्हा (शक्तिसालीदेवता)	**नाक्सुम**	घरभित्र कोठा	वार्षिक, कुनै पूर्णिमा	कालो, सेतो बोका, कुखुराको बलीचढाउने
३	ठुङ्बा, जुपुले, थाबो, गरासम्बा	च्येन (बाघ)	फोम्बो	जङ्गल अथवा रुखकोफेद	वार्षिक, कुनै पूर्णिमा	कुखुराको भाले तथा अण्डा
४	द्येबलिङ्गा, मायोक्पा	नाङ्गिल्हा (कालिञ्चोक)	फोम्बो	तोर्माको पहाड	वार्षिक, कुनै पूर्णिमा	भाले
५	गर्जङा	चेरेञ्जो (गौरीशङ्कर)	फोम्बो	भित्तामा गौरीशंकरको २ चुच्चे चित्र	बैशाख पूर्णिमा	भाले र पोथी कुखुरा

श्रोत : विभिन्न प्रकाशन र सरोकारवालाहरु सँगको सोधपुछ बाट

माथिको तालिका हेर्दा विभिन्न थर भएका जिरेलहरुले फरक फरक इष्ट देवता अर्थात कुलदेवता मान्ने र आ आफ्नै तरिकाले फरक विधि विधान अनुसार पूजा सम्पन्न गर्ने गरेको पाइन्छ। यसले जिरेलहरुका पूर्खा एउटै थिएनन् भन्ने संकेत गर्दछ।

खर्क जग्गा निजीकरण

वि.सं. १९९९ साल र २००४ सालमा सरकारी वा सार्वजनिक खर्क, जग्गा व्यक्तिका नाममा दर्ता गर्ने सरकारी आदेश भएपछि जिरीका अधिकांश जमिन विभिन्न व्यक्तिका नाममा दर्ता भएछ। मिजार (तालुकदार), सरकारी गोठ खर्कको रेखदेख गर्ने द्वारे, अन्य टाठाबाठाहरुले भ्याएसम्मको खर्क जग्गा आफ्ना नाममा दर्ता गरेछन् भने सर्बसाधारणले आफुले भोगचलन गरेको आबादी जग्गा मात्र आफ्ना नाउँमा बिजन दर्ता गर्न पाएछन्। बारीको बिजन् दर्ता र खर्कको तीरिन दर्ता भएको रहेछ। आबादी जग्गाको

तिरो र खर्कको खर्चरी बापतको रकम तालुकदारले रैती बाट उठाउँर सरकारलाई बुझाउने चलन थियो। त्यसपछि सरकारी खर्क सीमित मात्रामा मात्र बाँकी रहेको थियो।

मैले देखेको जिरी

बिक्रम सम्बत २०१२ सालमा म हजुरबाको साथमा पहिलो पटक जुँगु बाट जिरीमा आएको थिएँ। अस्तलामा हाम्रो घर जग्गा थियो। हाल यो ठाउँ जिरी नगरपालिकाको वडा नं. ६ मा पर्दछ। अस्तलाको डिलबाट हेर्दा केही तल उत्तर दक्षिण फैलिएको फाँट देखियो जसलाई जिरीटार भनिदो रहेछ। टारको बीच बाट बगिरहेको खोलाको नाम जिरीखोला रहेछ। जिरीटार सरकारी खर्क रहेछ जहाँ सरकारी गाई, भैँसीको गोठ थियो जसलाई राजाको गोठ भन्दथे। बर्षा याममा यो ठाउँमा गोठ बस्ने र हिउँद लागे पछि अन्यत्र लैजाने गर्दथे। राजाको गोठ लगेपछि भने गाउँलेहरुले पशु चराउन पाउँथे। जिरीटारको वरिपरि माथिल्लो भागमा कोट, भण्डार, नाबोक, ढुङ्गे, रातमाटे, कुने, घुन्सा आदि बस्तीहरु थियो जहाँ अधिकांश जिरेलहरुको बसोबास थियो। थोरै मात्रामा अन्य जातिहरु शेर्पा, खत्री, खडका, कामी (बिश्वकर्मा) पनि थिए। कुने टोल आसपासमा भने क्षेत्री बाहुनको बढी मात्रामा बसोबास थियो। पश्चिम पट्टि अर्को साँगुरो सिक्री उपत्यका थियो। त्यहाँ पनि जिरेलहरु कै बढी बसोबास थियो। कलङमा भने जिरेलका साथै बञ्चरेबाट आएका खडकाहरुको बसोबास थियो। निगाले, खदुर्के, बुलुडाँडा, कुथामे आदि जिरीको माथिल्लो भागमा थोरै शेर्पाहरु थिए।

अधिकांश घरहरु काठले बनेका भुइँतले थिए जसलाई कत्तरे घर भनिन्थ्यो। ज्यादै थोरै संख्यामा मात्र ढुङ्गा माटोले बनेको भुइतले र केही तलेघर पनि थिए। प्राय सबैले भैँसी, गाई लगायतका पशु पालेका हुन्थे। मकै, कोदो, गहुँ, आलु मूख्य बाली थियो। जिरीटारको तल्लो भाग सिजेल आसपासमा र सिकी खोलाको तिरमा थोरै धान लगाउँथे त्यो पनि सीमित व्यक्तिको थियो, सबैको थिएन। चाडपर्ब वा कुनै बेला भान चामलको जरुरी भयो भने नाम्दु काब्रेमा गएर बेसाएर अथवा आलुसँग साटेर ल्याउँथे। प्राय जिरेल, शेर्पाको घरमा अन्नको जाँड पकाएको हुन्थ्यो। जन्म देखि मृत्यु सम्मका सामाजिक संस्कारहरुमा जाँड रक्सी अनिवार्य हुने साथै खेतीका काममा खेताला लगाउँदा, पाहुनापासा आउँदा, चाडबाडमा जाँडकै प्रयोग हुन्थ्यो। कतिपय नियमित जाँड खानेहरु पनि हुन्थे। सबै जातका मानिसहरु नुन लिनका लागि भने भोटमा जान्थे।

पोसाक पहिरन सबैको सामान्य थियो। धनी होस् वा गरीव, सबै उस्तै देखिन्थे। सबै जातका महिलाहरुले चोलो फरिया लगाउँथे भने पुरुषहरुले दौरा वा भोटो कछाड लगाउँथे। यदाकदा मात्र सुरुवाल लगाएको देखिन्थ्यो। जुत्ता, चपल लगाउँने चलनै थिएन। लाज ढाक्नका लागि प्राय सबैले एक कुरेत गज, एक हात लम्बाइ भएको धोती अर्थात लगौंटी कसेका हुन्थे। कट्टु र सुरुवालको चलन आएपछि भने लगौंटीको चलन हराउदै गयो। बाहिरी भागमा लगाउँन भने कसैले इष्टकोट कसैल् भेडाको उन बाट बनेको लुकुनी (बख्खु) त कसैले अल्लोको रेसाबाट बनेको भाङ्ग्रा (एक प्रकारको लामो कोट) लगाउँने चलन थियो।

जिरीमा स्वीस सहयोगको थालनी

नेपालमा २००७ सालको आन्दोलन बाट राजनीतिक परिवर्तन आएपछि केही मात्रामा अन्तराष्ट्रिय चासो बढेको थियो। यसै क्रममा स्वीस सरकारको तर्फबाट नेपाको परिबर्तित अवस्था र सहयोगको सम्भाब्यता अध्ययनका लागि स्वीस नागरिक टोनि हेगन आएको र उनले नेपालको धेरै ठाउँको अध्ययन भ्रमण गरेर प्रतिवेदन तयार गरेका थिए भन्ने भनाई थियो। एक पटक स्वीस सहयोग नियोगको सौजन्यतामा ३ दिने फिल्म फेष्टिवल चलेको थियो। त्यही सिलसिलामा टोनिहेगनको नेपाल भ्रमणको छोटो डकुमेन्ट्री पनि देखाएका थिए। नेपालका नदीहरुमा पौडि खेलेर पार तरेको, हिमाल पार गरेर मुस्ताङ पुगेको, सोलु, नाम्चेबजार, अर्थात खुम्बु उपत्यका आदि विभिन्न ठाउँहरुमा पैदल भ्रमण गरेको दृश्य देखिएको थियो। तर जिरी सिकीको कुनै ठाउँमा हिडेको र बास बसेको दृश्य देखिएन। डकुमेन्टीमा नदेखिए पनि सोलु, नाम्चे हिडेर जाने बाटो यही भएकोले जिरी बाट हेर्दै गए होलान भन्न सकिन्छ। उनले हिमाली क्षेत्रमा व्यापक चौरीपालन, फाँटकाफाँट सरकारी खर्क र सरकारी गोठ देखेर चीज उत्पादन र पशुविकासमा सहयोग गर्न आफ्नो प्रतिवेदनमा सुझाव दिए होलान। त्यसैले सर्वप्रथम स्वीस सहयोग चीज उत्पादन बाट थालनी भएको थियो।

२०१४ साल तिर बाट स्वीस सरकारको आर्थिक एवं प्राविधिक सहयोग (SATA) मार्फत जिरीटारमा पशु विकास कार्यक्रम सुरु भयो। त्यहाँ भएको सरकारी गोठको सुधार, चरन विकासका साथै उन्नत जातका गाई भैँसी पालन सुरुभयो। मुर्रा जातको भैँसी, ब्राउन स्वीस एवं होलेष्टेन जातका गाई ल्याइयो। सरकारी गोठमा भएका स्थानीय जातका गाई भैँसी बाट केही संख्यामा कस निकालियो भने कतिपय विस्थापित गरियो। पछि बाट भैँसी पनि विस्थापन गरेर गाई मात्र राखियो। ढुङ्गा, माटो, काठ आदि स्थानीय सामाग्री प्रयोग गरेर स्थायी खालको गोठ तथा कार्यालय एवं कर्मचारी आवासहरु बन्न थाले। मैदानी भागमा ढुङ्गाका पर्खाल लगाएर पशु चरनका लागि छुट्टा छुट्टै प्लटहरू बनाएको थियो। सिम भएको ठाउँमा नाला खनेर भित्र भित्रै पानी बग्ने ढल बनाइएको थियो। भैँसी डुब्ने सिम सुख्खा घाँसे मैदान बनेको थियो।

धेरै मानिसले रोजगारीका अवसर पाए। सुरुमा त्यहाँ काम गर्ने मजदुरको ज्याला दिनको ३ मोहोर अर्थात ने.रु. १.५० एक रुपैयाँ पचास पैसा थियो। गाउँघरमा भने धेरैजसो जिन्सीमा काम लगाउँथे पैसामा काम लगाउँदा बढीमा एक सुका अर्थात ०।२५ पच्चिस पैसा मात्र थियो। दिनको ३ मोहोर पाउने भएपछि मानिसहरु घरको काम पनि छाडेर कुल्ली काममा जान थाले। अन्य ठाउँबाट पनि मानिसहरु काम खोजेर आउन थाले। केही टाठा बाठालाई कुल्लीको नाइके पनि बाइएको थियो जसलाई सर्दार भन्थे।

जिरीमा हवाई मैदान र हवाई सेवा

२०१६ साल तिर बाट मानेडाँडाको तल्लो भागमा हवाई मैदान बनाउन सुरु भएको थियो, जुन ठाउँमा अचेल सेनाको ब्यारेक छ। २०१८ साल तिर बाट पिलाटस पोर्टर भन्ने सानो खालको हवाईजहाँज चलेको थियो। केही समय पछि एउटा जहाँज अवतरण गर्दा दुर्घटना भयो। मानवीय क्षति भने भएन। डाँडामा बढी हावा लागेर अवतरणका बेला जहाँज असन्तुलित हुने र हवाई मैदान पनि छोटो थियो। त्यस पछि जिरीटारमा नै हवाई मैदान बनाउन सुरुभयो। यो हवाई मैदान भने ४०० मिटर लामो भएकोले १८ जना सम्म यात्रु अट्ने टुइनअटर भन्ने बिमान बस्न सक्ने थियो। २०२० सालमा हवाई मैदानको निर्माण सकेर सोही वर्ष बाट चालु भएको थियो। तर त्यो बेला हप्ताको एक पटक सानो पिलाटसपोर्टर मात्र चल्दथ्यो। यो सार्वजनिकक सेवा नभएर स्वीस परियोजनाको प्रयोजनका लागि मात्र चलेको थियो। योजनाका कागजपत्र, कर्मचारी आउने जाने गर्दथे। कहिलेकाही कुनै दुर्घटना वा अप्ठ्यारो परेको अवस्थामा सर्बसाधारणलाई पनि लैजान्थे। पछि २०३४। ०३५ साल बाट भने शाही नेपाल वायुसेवा निगमको पिलाटस्पोर्टर हवाईजाहाज नियमित सेवाको रुपमा हप्तामा एक पटक चलेको थियो। २०४२ सालमा जिरी सम्म सडक यातायात सुचारु भएपछि हवाईजहाँज चढ्नेको संख्या घट्न थाल्यो। करिव २०४५ साल तिर बाट निगमको हवाई सेवा बन्द भयो।

जिरी हाट

२०१७ साल तिर बाट मानेडाँडाको बीच हाल जिरी मा. बि. को अफीस भएको डिलमा साप्ताहिक रुपमा शनिवार हाट लाग्न थाल्यो। मुदी, मिर्गे, नाम्दु, काब्रे, क्षेत्रपा आदि ठाउँ बाट चामल चिउरा आदि खाद्यान्न, मौसम अनुसारको फलफुल आउँथ्यो भने विभिन्न ठाउँका ब्यापारीहरुले लत्ता कपडा, अरु उपभोग्य बस्तुहरु ल्याउँथे। चौरी गोठालाहरुले मोही दही, सेर्गेम घिऊ बिक्रीका लागि ल्याउँथे। जिरीका मान्छे अधिकांशत ग्राहक थिए किनकि कुल्ली काम गरेरै भएपनि पैसा कमाउँथे। केही स्थानीयहरु पनि रागो, भैँसी आदि काटेर हप्ता हप्तामै मासुको व्यापार गर्दथे। जाँड रक्सीको पनि खुलमखुला व्यापार हुन्थ्यो। कतिपयले चित्रा भकारीका कटेरा बनाएर हाटको दिन चिया, खाजा आदिको व्यापार गर्थे। त्यो बेला मानेडाँडा पशु चरिचरन गर्ने नाङ्गो चउर थियो। त्यसैले एउटा चउरमा केही महिना वा बर्ष हाट चलेपछि त्यहाँ हिलो, धुलो हुन्थ्यो र अर्को चउरमा हाट सर्थ्यो। २०२५ साल तिर बाट जिरी हाट पूरानो हवाई मैदानमा सरेको थियो। जिरीटारमा हवाई मैदान बनेपछि पूरानो हवाई मैदानको आधा भागमा तालीम केन्द्रको भवनहरु थिए भने माथिल्लो भागमा हाट लाग्थ्यो। त्यहाँ थोरै व्यक्तिहरुले स्थायी खालका घरहरु बनाएर होटल पसल राखेका थिए। त्यहाँ गाउँ पञ्चायतको सानो भवन पनि बनेको थियो।

२०३२ सालमा प्रशिक्षण केन्द्रको स्तरोन्नति र हाता बिस्तार गर्ने हेतुले त्यहाँ भएका हाट बजार र बनेका संरचनाहरु हटाइयो।

सो हाट बजार मानेडाँडाको अर्को खुला चउरमा सारियो । जुन आज हाटडाँडा बजारको नामले चिनिन्छ । हाट बजारलाई ब्यबस्थित बनाउने उद्देश्यले बजार व्यवस्थापन समिति गठन भएको थियो । बजारको स्थायित्वका लागि स्थायी संरचना बनाउन चउरको वरिपरि प्रति मिटर रु. ४० का दरले घडेरी बिक्री वितरण भयो र बीचमा हाट लाग्ने ठाउँ बन्यो । घडेरी लिएको ठाउँमा एक आपसमा जोडेर घर बन्दै गयो र स्थायी बजार बन्यो । गाउँ पञ्चायतको सानो भवन पनि त्यहाँ नै बनाइयो जहाँ हाल जिरी नगरपालिकाको भवन बनेको छ । जिरीहाटले अव स्थायीत्व पाएको थियो । त्यो ठाउँ हाटडाँडा बजारको नामले परिचित भयो । जिरीमा सडक पुगेर ढुङ्गे बजारको बिस्तार हुनथाले पछि जिरीहाट घट्दो क्रममा थियो । करिब ३० वर्ष सम्म निरन्तर चलेको जिरीहाट वि.सं. २०६० साल तिरबाट हरायो ।

जिरीमा शिक्षा

नेपालमा २००७ सालमा राणा शासनको अन्त भएपछि शैक्षिक जागरणको थालनी भएको थियो । जिरीमा भने अझै १० वर्ष सम्म शिक्षामा सुनसान थियो । गाउँमा ज्यादै थोरै व्यक्तिहरु मात्र सामान्य लेख पढ गर्न जान्दथे । त्यो पनि आफ्नै इच्छाले गाउँका कोही अक्षर जान्ने व्यक्तिसँग सिकेर जानेका थिए । ती मध्ये पनि २, ४ जना गाउँमा लेखापढी गर्ने कारिन्दा जस्तै हुन्थे । गाउँलेहरुको चिट्ठी, तमसुक, रसिद, भरपाई आदि लेखिदिन्थे । अधिकांश मानिसहरु निरक्षर थिए ।

जिरी स्कूल

२०१७ साल बाट तत्कालिन जिरीको लगभग बीचमा रहेको नाङ्गो डाँडो, जुन सरकारी खर्क अर्थात चरन क्षेत्रको रुपमा थियो जसलाई मानेडाँडा भन्ने गर्दथे । त्यही मानेडाँडाको एउटा सानो चउर, जहाँ खाने पानीको सानो श्रोत पनि भएको ठाउँ हेरेर पठन पाठनका लागि स्थानीय अग्रजहरुको पहलमा स्कूल खोलिएको थियो । पढाउनका लागि युवराज उपाध्याय नामका गुरुलाई नियुक्त गरेर शिक्षकको व्यवस्था गरिएको थियो । सुरुमा केवल साक्षरताको मात्र पढाइ हुने गर्दथ्यो । पछि २०१८ साल बाट स्वीस सहयोगमा काठमाडौ देखि शिक्षक शिक्षीका ल्याएर स्तरीय पठन पाठन सुरु भयो । जन सहयोग बाट एउटा सानो ३ कोठे स्कूलको भवन पनि बनेको थियो । जसमा २ वटा कक्षा कोठा र बीचमा सानो अफिस कोठा थियो । स्तरीय पठन पाठन हुने भएपछि जिरी भन्दा बाहिरका पनि धेरै बिद्यार्थीहरु पढ्न आएका थिए । सुरीखारे, जफे झुले, चुचुरे, बाम्ती एवं सोलु सम्मका बिद्यर्थीहरु पढ्न आउँथे । सुरुमा कक्षा ४ सम्म मात्र पढाइ हुन्थ्यो। जिरीस्कूलमा कक्षा ४ पास गरेका बिद्यार्थी काठमाण्डुको शिद्धार्थ वनस्थली बोर्डिङ स्कूल, फर्पिङ बोर्डिङ स्कूलमा गएर कक्षा ७ मा भर्ना भएका थिए। केवल ४ कक्षा सम्म मात्र चलेको भएपनि पढाइको स्तर राम्रो भएकोले जिरीस्कूल सबैको आकर्षणको केन्द्र बनेको थियो ।

स्कूलमा बिद्यार्थीको चाप र स्कूलको स्तरोन्नतिका लागि थप भवनको आवश्यकता थियो । स्वीस सहयोगमा सञ्चालित जिरी बहुमुखी विकास योजनाको आर्थिक प्राविधिक सहयोगमा स्कूल भवन, खानेपानी आदिको निर्माण भयो । २०२३ सालमा कक्षा ७ सम्मको मिडिलस्कूल तहमा स्तरोन्नति भएको थियो र २०२४ सालमा हाइस्कूलको अनुमति पाएको थियो । २०२५ साल बाट जिरी हाइस्कूलका बिद्यार्थी एस. एल. सी. परीक्षामा सामेल हुन पाएका थिए । २०२६।०२७ साल तिर योजना कै सहयोगमा स्कूलहाता भित्र बाहिर बाट आउने बिद्यार्थीका लागि छात्राबास, खाना पकाउनका लागि भन्छाघर त्यसमा चाहिने फर्निचर आदि निर्माण भएको थियो । २०३० साल सम्म जिरी बहुमुखी विकास योजनाको आर्थिक सहयोगमा हाइस्कूल तह चलेको थियो । सरकारी अनुदान नगन्य मात्रामा थियो । त्यो बेला सरकार बाट हाइ स्कूलले पाउने वार्षिक अनुदान ७२००। सात हजार दुइ सय थियो । प्राथमिक तह सम्म मात्र सरकारी अनुदान आउने व्यवस्था थियो ।

दोलाखा जिल्लामा २०३१ साल बाट नयाँ शिक्षा योजना लागू भएको थियो । त्यसपछि शिक्षकहरुको तलब सरकारले व्यहोर्ने व्यवस्था भयो । नयाँ शिक्षा योजनाले साधारण, व्यावसायिक र संस्कृत ३ किसिमको हाइस्कूल हुने व्यवस्था गरेको थियो । जिरी हाइस्कूल तब जिरी व्यावसायिक माध्यमिक बिद्यालयमा रुपान्तरण भएको थियो । व्यावसायिक विषय कृषि राखिएको थियो । जिल्ला शिक्षा कार्यालयले बिद्यालयको सम्पत्तिको अभिलेख मागेको थियो तर बिद्यालयको नाममा कुनै जग्गा थिएन । बिद्यालयले भोगचलन गरेको जग्गा पहिला देखि सरकारी खर्क भएकोले जिरी कृषि केन्द्रको नाममा थियो । निकै लामो प्रयास पछि जिरी कृषि

केन्द्रले बिद्यालयले भोगचलन गरेको जग्गाको स्वामित्व हस्तान्तरणका लागि मन्त्रालयमा सिफारिस गरिदिए पछि बिद्यालयको नाममा नापी भएर मालपोत कार्यालयमा दर्ता भएको थियो। बेला बेलामा स्कूलको नाम परिमार्जन हुँदै २०५० साल बाट जिरी उच्च माध्यमिक बिद्यालयमा स्तरोन्नति भएको थियो। आज सम्म पनि जि माध्यमिक विद्यालयले आफ्नो ऐतिहासिक गौरब र सानलाई कायमै राखेको छ।

समयको अन्तरालमा स्थानीय शिक्षा प्रेमीहरुको सक्रियतामा जिरीका केही वडामा प्राथमिक स्कूल स्थापना भएको थियो। पछि आएर नेपालमा प्राथमिक शिक्षा परियोजना लागू भएपछि भने सबैलाई साक्षर बानाउने भन्ने राष्ट्रिय उद्देश्य रहेको हुँदा हरेक टोलमा स्कूल खुलेको थियो। यो अभियानले थोरै अपबाद बाहेक आम बालबालिकाहरुलाई साक्षर बनाएको थियो। धेरैले शिक्षा सेवामा रोजगारी पाएका थिए। त्यो बेला परियोजनाको लक्ष्य पूरा गर्न जतिपनि स्कूल स्थापनाको अनुमति दिने परिपाटिले गर्दा जतासुकै स्कूल खोलियो तर पछि आएर स्कूलमा पढ्ने बिद्यार्थी नभएर कतिपय स्कूल अर्कोमा मिलान गर्ने परिस्थितिको श्रेजना भयो। राजनीतिक रुपान्तरण सँगै जिरीको भौगोलिक क्षेत्र पनि बिस्तार भएकोले वर्तमान समय सम्म आइपुग्दा विभिन्न तहका धेरै शिक्षण संस्थाहरु सञ्चालनमा रहेका छन्। ७ वटा सार्वजनिक र ३ वटा संस्थागत गरी १० वटा माध्यमिक बिद्यालय नै छन् भने एउटा प्राविधिक शिक्षालय र २ वटा स्नातक तहका कलेजहरु सञ्चालनमा रहेका छन्।

जिरी गाँउपञ्चायत

२०१७ सालको राजनीतिक परिवर्तन पछि पञ्चायती व्यवस्था सुरु भएको थियो। २०१९ सालको पञ्चायती संविधान लागू भएपछि हनुमन्ते खावाडाँडाको पूर्व देखि माली डाँडा सम्म जिरी सिकी उपत्यका सबै मिलाएर जिरी गाउँ पञ्चायत नामाकरण भएको थियो। जिरीको पूर्वमा श्यामा गाउँ पञ्चायत र पश्चिममा ठुलोपातल गाउँ पञ्चायत थियो। जिरीको प्रधानपञ्च जित बहादुर खडका भएका थिए। उनले ३० वर्षको पञ्चायत कालमा लगातार २५ वर्ष प्रधानपञ्च बन्ने अवसर पाएका थिए। अन्तिममा भने धन बहादुर जिरेल प्रधानपञ्चमा चुनिएका थिए। सुरुमा गाउँ पञ्चायतको कार्यालय भवन थिएन। गाउँ पञ्चायतको केन्द्र मानेडाँडामा पर्थ्यो। त्यो ठाउँमा भर्खर निर्माण भएको ३ कोठे स्कूल बाहेक अरु कुनै घर थिएन। त्यसैले स्कूलको अगाडि चउरमा पञ्चायतको बैठक, सभा आदि बस्थ्यो। कहिलेकाही स्कूलको कोठामा पनि सभा बैठक हुने गर्दथ्यो। २०२५ साल तिर मानेडाँडाको पूरानो हवाई मैदानको बीचमा १ तले २ कोठे सानो कार्यालय भवन बनेको थियो। पछि २०३२ सालमा पञ्चायत विकास प्रशिक्षण केन्द्रको क्षेत्र बिस्तार हुँदा त्यो भवन भत्काएर हाटडाँडामा ल्याएर हालको नगरपालिकाको कार्यालय भवन बनेको ठाउँमा ढुङ्गा माटोको जडान भएको २ तले भवन बनेको थियो।

जिरी बहुमुखी विकास योजना (JMDP)

२०२० साल बाट स्विस सरकारकै सहयोगमा जिरी बहुमुखी विकास योजना (JMDP) नामको १० वर्षे विकास कार्यक्रम चल्यो। यो योजनाको उद्घाटन २०२० साल पुस महिनामा तत्कालिन राजा महिन्द्र बाट भएको थियो। यसका कार्यक्रमहरुमा पशु, कृषि, वन, शिक्षा, स्वास्थ्य आदि विकास आयोजनाहरु थिए। विभिन्न शाखाहरुका लागि फरक फरक ठाउँमा नयाँ नयाँ भवनहरु बनाइएका थिए। अफिस, कर्मचारी आवास, ब्यबस्थित गोठहरु, खोरहरु बनेका थिए। पशु पन्छीमा गाई, बंगुर, कुखुरा आदि पालिएका थिए। अन्नबाली, फलफूल, साग सब्जी आदि नयाँ नयाँ जातका बोट बिरुवा बिउ बीजन ल्याएर केवल परिक्षण मात्र गरिएका थिए। पशु विकास र बाली विकासको कार्यालयहरु जिरीटारको हालको पशु आनुवांशिक केन्द्र भएकै ठाउँमा थियो। हवाई मैदानको पश्चिम पट्टिका पाखामा बागबानी थियो स्याउ, आरु, आरुबखडा आदि विभिन्न जातका फलफुलका बिरुवा लगाएको थियो।

पशुहरुमा गाइको संख्या निकै बढाएको थियो। जिरीमा मात्र चरन क्षेत्र नपुगेर खिम्तीमा पनि बिस्तार गरिएको थियो। सुरुमा ब्राउनस्वीस, होलिस्टेन भन्ने जातका गाईहरु ल्याएका थिए पछि मात्र जर्सी जातको गाई ल्याएको थियो। स्थानीय गाई सँग मिसाएर धेरै ठिम्बर गाई पनि उत्पादन गरिएको थियो। योजना अवधिमा कृषि र पशुपालनको क्षेत्रमा भएका कार्यक्रम केवल प्रयोग परिक्षणका लागि मात्र भएका थिए। कृषकहरु सम्म पुगेको थिएन। योजनाले ग्रामीण जनता सम्म पुऱ्याउने प्रयास पनि गरेको थिएन। गाउँका धेरै जनशक्ति योजनाका खेताला, गोठाला र निर्माण मज्दुरमा नै सीमित भए।

वन विकास अन्तरगत हाल जिरी रेञ्जपोष्ट भएको ठाउँमा वन कार्यालय, कर्मचारी आवास बनेको थियो। त्यो बेला बनेका भवन २०७२ सालको भुकम्पले भत्कियो र अझै पनि एउटा पूरानो एकतले भवन बाँकी नै छ। योजना कालमा नयाँ जातका बिरुवाहरु रोप्ने काम भएको थियो। अहिले जिरी माध्यमिक बिद्यालयको वरिपरि भएको देबदार भनिने रुख त्यहीबेला रोपेको थियो। फरेष्ट कार्यालयको दक्षिण तर्फको पाखामा बाँच, कटुस, दुदिलो, सिरिस आदि डाले घाँसका बोटहरु लगाएको थियो।

स्वास्थ्य क्षेत्रमा भने निकै राम्रो विकास भएको थियो। २०१८ साल तिर बाट हालको अस्पताल भएकै ठाउँमा ढुङ्गा माटोको सानो एकतले घर बनाएर सामान्य नर्सिङ सेवा बाट सुरु भएको थियो। पछि डाक्टर पनि रहन थाले। डाक्टर, नर्स लगायत कर्मचारी आवास बन्यो। बिरामी राख्ने भवन बन्यो। बिस्तारै जिरीमा एउटा गुणस्तरीय सेवा प्रदान गर्ने अस्पताल नै बनेको थियो। सर्बसाधारणमा स्वास्थ्य सेवाको पहुँच सहज थियो। धेरै टढा टाढा बाट बिरामीहरु उपचारका लागि आउँथे। विशेषज्ञ स्वीस डाक्टर बाट सेवा प्रदान गरिन्थ्यो। बिरामी जाँच्ने, साधारण बिरामी राख्ने, टी. बी. का बिरामी राख्ने, स्टाफ क्वार्टर आदिका लागि छुट्टा छुट्टै भवनहरु थिए योजनाको अवधि सकिए पछि पनि सरकारी स्वामित्वमा स्वास्थ्य मन्त्रालय अन्तरगत निरन्तर सञ्चालन हुँदै आएको छ।

शिक्षामा पनि शिक्षा शाखाको व्यवस्था गरेर कामहरु भएको थियो। विशेषगरि जिरी स्कूलको स्तरोन्नतिमा राम्रो योगदान पुगेका थियो। भौतिक पूर्वाधारमा कक्षा कोठा सहितको कार्यालय भवन, छात्रावास, भान्छाघर बनेका थिए। शिक्षकको तलब लगायत बिद्यालयको अधिकांश व्ययभार योजनाकै सहयोगमा चलेको थियो। विभिन्न सीपमूलक तालीमका लागि मानेडाँडाको पूरानो हवाई मैदान भएको ठाउँमा तालीम केन्द्र बनेको थियो र छोटो अवधिका तालीम चल्दथ्यो। पछि गएर तलिम केन्द्र पञ्चायत विकास प्रशिक्षण केन्द्रमा रुपान्तरण भएको थियो र गाउँ पञ्चायतका सचिवहरुको तालीम चल्दथ्यो बेला बेलामा विभिन्न तहका पञ्चहरुको सेमिनार गोष्ठी पनि हुने गर्दथ्यो।

२०२६ साल तिर बाट बहुमुखी विकास योजना बाट हुने निर्माणका कामहरु सकिदै गएकाले साधारण ज्यामीहरुले काम पाउन छाडिसकेका थिए। कतिपय रोजगारीको खोजिमा अन्यत्र जान थाले। २०२८ सालमा यो क्षेत्रमा अनिकाल परेको थियो। त्यो बेला अरनिको राजमार्गमा पर्ने लामोसाँगु र बाह्रबिसे व्यापारिक केन्द्र थियो। मानिसहरु अन्न बेसाउन सो ठाउँमा पुगेर पाँच, छ दिनमा घर आइ पुग्थे। भोकमारीले गर्दा कतिपय परिवार यो ठाउँ छाडेर अन्यत्र गएका थिए।

२०३० सालमा जिरी बहुमुखी विकास योजना समाप्त भयो। चलिरहेका योजनाहरु सम्बन्धित सरकारी मन्त्रालयको मातहतमा गएको थियो। यो योजनाले जिरीको नाम त चलायो, केही भौतिक पूर्बाधार बनायो, केही वर्ष सम्म यहाँका मानिसलाई रोजगारी पनि दिलाएको थियो तर जनसमुदायको दिगो विकास भएन। खर्च गर्ने बानी भयो, आम्दानी भएन। योजना सकिनासाथ बेरोजगारी संख्या बढ्यो। धेरै मानिसहरु पहिला भन्दा पनि गरीब भए।

स्वीस सहयोगको अर्को परियोजना

जिरी बहुमुखी विकास योजनाको समाप्ति पछि २०३२ साल तिर बाट स्वीस सहयोगमा यो क्षेत्रमा ३ वटा परियोजनाको थालनी भएको थियो।

1. सघन पहाडी विकास योजना (IHDP)
2. लामोसाँगु जिरी सडक योजना
3. जिरी प्राविधिक शिक्षालय निर्माण

1. सघन पहाडी विकास योजना (IHDP)

सघन पहाडी विकास योजना (IHDP) को नाम बाट यो कार्यक्रम संचालनमा आएको थियो। यसको कार्यालय सिन्धुपाल्चोकको डाँडापाखरमा थियो। यसले सिन्धुपाल्चोक र दोलखा जिल्लामा विभिन्न कार्यक्रम चलाएको थियो, । जिरी क्षेत्रमा भने आलु विकास, बृक्षारोपन, फलफूलका बिरुवा वितरण र प्रौढशिक्षा जस्ता कार्यक्रम चलाएको थियो। आलु विकास कार्यक्रम अन्तरगत नयाँ नयाँ जातका आलुका बिउ वितरण, आलु खेती गर्ने तरिकामा सुधार, किसानहरुलाई छोटो अवधिका तालीम आदि

संचालन भएका थिए। त्यहाँ देखि नै जिरीमा आलु खेती राम्रो भएको थियो। सडक बनेपछि आलुको व्यापार राम्रो चल्यो। आज आलु जिरीको नगदे बाली बनेको छ। सघन पहाडि विकास योजना कै पहलमा २०३६/०३७ साल पछि बृक्षारोपन कार्यक्रम सञ्चालन भएको थियो। नाङ्गा पाखाहरुमा व्यापक रुपमा सल्लाका बिरुवाहरु रोप्न सुरु भयो। अर्को तर्फ जिरीमा कार्यालय रहेको तामाकोशी वन डिभिजन कार्यालयको तर्फ बाट पनि २०३५/०३६ तिर बाट पशु चरिचरन गर्ने सार्वजनिक बाँझो चउरहरुमा जतातत्तै सल्लाकै बिरुवा रोप्ने काम भएको थियो। त्यही सल्ला हुर्केर जिरीको हरियाली बन्यो तर चरन भने हरायो, कुनै नयाँ पूर्बाधार बनाउन पर्दा खाली ठाउँ पनि रहेन। फलफुल खेतीमा यहाँ स्याउ, आरु, आरुबखाडा, ओखर आदिका बिरुवा उपलब्ध थियो। स्याउ र ओखरको बोट धेरै किसानहरुले लगाएका थिए। कतै पनि फलेको देखिएन। स्याऊ र ओखरको खेती सफल भएन। आरु र आरुबखाडा भने प्रशस्त फलेको थियो तर फले पनि आम्दानीको श्रोत बनेन। प्रौढ शिक्षा कार्यक्रम भने केही टोलमा चलेको थियो। यो अवधिमा सरकारी तह बाट पनि प्रौढ शिक्षा कार्यक्रम चलाइएको थियो। यो अवधिमा प्रौढ शिक्षा, महिला शिक्षा, आदि विभिन्न नाम बाट जतातत्तै साक्षरताको अभियान चलेको थियो।

2. लामोसाँगु जिरी सडक योजना

२०३२ साल बाट स्वीस सरकारको सहयोगमा लामोसाँगु जिरी सडक निर्माण कार्यको थालनी लामोसाँगु बाट भएको थियो। यो सडक बनाउँदा डोजर जस्ता ठूला मेसिनको प्रयोग भएको थिएन। गैंती, बेल्चा, गल, घन छिनो जस्ता हाते औजार प्रयोग गरेर निर्माण भएको थियो। यो सडक निर्माणको उद्देश्य जिरीमा सडक पुऱ्याउने मात्र नभएर अर्को आर्थिक सामाजिक उद्देश्य पनि थियो। त्यसैले ठूला मेसिनहरु प्रयोग नगरी यहाँका स्थानीय मानिसहरुलाई रोजगारीको अवसर दिएको थियो। त्यसकारण पनि ३ मिटर चौडाको ११० कि.मि सडक पूरा गर्न १० वर्ष लागेको थियो। २०४२ सालमा बल्ल पूरा भएर सडक जिरीमा पुगेको थियो। यो अवधिमा राम्रो रोजगारीको अवसर खुलेको थियो। कामदारका लागि भनेर पीठो, दाल, तेल आदि पनि उपलब्ध गराएकाले खाद्यान्नमा धेरै राहत मिलेको थियो।

लामोसाँगु जिरी सडकको अन्तिम बिन्दु हालको बसपार्क थियो जुन सरकारी जग्गा थियो भने खोला वारिको पश्चिम तिरको जग्गा व्यक्तिगत थियो। पहिला त्यो ठाउँमा कुनै घरहरु थिएनन्। कतै आवादी त कतै बाँझै थियो। २०२३/०२४ साल तिर बाम्ती बाट आएका शिब बहादुर कार्कीले एउटा काठे काठको कटेरा बनाएर पसल होटल चलाएका थिए जुन ठाउँ हालको पारस होटलको ठीक पश्चिम पट्टि थियो। त्यहाँ जाँड रक्सी खान र तास खेल्न पनि पाइन्थ्यो। बहुमुखी विकास योजनाका विभिन्न शाखामा काम गर्ने कतिपय कर्मचारीहरु अफिस सकिएपछि र बिदाका दिन त्यो होटलमा आउने गर्दथे। तिनीहरुले त्यो होटललाई लिङ्गन होटल भन्ने गर्दथे। पछि गएर त्यहाँ बनेको बजारलाई नै लिङ्गन बजार भन्न थालियो। त्यहाँ सडक आइनपुग्दै २०३६ साल तिर बाट सडकको ३० मिटर चौडा छाडेर दायाँ बायाँ घडेरी बिक्री हुन थाल्यो र घरहरु पनि बन्न थाले। घडेरी किन्ने र घर बनाउने अधिकांशत जिरी बाहिरका मानिसहरु थिए भने २०४२ सालमा सडक पूरा भए पछि धमाधम बाहिरका ब्यापारीहरु आएर व्यापार गर्न थाले। २०५२ साल सम्म जरी राम्रो व्यापारिक केन्द्र बनेको थियो। सडक बनेपछि सबै कुराको सहजता आयो। तसर्थ सडक नै विकास मध्येको पहिलो पूर्बाधार रहेछ। २०५२ साल पछि क्रमशः विभिन्न ठाउँ तर्फ सडक बिस्तार हुन थाल्यो। सडक पुगेको ठाउँमा व्यापार सर्न थाल्यो र जिरीको व्यापारिक क्षेत्र बिस्तारै सुस्ताउन थाल्यो तर ग्रामीण जनजीवनमा भने खासै फरक परेन।

3. जिरी प्राविधिक शिक्षालय (JTS)

स्वीस सहयोगमा नेपालमा प्राविधिक शिक्षा संञ्चालन गर्ने उद्देश्यले २०३२ साल देखि नै उच्चस्तरीय परामर्श र छलफल हुन थालेको थियो। त्यो बेला डा. सुरेश राज शर्मा राष्ट्रिय शिक्षा समितिको सदस्य हुनुहुन्थ्यो। उहाँ राष्ट्रिय शिक्षा योजना लागू भएपछि बिद्यालय शिक्षाको निरिक्षणका सिलसिलामा जिरी आउनु भएको थियो र जिरीको भूगोल हेर्नु भएको थियो। उहाँले नै जिरीमा प्राविधिक शिक्षालयको पूर्बाधार निर्माण र सञ्चालन गराउन स्वीसहरुलाई प्रेरित गर्नु भएको थियो। स्वीस प्राविधिकहरुको टोली जिरीमा ठाउँ हेर्न आएका थिए। त्यो बेला जिरीमा थुप्रै नाङ्गा डाँडाहरु थिए। कतैपनि सल्लाका बिरुवा रोपेको थिएन। सतिडाँडा, बोदले भन्दा पारिको चउर, मानेडाँडाका चउरहरु देखाइएको थियो। तर उनीहरुले ढुङ्गे बजार भन्दा तलको चउर

नै रोजे। त्यो चउर जिरी कृषि केन्द्रको नाममा दर्ता थियो। सो जग्गा जि प्राविधिक शिक्षालयको नाममा ल्याउन धेरै मेहनत र समय खर्च गर्नु परेको कुरो पनि डा. सुरेश राज शर्मा बताउनु हुन्थ्यो। जिरीमा प्राविधिक शिक्षालय स्थापना गर्न उहाँको निकै ठुलो भुमिका थियो। २०३८ साल तिर बाट प्रबिधिक शिक्षालयको पूर्वाधार निर्माणको थालनी भएको थियो। धेरैजना ठेकेदारहरुले भवन निर्माणको ठेक्का लिएका थिए। निर्माणका कामहरु जोडतोडले चल्यो। बजारमा पनि निर्माणका काम चलेकै थियो। व्यापक रुपमा रोजगारीका अवसर खुलेको थियो। ज्यालामा पनि प्रतिस्पर्धा चलेको थियो। भवनहरु स्थानीय सामाग्रीको प्रयोग गरेर स्थानीय शैलीमा निर्माण गर्ने भनेर गाउँघरकै स्वरुपको भवनहरु बनाएका थिए। भवनहरु सबैजसो २ तले र गाउँको घर जत्रै थियो। केटा र केटीको छुट्टा छुट्टै छात्राबास, शिक्षक कर्मचारी निवास, कक्षा भवन, कार्यशाला भवन, प्रशासनिक भवन, पाहुना घर सबै गर्दा घरको संख्या २०, २२ वटा थिए। लाकुरी डाँडा बाट हेर्दा चिटिक्क परेको गाउँ जस्तै देखिन्थ्यो।

२०४२ साल बाट जिरी प्राविधिक शिक्षालय सञ्चालन भएको थियो। प्राविधिक विषयमा ३ वटा धार थियोः-

१. **स्वास्थ्यः** स्वास्थ विषयमा अ.न.मि. तह थियो। यो विषयमा महिलाहरुलाई मात्र भर्ना गर्ने व्यवस्था थियो।

२. **निर्माणः** निर्माण विषयमा सबओभरसियर तहको पढाई हुन्थ्यो। यो विषयमा महिला वा पुरुष दुवै हुन सक्थे।

३. **कृषिः** कृषि विषयमा जे.टि.ए. तहको पढाई हुन्थ्यो। यसमा पनि महिला पुष दुवै भर्ना हुन पाउँथे।

प्रत्येक विषयमा हरेक वर्ष बढीमा ४० जनाको भर्ना संख्या थियो। सबैको न्युनतम योग्यता कक्षा ७ उत्तीर्ण गरेकालाई भर्ना हुने व्यवस्था थियो। सैद्धान्तिक र प्रयोगात्मक गरेर करिव ४ वर्ष पढाइ हुन्थ्यो। पढाइ पूरा भएपछि प्राविधिक एस.एल.सी. सरह योग्यताको मन्यता दिएको थियो। हरेक वर्ष प्राविधिक शिक्षालयमा भर्ना हुनेको भीड लाग्थ्यो। यस शिक्षालय बाट पास भएका सबै विषयका प्राविधिकहरुलाई स्तरीय मानिन्थ्यो र सजिलै सरकारी तथा गैरसरकारी निकायहरुमा काम गर्ने अवसर पाएका थिए। यो शिक्षालय प्रबिधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) अन्तरगत चलेको थियो।

पछिल्ला वर्षहरुमा त्यहाँ भर्ना हुन न्युनतम योग्यता १० कक्षा उत्तीर्ण भएको हुनु पर्ने र पढाइको अवधि पनि १८ महिनामा झारिएको थियो। पछिल्लो समय सम्म आइपुग्दा जिरी प्राविधिक शिक्षालयको स्तरोन्नति भएको थियो। कम्तिमा एस.एल.सी.उतीर्ण गरेकालाई ३ वर्षे कृषि डिप्लोमा (बाली बिज्ञान, पशु बिज्ञान) र निर्माणमा ओभरसियर तहको शैक्षिक कार्यक्रम चलेको थियो। हाल आएर पहिलाको अनमी कार्यक्रम हटेपछि अर्को फार्मेसीको शैक्षिक कार्यक्रम सुरुआत भएको छ।

बिद्युत लाइन

२०४५ साल तिर जिरी सम्म बिजुलीको लाइन तानिएको थियो। केही पछि बजार क्षेत्रमा बत्ती बलेको थियो तर ४/५ वर्षको अवधि सम्म पनि गाउँमा बिजुलीको लाइन बिस्तार हुन सकेको थिएन। २०५० पछि भने हरेक वर्ष थोरैथोरै मात्रामा बिस्तार भएको थियो। करिव २०६५ साल पछि बिद्युत लाइन प्रसारणले गति लिएको थियो। अहिले केही अपबाद बाहेक जिरीको कुना काप्चा, पाखा भित्ता हरेक घरमा बिजुली पुगेको छ। तर नियमित बिद्युत प्रवाह हुन सकेको छैन। अलिकति आकास गर्जियो भने, थोरै हावाको बेग बढ्यो भने बिद्युत बन्द हुने गर्दछ।

गाउँ विकास समिति

२०४६ सालको जन आन्दोलन बाट पञ्चायती व्यवस्था विस्थापन भएपछि बहुदलीय संसदीय व्यवस्था आएको थियो र अन्तरिम सरकार गठन भएको थियो। २०४८ सालमा प्रतिनिधि सभाको निर्वाचन भएको थियो र नेपाली काग्रेसले बहुमतको सरकार बनाएको थियो। गिरिजा प्रसाद कोइराला प्रधान मन्त्री बनेका थिए। राजनीतिक परिवर्तनका साथै जिरी गाउँ पञ्चायतको नाम पनि जिरी गाउँ विकास समिति बनेको थियो। २०४९ सालमा गाउँ विकास समितिको निर्वाचन भएको थियो। जिरी गाउँ विकास समितिको अध्यक्षमा टंक बहादुर जिरेल निर्वाचित भएका थिए। यो संक्रमण कालीन अवस्था भएको र गाउँ विकास समितिमा खासै बजेट नभएकाले ठोस काम केही भएन। राजनीतिक दलहरुको बीचमा दलीय असमझदारी रहेको थियो। बेला बेलामा विभिन्न बाहानामा झगडा र झडप पनि हुने गर्दथ्यो।

२०५१ सालमा प्रतिनिधि सभा विद्यटन भएर मध्याबधि चुनाब भएको थियो। मध्यावधि निर्वाचनमा कुनै दलको पनि महुमत नआए पछि एमालेको अल्पमतको सरकार बनेको थियो। मनमोहन अधिकारी प्रधानमन्त्री बनेका थिए। भरतमोहन अर्थ मन्त्री थिए। त्यो बेलाको सरकारको वार्षिक बजेटमा दुइटा सामान्य खालको तर दुरगामी प्रभाव पार्ने कार्यक्रम ल्याएको थियो। एउटा थियो, "आफ्नो गाउँ आफैं बनाउँ" भन्ने कार्यक्रम राखेर गाउँ विकास समितिलाई रु. ५ लाख रकम बिनियोजन गरेको थियो। यो बजेटले धेरै ठुलो काम नगरे पनि स्थानीय तहमा विकासको नयाँ जागरण ल्याएको थियो। थोरै बजेट भएपनि विकासको पूर्बाधार निर्माणको थालनी भयो। टोल टोलमा सडक पुऱ्याउन ट्र्याक खन्ने काम पनि यसै समय बाट सुरु भएको थियो। पछिल्ला बर्षहरुमा गाउँ विकास समितिलाई आउने पूँजीगत बजेट बृद्धि हुँदै गएको थियो। गाउँमा ससाना टुक्रे कामहरु हुँदै गएका थिए।

माओवादी जनयुद्ध

२०५१/०५२ साल बाट माओवादी जनयुद्ध सुरु भएको थियो। त्यसको केही असर जिरीमा पनि परेको थियो। द्वन्द सुरु भएको केही समय पछि सेनाको ब्यारेक तत्कालिन स्थानीय विकास प्रशिक्षण केन्द्र, अर्थात पहिलाको पञ्चायत विकास प्रशिक्षण केन्द्रमा आएर बस्यो। सुरुमा गण नै राखिएको र पछि यहाँ गुल्म मात्र राखेर गण चरिकोमा सारिएको थियो। द्वन्द कालमा माओवादी पक्षबाट लिङ्कन बजारका एक युवकको हत्या भएको र कलङ्का एकजनाको घर बाट एउटा बन्दुक लुटिएको थियो। पशु विकास फर्मको एउटा घर र सिजेलमा रहेको सेनाको फेमिली क्वार्टरमा आगो लगाइएको थियो। ठूला ब्यापारीहरु सँग केही चन्दा माग्ने काम भएको थियो। ढुङ्गे बजारमा रहेको नेपाल बैंक पनि लुटिएको थियो। सर्ब साधारणलाई खासै दुख दिएको थिएन। कहिलेकाँही एक ठाउँ बाट अर्को ठाउँ जाने क्रममा साँझ परेपछि ५७ जनाको टोली आउँथे, घरमा जे छ त्यही पकाएर खान्थे, केही समय सुत्थे, बिहान उज्यलो नहुँदै हिड्थे। माओवादीको बिरोध गर्नेलाई भने दुख दिएका थिए।

सेनाको तर्फबाट भने जिरीका जनसाधारणले निकै सास्ति भोग्नु परेको थियो। माओवादीले सेना र प्रहरीले सुन्ने ठाउँका डाँडाहरुमा रातको समयमा ठुलो आवाज आउने गरेर पड्काउथे। कता बाट आउँथे कता जान्थे गाउँमा कसैलाई थाहा हुँदैनथ्यो। उज्यालो भएपछि सेना र प्रहरी गाउँभरी पस्थे र गाउँलेका घर खानतलासी गर्थे। कोठा चोटा, दराज, बाकस सारा चीज खोल्न लगाउँथे। भनेको बेलामा कोठा, दराज, बाकसको साँचो भेटिएन भने ताला फुटाएर पनि हेर्थे। धेरै गाउँलेहरुले विशेष गरी सेना बाट अपमान सहनु परेको थियो।

२०५८ सालको दरबार हत्याकाण्ड पछि ज्ञानेन्द्र राजा बनेको एक वर्ष बित्दा नबित्दै संसद भङ्ग गरियो र स्थानीय निकाय पनि रहेन। त्यसपछि गाउँ विकास समिति कर्मचारीको भरमा चल्यो। विकास निर्माणको कुरै हरायो। २०६२/०६३ को जन आन्दोलन बाट विघटित संसदको पुनर्स्थापना पछि राजनीतिक दलहरुका प्रतिनिधिहरुको निर्णय बाट गा.वि.स.को कार्यक्रम संचालन हुन थाल्यो। केही काम त भएका थिए तर ठोस काम भएन र योजना बद्ध काम पनि भएन। जुन राजनीतिक दलका कार्यकर्ताको पहुँच पुग्दथ्यो उसैको वडा वा टोलमा केही काम हुन्थ्यो। कच्ची सडक खन्ने काम भने सुरु भएको थियो। राष्ट्रिय तहबाट हुने केही सार्वजनिक महत्वको काम भएका थिए। टोलहरुमा बिद्युत लाइनको बिस्तार क्रमिक रुपमा हुन थालेको थियो।

सञ्चार सेवा

सञ्चारको क्षेत्रमा लामो समय सम्म जिरी सुनसान अवस्था मै रह्यो। सुरुमा गाउँ विकास समितिको कार्यालयमा एउटा मात्र भिस्याट नामको दुर संचार सेवा चलेको थियो तर भरलाग्दो थिएन। पछि २०५५/०५६ तिर भिस्याट भन्ने टेलिफोन सेवा सुरु भएको थियो। यसमा भने ६/७ वटा लाइन भएकाले धेरै खर्च गरेर केही होटल वालाहरुले राखेका थिए। २०६५ सालमा उद्योग वाणिज्य संघ जिरीको पहलमा सिडिएमए भन्ने ३०० जति सेट एकैपटक ल्याइएको थियो र प्रति सेट रु. ८००० । मा वितरण भएको थियो। हनुमन्तेमा बिद्युत लाइन पुयाएर नेपाल टेलिकमको टावर बनेपछि भने घर घरमा सेट, हात हातमा मोवाईल भन्ने नारा साकार साकार भएको थियो। यसरी संचारको क्षेत्रमा राम्रो प्रगति भएको थियो।

जिरी नगरपालिका

जिरी नगरपालिका हुनु पूर्व नै जिरी गाउँ विकास समिति बाट जिरी नगरोन्मुख गाउँ विकास समिति बनेको थियो । पछिल्लो अवधिमा जिरी नगरोन्मुख गा.वि.स., ठुलोपातल गा.वि.स. र माली गा.वि.स. मिलाएर जिरी नगरपालिका बनेको थियो । संविधान सभाले करिव ८ बर्ष लगाएर नेपालको संविधान तयार गरी लागू भएपछि स्थानीय, प्रादेशिक र संघीय संरचनाहरु बनेको थियो । त्यसपछि श्यामा गा.वि.स. र जिरी नगरपालिका जोडिएर जिरी नगरपालिका बन्यो । भूगोल र जनसंख्याको अनुपातका आधारमा जिरी नगरपालिका हुने मापदण्डमा पुग्दैनथ्यो तर जिरी यस अघि नै नगरपालिका घोषित भै सकेकोले जिरी नगरपालिका कायम रहन गयो ।

२०७४ सालमा स्थानीय तहको पहिलो निर्वाचन सम्पन्न भयो । करिव १६ पछि जिरीले निर्वाचित स्थानीय सरकार पायो । त्यस पछि भने जिरी नगरपालिकाले आंशिक मात्रामा भएपनि विकास निर्माणका नीति, योजना र कार्यक्रम बनाएर नगर सभामा प्रस्तुत गरी पास गराएको थियो । यो नै स्थानीय सरकारको योजनाबद्ध विकासको प्रारम्भिक सुरुआत मान्न सकिन्छ । लक्ष्य पूरा हुनु वा नहुनु अर्को पक्ष हो तर पनि यो सकारात्मक पक्ष हो । सुरुमा नै जिरी नगरपालिकाले गहन र दूरगामी महत्व राख्ने नारा तय गरेको थियो, जसअनुसार : "ग्रीन जिरी, क्लीन जिरी, अर्गानिक जिरी"

"ग्रीन जिरी, क्लीन जिरी, अर्गानिक जिरी"

"ग्रीन" अति महत्वपूर्ण प्राकृतिक सम्पदा हुनुका साथै मानवीय सम्पदा पनि हो । ग्रीन मानिसको मात्र होइन सम्पूर्ण प्राणी जगतको जीवन हो । ४० वर्ष पहिला देखि रोपिएका सल्लाघारीले ग्रीन जिरी त बनेको थियो । आज यो हरियालीले प्रकृतिलाइ सजाएको छ, स्वच्छ वायु र चिस्यान पनि बढाएको छ, काठ दाउरा पनि दिएको छ । तर किसानले पालेका पशुले न सल्लाको घांस खान्छ, नत सल्लाको पातको अर्गानिक मल नै राम्रो बन्छ । सल्लाको फेदमा नत भुंइघाँस नै राम्रो उम्रन्छ । अब भने ग्रीन जिरीको हैसियत नबिगारिकन भएको अवस्थाको संरक्षण र सदुपयोग गर्दै सल्लाको बिकल्पमा अझ उपयोगी रुखका बिरुवा लगाउँने योजना बनाउनु जरुरी छ ।

"क्लीन" स्वास्थ्य र स्वच्छताको प्रतीक मानिन्छ । क्लीनको दुस्मन फोहोर हो । फोहोर बनाउने हामी मानिसहरु नै हौं प्रकृतिले कहिल्यै फोहोर बनाउँदैन । उसको फोहोर सफा गर्ने आफ्नै चक हुन्छ । हामी फोहोरलाई सदुपयोग गर्ने तर्फ ध्यान नदिएकै कारण प्रदुषण र दुर्गन्ध फैलाइरहेका हुन्छौं । विशेष गरि बजार क्षेत्रमा फोहोरको बढी समस्या छ । खोला, खोल्सा र सडकमा पसलका, घरका गाडीका फोहोर फाल्नाले समस्या आएको हो । नगरपालिकाले नियमित फोहोर उठाउँर डम्पिङ साइडमा थुपारेर सफा पारिरहेको छ । यो अल्प कालिन समाधान त हो तर दीर्घकालिन र दिगो समाधान भने होइन । हामीले महानगरपालिकाको फोहोरको समस्या देखि सक्यौं । अब जिरीले पनि फोहोरको सदुपयोग गराउने र फोहोरलाई मोहोर बनाउने योजना राख्नु पर्दछ ।

"अर्गानिक" प्राणि जगतको पोषण तत्व हो । पोषणले शक्ति र आयु बढाउँछ । अर्गानिक खाद्य वस्तुको उत्पादन र उपभोग आज विश्वब्यापी नारा बनेको छ । त्यसैले "अर्गानिक जिरी" आफैंमा महत्वपूर्ण छ । नगर पालिकाको योजनामा पनि कृषि र पर्यटन विकासलाई प्राथमिकतामा राखिएको हुँदा यी दुइटै क्षेत्रमा अर्गानिक उत्पादनको अहम् भुमिका रहन्छ । "अर्गानिक जिरी"को यस्तो महत्वपूर्ण नारा प्रस्तुत हुनु अति उत्तम थियो तर बितेको ५ बर्षमा नारा अनुसारको ठोस कार्यक्रम भने व्यवहारिक रुपमा आएन । अर्गानिक उत्पादनलाई आवश्यकता अनुसार भण्डारण गर्न शितभण्डार पनि बनेको छ । बिकीका लागि व्यापारिक कम्प्लेक्स पनि बनेको छ । अर्गानिक उत्पादन ओसार पसारका लागि जताततै सडक पनि बनेको छ तर अर्गानिक उत्पादन भने उचित मात्रामा हुन सकेको छैन । अर्गानिक उत्पादनका लागि सर्वप्रथम उपयुक्त र प्रयाप्त अर्गानिक मल चाहिन्छ । तसर्थ अर्गानिक मल बनाउने राम्रो तरिका किसानले जान्नु पयो । हुनत नगरपालिकाको कृषि शाखाले टनेल, कृषि औजार, बिउबिजन, बिरुवा उपलब्ध गराएर किसानलाई सहयोग गर्दै आएको छ तर यतीले मात्र पुग्दैन किसानलाई उचित तरिकाले अर्गानिक मल बनाउने र उपयोग गर्ने तरिकामा पनि सहजीकरण गर्नु पर्दछ । नगरपालिका आफैंले पनि अर्गानिक मल बनाउने उद्योग स्थापना गर्ने तर्फ

लाग्नु जरुरी छ। यसले अर्गानिक जिरी बनाउनका साथै क्लीन जिरीका लागि पनि मद्दत पुग्ने छ।

नगपालिका भित्र के काम भए ?

२०७४ देखि २०७९ साल बिचको ५ वर्षको अवधिमा जिरी नगरपालिका भित्र साना तथा मझ्यौला धेरैवटा योजनाहरु कार्यान्वयन भएका थिए। कतिपय अधुरा योजनाहरु पूरा भएका थिए, कतिपय थालेका योजनाहरु सम्पन्न भएका थिए भने कतिपय निर्माण कै क्रममा पनि छन।

सडक :

कार्यान्वयनका हिसाबले सडक निर्माणले प्राथमिकता पाएको थियो। टोल टोल, घर घरमा पुग्ने कच्ची सडक संजालले व्यापकता पाएको थियो। कतिले जताततै सडक खनेर बाढी पहिरोको जाखिम बढायो भने, कतिले वडाअध्यक्षहरुले आफ्नो डोजर चलाएर कमाउनलाई जथाभावि सडक खनेका हुन भने, जस्तोसुकै आलोचना भए पनि सडक गाउँ टोलको विकासका लागि पहिलो पूर्बाधार नै हो। भूकम्प पछिको पुनर्निर्माणमा बालुवा, गिटी, सिमेन्ट आदि निर्माण सामाग्री ढुवानी गर्न घरको नजिक सडक पुगेकाले धेरै मानिसहरुलाई सहज भएको थियो। बर्षा याममा नचले पनि हिउँदमा बोलेरो, ट्याक्टर चलेकै छन् र गाउँका मानिसले आफुले सकेको सुविधा उपभोग गरेका छन। कतिपय सडकमा विभिन्न तह र निकाय बाट आर्थिक श्रोत जुटाएर सोलिङ गर्ने काम पनि भइरहेको छ। कतिपय उकालो र असजिलो बाटोमा सिँढीदार पक्की पदमार्ग बनेका छन। सडक सुविधाका हिसाबले र विकासका हिसाबले पनि पहिलो पूर्वाधार हो। कच्ची सडक बनेको छ। अव यसको स्तरोन्नतिमा ध्यान पुऱ्याउनु जरुरी छ।

रमणीय र दर्शनीय स्थलहरु

पर्यटन विकास र मनोरञ्जनका लागि विभिन्न वडाका उपयुक्त ठाउँहरुमा पार्कहरु बनेका छन। मानिसका आस्था र विश्वासका केन्द्र मानिएको पूराना मठ मन्दिरको जीर्णोद्धार भएको छ भने कतिपय नव निर्माण समेत भएका छन। विभिन्न स्थानमा बुद्ध, शिव, हनुमान आदिका प्रतिमाहरु राखिएको छ। ती ठाउँ सम्म पुग्ने पहुँचमार्गहरु पनि बनेका छन।

वडा नं	रमणीय र दर्शनीय ठाँउहरू	विशेषता
१	स्टोनपार्क	ढुङ्गको बगैचा, शिव र गुरु रिम्पोचेको दर्शन, बालउद्यान, पोखरी, सभाहल।
२	ठुलो ढुङ्गा पार्क, क्याङ्से, चेर्दुङ	वज्रगुरु मन्त्र, दृश्यावलोकन
३	पिक्निक पार्क, हलेसी, गुरु रिम्पोछे	वनभोज, दर्शन, दर्शन
४	जिरेश्वर महादेव	दर्शन
५	तेञ्जिङ हिलारी पार्क, ढुङ्गेश्वरी महादेव, टोनहेगन पार्क	दृश्यावलोकन, धार्मिक आस्था, दृश्यावलोकन
६	बुद्ध पार्क, गुँरासपार्क, ठुलोनागी हनुमन्ते,	दर्शन दृश्यावलोकन, गुरास, पोखरी चौरीगाई अवलोकन टाढा टाढाको दृश्यावलोकन
७	हनुमन्ते डाँडा	दर्शन तथा मनोरम दृश्यावलोकन
८	रामबोले माई	दर्शन
९	देउरुम्बा पार्क	दृश्यावलोकन(निर्माणाधीन)

भवन निर्माण: नगरपालिकाको कार्यालय भवन, विभिन्न वडामा वडा कार्यालय भवन, सामाजिक भवन, कोल्डस्टोर, स्वास्थ्य केन्द्र, अस्पताल, बिद्यालय, व्यापारिक भवन आदि अरु पनि धेरै संरचनाहरु विभिन्न तह र निकायको आर्थिक सहयोग बाट बनेका र नगरपालिकाले पनि विभिन्न श्रोत जुटाएर निर्माण भएका छन।

कृषि : कृषि पशुपालनको क्षेत्रमा पनि कामहरु भएका छन। सहुलियतमा कृषि औजार, बेमौसमी खेतीका लागि टनेल, बिऊबिजन, फलफूलका बोट बिरुवा, गोठ सुधार आदि कुराहरु उपलब्ध गराई सहयोग गरेको छ।

उल्लेखित कामहरु केवल उदाहरण मात्र हुन। अरु पनि काम भएका छन। नगरपालिकाले आफ्नो श्रोत र साधनले भ्याएसम्म गर्न खोजेकै हो तर कतिपय सवालमा दुरगामी प्रभाव पार्ने र दीगो विकासको बाटो भने हामी सबैले पहिल्यउन सकिरहेका छैनौ। आगामी योजना तर्जुमा गर्दा समग्र जिरीको उन्नतिका लागि उपयुक्त र दीगो हुन सक्ने विकासको मार्ग पहिल्याउनु आवश्यक छ।

विकास के हो ?

विकास क्रमिक ढाँचा बाट अगाडि बढ्ने प्रकृया हो। बिनास मात्र तत्काल हुन्छ। बिगत देखि वर्तमान सम्म ६० वर्षको अन्तरालमा हामीले धेरै परिवर्तनहरु देखेका र भोगेका छौं। जुन बेलामा जाडोमा लगाउँन न सुरुवाल थियो न कोट न जुत्ता नै थियो, न बस्नका लागि उपयुक्त घर। आज हामी प्राय सबैले सुरुवाल, पेन्ट लगाएका छौ, स्वेटर, कोट वा ज्याकेट लगाएका छौं, हरेकले जुत्ता, चप्पल वा बुट लाएकै छौँ। नुन, तेल आदि उपभोग्य सामान जुटाउन ढाकर बोकेर हप्तौं हिडेर ल्याउनु पर्थ्यो, अनिकाल लाग्दा अन्न बेसाउन कति टाढा पुग्नु पर्थ्यो। तर आज घर छेवैमा उपभोग्य सामान उपलब्ध छ। प्राय धेरैको घरमा धारा बाट पानी खस्छ, । उज्यालोको लागि बिजुली बल्छ। कुरा गर्न हात हातमा मोबाइल छ। यता उता घुम्नका लागि सवारी साधन छ। भूकम्पको बिनास पछि त बस्नका लागि सबैको सुरक्षित र सुविधा युक्त घर पनि छ। जाँगर हुने र परिश्रम गर्नेका लागि पैसा पनि छ। अझै गुनासो गर्छौं विकास भएन। अनि यी सबै सुविधा विकास नभए के हो त ?

हामीले चाहेको विकास के हो ? कति हो ? कसरी विकास हुन्छ ? हरेक मानिसको उत्तर फरक होला तर साधारण अर्थमा लिँदा विकास त्यहाँका मानिसको गुणस्तरीय जीवन सँग जोडिएको विषय हो। जहाँ गुणस्तरीय जीवन छ त्यहाँ विकास भएको छ। जहाँ छैन त्यहाँ विकास भएको छैन। अब प्रश्न उठ्छ, जीवनको गुणस्तर कति हो ? गुणस्तर मापनमा पनि फरक फरक ब्याख्या र बिश्लेषण पाइन्छ। कसैले जीवनका आधारभूत आवश्यकताको सहज परिपूर्तिलाई मानेका छन, कसैले मानिसको कय शक्तिलाई आधार मानेका छन भने कसैले जीवन यापनको सहजता र सन्तोष प्राप्तिलाई गुणस्तर मानेका छन।

आधारभुत आवश्यकता परिपूर्ति भन्नाले खाने, लाउने, बस्ने (आवास), स्वास्थ्य, शिक्षा, सुरक्षा र सूचनाको सहज उपलब्धतालाई मानिएको छ। अर्थात उमेर अनुसारको स्वास्थ्यकर भोजन पाउनु। मौसम अनुसार शरीर रक्षाका लागि पोशाक लगाउँन पाउनु। पकाउने, सुत्ने, शौच गर्ने, पानी, बिजुली सहितको ब्यबस्थित घर हुनु। स्वास्थ उपचारको सुविधा पाउनु। शिक्षाका लागि स्कूल कलेजको सहजता हुनु। भयमुक्त वातावरणमा सुरक्षित भएर बस्न पाउनु। बाहिरी वातावरण सँगको सञ्चार सम्पर्कमा रहन पाउनु आदि हुन। त्यस्तै कय शक्ति भन्नले व्यक्ति वा परिवारले कमाउने आम्दानीलाई मानिएका हो। जति धेरै आम्दानी गर्न सक्छ उति उसको आवश्यकता अनुसारको उपभोग्य वस्तु किन्न सक्छ। त्यसैले आम्दानीका आधारमा गुणस्तर मापन गरिएको हो। अर्को छ जीवनयाँपनको सहजता र सन्तोष प्राप्ति, जीवनयाँपनको सहजता भनेको भौतिक एवं सामाजिक परिस्थिति अनुकुल हनु हो भने सन्तोष प्राप्ति भनेको मनोबैज्ञानिक अर्थात मानसिक सन्तुष्टिको अवस्था हो।

उल्लेखित कथनहरु दार्शनिक र प्राज्ञिक पक्षका विषय हुन। व्यवहारिक पक्षमा खोजौं विकास कसरी हुन्छ, कसरी गुणस्तरीय जीवन बन्छ ? सच्चा विकासका लागि व्यक्ति स्वयम् नै जागरुक र क्रियाशील हुनु पर्दछ। विकास अरुको भरले मात्र हुँदैन। क्षणिक राहत त मिल्छ तर दीर्घकालीन र दिगो विकास हुँदैन। मागेर छाक टर्ला, महिना टर्ला तर जीन्दगी भरि चल्दैन। दुनियामा कहिं पनि यस्तो छैन जँहा अरुको सहयोगमा मात्र समाज वा देशको विकास भएको होस। आफैंले गरेर नै विकास भएको छ। म विकसित भनिएका कुनै मुलुकमा पनि गएको छैन तर त्याहाँ देखेर भोगेर आउनेहरु बाट सुनेको छु, त्यहाँका मानिस आ आफ्ना काममा यती ब्यस्त छन कि आरामले बसेर खाने, गफ गर्ने एक क्षण पनि फुर्सत छैन। युबाहरुको त कुरै छाडौं बुढा बुढी समेत कुनै न कुनै काम गरेकै हुन्छन। मनन गरौ गोजीमा हात राखेर, यता उता सडकमा हल्लिएर, फोस्रा गफ हाकेर न व्यक्तिको

विकास हुन्छ न समाज र राष्ट्रको नै विकास हुन्छ। तसर्थ हर व्यक्ति आ-आफ्नो काममा इमान्दार र लगनशील भएर लागियो भने विकास आफैं हुन्छ। राज्य वा स्थानीय सरकाले उचित र अनुकुल परिस्थितिको श्रृजना एवं व्यबस्थापन मिलाउनु पर्दछ।

कृषिमा ध्यान दिनुपर्ने केही बुदाँहरु

जिरी नगरपालिका भएपनि ९०% भन्दा बढी मानिस गाउँ टोलमा बस्दछन्। गाउँ टोलबासीहरुको जीवनस्तर बढ्यो भने बजारबासीको पनि बढ्छ। गाउँलेहरुको मूख्य पेसा र आर्थिक आधार कृषि नै छ। फेरि पनि कृषि उत्पादन घट्दो क्रममा छ। कारण, युबाहरु बैदेशिक रोजगारी तर्फ लागेका छन, कतिपय मानिसहरु सुविधा खोजेर शहर बजार पसेका छन। कतिपय ठाउँमा बाँदर र वनजन्तुले बाली नोक्सान गरेर खेती गर्न छाडेका छन। लगाउँने बाली र खेती गर्ने पद्धति पूरानो भएका कारण उत्पादन कम भएकाले पनि खेती गर्न छाडेका छन। खेतीयोग्य बारी दिनानुदिन बाँझो हुँदै गएको छ। अनि कृषिको विकास कसरी हुन्छ ? जहाँ समस्या हुन्छ त्यहाँ समाधान पनि निकाल्न सकिन्छ। सरोकारवाला तथा विज्ञहरुको अन्तरक्रिया र परामर्श बाट समाधान आउन सक्छ। यसमा नगरपालिकाले पहल गर्नु जरुरी छ। उदाहरणका लागि केही बुँदाहरु प्रस्तुत छन :

१. अर्गानिक जिरी बनाउन र कृषिको क्षेत्रमा थप टेवा पुयाउन कुनैपनि मोडलको अर्गानिक मल उत्पादन गर्ने प्लाण्ट स्थापना गर्ने र किसानलाई पनि अर्गानिक मल बनाउन तथा उपयोग गर्ने तरिकाको लागि सहजीकरणको व्यवस्था मिलाएर।

२. जिरी नगरपालिकाको प्राय आवादी भएका सबै ठाउँमा किवि फलको उत्पादन हुने देखिएकाले बाँझो रहेका जग्गाहरुमा किसानलाई किबि खेतीमा प्रोत्साहन दिने र बिक्री गर्न समस्या भएमा रक्सी बनाउने उद्योगको स्थापना गर्न सहजीकरण गरेर।

३. बैदेशिक रोजगारीमा गएर कृषिको क्षेत्रमा काम गरी अनुभव लिएर फर्केका युबाहरुलाई आफ्नै क्षेत्रमा अनुभव र सीपको प्रयोग गर्न प्रोत्साहन गरेर।

४. परम्परागत बाली लगाएर राम्रो उत्पादन नभएको ठाउँमा त्यहाँको हावापानी माटो सुहाउँदो बाली लगाउँन परामर्श दिएर।

५. मल, सिंचाइ, खेती गर्ने प्रबिधि, आदिको सुधार गरेर।

६. निर्बाह मुखी भन्दा व्यावसायिक खेती तर्फ प्रोत्साहन गरेर।

७. बाँदर नियन्त्रणका उपायहरु अवलम्बन गरेर।

८. ब्यबस्थित र योजनबद्ध तरिकाले सल्लाका रुखहरुलाई विस्थापन गर्दै चौडा पात भएका रुखका बिरुवा लगाउँदै जाने ताकि किसानहरुले घाँस पत्कर उपलब्ध गरुन।

जिरीमा पर्यटन विकास

जिरीलाई पर्यटकीय नगरी पनि भन्ने गरिएको छ। कृषि र पर्यटनको माध्यम बाट जिरीको विकास गर्ने जिरी नगरपालिकाको लक्ष्य र उद्देश्य पनि छ। कहिलेकाँही केही मानिसहरु पाहुनाको हिसाबमा जिरी आएर एक छाक खाएर अथवा एक रात सुतेर केही होटल, लजहरुलाई केही पैसा तिर्दैमा जिरीको विकास हुँदैन। जिरी आउने पर्यटकको बसाइ लम्ब्याउने वाताबरण श्रृजना हुनुपयो। खाने र सुत्ने ठाउँमा मात्र नभएर अरु ठाउँमा पनि खर्च गर्न सक्ने परिस्थिति आउनु पर्यो। पर्यटकलाई बाटो देखाउने, यातायातका साधनमा राखेर घुमाउने जस्ता काममा अरुले पनि रोजगारी पाउनु पयो। यस्तै अरु पनि विषय देखाउन सकिन्छ। यसका लागि केही सम्भावनाहरु पहिल्याएर सुरुवाती अबस्थामा पनि पुगेको छ। जस्तै जिरीताल निर्माणको विषय। जिरीताल निर्माणको थालनी मात्र हुन सक्यो भने जिरीमा विभिन्न सोच भएका मानिसको आकर्षण बढ्ने छ। त्यसले अरु सम्भावनाहरु पनि पहिल्याउने छ र कार्यान्वयनमा आउने छ।

सज्जनहरुको बस्ती

जिरी नगरपालिका भित्र सुन्दर र शान्त खालि ठाउँहरु छन। कुनै एउटा उपयुक्त ठाउँमा योजनाबद्ध ढङ्गले १ जना, २ जना अथवा एउटा परिवार बस्न मिल्ने साना तर सुविधायुक्त कम्तिमा १० वटा छुट्टाछुट्टै घरहरु बनाएर एउटा बस्ती विकास गर्न सकिन्छ। सडक, बिद्युत, पानी, सञ्चार, स्वास्थ, सुरक्षा आदि आवश्यक सुविधाहरु होस। यहाँ केही दिन वा केही महिना आगन्तुकहरु आएर बस्न सकुन। स्वच्छ हावापानी भएको ठाउँ भएकोले कतिपय दीर्घ रोगीहरु स्वास्थलाभका लागि बस्न सकुन। कतिपय स्थानीयहरु पनि अवकास जीवनमा शहरतिर पलायन हुन्छन्, उनीहरुपनि यही ठाउँमा बस्ने वातावरण बनोस। कतिपय स्थानीय युबाहरु बिदेशमा पलायन भएका छन्, धन कमाएका पनि छन्, शहरमा लगानी गर्छन्, उनीहरुलाई पनि यही ठाउँमा लगानी गर्न र नमूना अनुसारको घर बनाएर यहाँ आएको बेला बस्न सकुन। अरु पनि थुप्रै सम्भावनाहरु छन्। हामीले योजना बनाएर साकार रुप दिन सकियो भने जिरी बाट पलायन भएको जनसंख्याको ठाउँमा नयाँ पुनर्स्थापन हुन सक्दछ। यसले जिरीको पर्यटनमा पनि चहल पहल बढाउने छ।

जिरी एक शैक्षिक हब

आगामी योजनाहरुमा जिरी नगरपालिकालाई उच्च शिक्षाको हब बनाउने भन्ने उद्देश्य पनि राख्नु उपयुक्त हुनेछ र यसका लागि केही सम्भावनाहरु आगामी दिनमा पहल गर्नका लागि प्रस्तुत छ।

१. जिरीलाई उच्च शिक्षाको शैक्षिक हबको रुपमा विकास गर्न हालको गाई अनुबांसिक फर्मलाई कृषि बिज्ञान स्नातक (BSc Ag) तहको क्याम्पस सञ्चालनका लागि पहल गर्ने। जिरी प्राविधिक शिक्षालयमा ISc Ag पढेकाहरुले जिरीमा नै स्नातक तह पढ्ने अवसर पाउने छन्।

२. जिरी नगरपालिकामा स्नातक तहको कलेज छ तर हाल सम्म स्नातकोत्तर तहको कलेज छैन। शिक्षा क्षेत्रमा नगरपालिकाको हैसियत बढाउन कमसेकम एउटा कुनै पनि विषयको स्नातकोत्तर (Masters) तहको कलेज स्थापना गर्न सहजीकरण गर्नु राम्रो हुनेछ।

३. जिरीको एउटा महत्वपूर्ण ठाउँ पुरनो प्रशिक्षण केन्द्र हाल सेना बसेको स्थान कुनै सदुपयोगमा आएको छैन। थोरै सेनाले केवल ठाउँ रुँगेर मात्र बसेको अवस्था छ। सेनालाई पनि बस्नु न छोडनुको घाँडो जस्तो भएको देखिन्छ। केही वर्ष पहिला नेपाल सेनाले नै स्कूल चलाउने कुरो चलेको थियो। त्यस्तै भाडामा लिएर कसैले प्राविधिक कलेज चलाउने प्रशङ्ग पनि उठेको थियो। तर कार्यान्वयनमा आएन। फेरिपनि त्यो ठाउँमा कुनै पनि तहको शिक्षण संस्था कोही कसैबाट स्थापना गरउन पहल गर्नु आवश्यक छ।

जिरी नगरपालिकाले लक्षित उद्देश्य परिपूर्तिका लागि कतिपय काम पूरा गरिसकेको पनि छ। कतिपय हुँदै पनि छन। निरन्तर हुँदै पनि जानेछन्। नगरपालिकाको कार्यक्षेत्र भित्र अनेक महत्वपूर्ण अल्पकालीन र दीर्घकालीन कामहरु हुन्छन। समय र परिस्थितिले नयाँ नयाँ योजनाहरुको श्रृजना पनि गर्दछ। जिरी नगरपालिकाले आगामी दिनका नीति, योजना, कार्यक्रम तर्जुमा गर्दा केही विज्ञहरु सँगको अन्तरक्रिया वा परामर्श गर्नु अझ राम्रो हुनेछ।

अन्तमा जिरीको विषयमा छोटो चिनारी लेख्ने अवसर दिनु भएकोमा जिरी नगरपालिका परिवारमा धन्यवाद ज्ञापन गर्दै सम्पूर्ण पठकहरु प्रति आभार व्यक्त गर्दछु।

॥ भवतु सर्ब मंगलम् ॥

परिच्छेद-३

३. पारिवारिक विवरण तथा जनसंख्याको अवस्था

जनसंख्या (POPULATION)

कुनै निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने मानिसहरुको कुल संख्यालाई जनसंख्या भनिन्छ । यो जन्म, मृत्यु, बसाइँसराई जस्ता जनसांख्यिकीय तत्त्वहरुको उपज हो । यसलाई कुनै पनि राष्ट्रको लागि राष्ट्रिय क्रियाकलाप निर्धारण गर्ने Road Map का रुपमा लिईएको हुन्छ । यो राज्यको आधारभूत, अपरिहार्य र महत्त्वपूर्ण तत्त्व हो ।

३.१ जनगणना (POPULATION CENSUS)

कुनै देशको निर्धारित सीमानाभित्र निश्चित समयमा अक्सर बसोबास गरिरहेका व्यक्ति तथा परिवारहरुको जनसांख्यिक, सामाजिक तथा आर्थिक विवरणहरु व्यवस्थित रुपमा संकलन गर्ने र तिनीहरुको प्रशोधन तथा विश्लेषणमार्फत सान्दर्भिक सूचक तथा तथ्यांकहरु तयार गरी प्रकाशन गर्ने समग्र प्रक्रियालाई जनगणना भनिन्छ । नेपालमा वि.सं. १९६८ (सन् १९११) सालदेखि जनगणना गर्ने कार्यको शुरुवात भएको र त्यसपछि प्रत्येक १०/१० वर्षको अन्तरालमा जनगणना संचालन हुँदै आएको छ । वि.सं. १९९८ सालसम्म भएका जनगणना सामान्य Head Count का रुपमा सीमित थिए भने वि.सं. २००९/११ सालदेखि संचालन भएका जनगणनाहरु अन्तर्राष्ट्रिय विधि र मापदण्डको प्रयोग गरी जनसंख्याका अन्य विशेषता समेत थपेर संचालन गरिएका कारण वैज्ञानिक जनगणना मानिन्छन्।वि.सं. २०७८ सालको राष्ट्रिय जनगणना नेपालको बाह्रौं र वि.सं. २०७२ मा जारी भएको नेपालको संविधान बमोजिमको संघीय प्रणाली लागू भएपश्चातको पहिलो जनगणना हो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसंख्या २,९१,६४,५७८ रहेको छ, जसमध्ये पुरुषको जनसंख्या १,४२,५३,५५१ (४८.८७ प्रतिशत) र महिलाको जनसंख्या १,४९,११,०२७ (५१.१३ प्रतिशत) छ । प्रदेशगत रुपमा जनसंख्याको वितरणलाई हेर्ने हो भने नेपालकै सबैभन्दा बढी जनसंख्या बागमती प्रदेशमा ६१,१६,८६६ (२०.९७ प्रतिशत) रहेको छ ।

करिब दश वर्ष अघि १५,५१५ रहेको जिरी नगरपालिकाको जनसंख्या हाल १६,१०९ पुगेको छ । जसमा पुरुषको जनसंख्या ७,८०९ रहेको छ भने महिलाको जनसंख्या ८,३०० रहेको छ ।नेपालभर ३४ जिल्लाको वार्षिक जनसंख्या वृद्धिदर ऋणात्मक रही समग्र दोलखा जिल्लाको वार्षिक जनसंख्या वृद्धिदर समेत ऋणात्मक (-०.७४ प्रतिशत) रहेको अवस्थामा यस नगरपालिकाको वार्षिक जनसंख्या वृद्धिदर भने धनात्मक (०.३६ प्रतिशत) रहेको पाईएको छ । समग्र मुलुकको जनसंख्याको लैङ्गिक अनुपात (प्रति सय महिलामा पुरुषको जनसंख्या) ९५.५९ रहेकोमा दोलखा जिल्लाको ९४.०२ र जिरी नगरपालिकाको ९४.०८ रहेको देखिन्छ । त्यस्तै नेपालको जनघनत्व १९८ जना प्रति वर्ग कि.मी. रहेकोमा दोलखा जिल्लाको ७९ जना प्रति वर्ग कि.मी. र जिरी नगरपालिकाको ७६ जना प्रति वर्ग कि.मी. पाइएको छ । नेपालको परिवारको औषत आकार ४.३७ जना रहेको पाईएकोमा दोलखा जिल्लाको ३.४९ (गोरखा जिल्ला सँगै नेपालकै सबैभन्दा सानो परिवार आकारको रुपमा रहेको) जना र जिरी नगरपालिकाको ३.३० जना रहेको देखिन्छ ।त्यसैगरी नेपालका ८६ प्रतिशत परिवार आफ्नै स्वामित्वको घरमा बसोबास गरिरहेकामा दोलखा जिल्लाको तथ्याङ्क हेर्दा त्यस्तो संख्या ९४.७३ प्रतिशत र जिरी नगरपालिकाको ९४.०३ प्रतिशत रहेको पाईन्छ । त्यस्तै दश वर्ष अघि नेपालका ६५.९४ प्रतिशत जनसंख्या साक्षर थिए भने हाल उक्त दर ७६.२ प्रतिशत पुगेको छ । दोलखा जिल्लामा साक्षरता दर ७२.३१ प्रतिशत रहँदा जिरी नगरपालिकाको भने ७२.४४ प्रतिशत पाईएको छ । नेपालमा कुनै न कुनै प्रकारको अपाङ्गता भएका व्यक्तिहरु ६,४७,७४४ रहेकोमा दोलखा जिल्लामा ५६०० जना र जिरी नगरपालिकामा ४४१ जना व्यक्तिहरुमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको देखिएको छ । देशमा ५ वर्ष वा सोभन्दा मुनिका ७४.० प्रतिशत

बालबालिकाको जन्मदर्ता भएको भेटिँदा दोलखा जिल्लाका ८२.२२ प्रतिशत र जिरी नगरपालिकाका ८१.० प्रतिशत बालबालिकाहरुको जन्मदर्ता भएको पाईएको छ।

यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ:-

तालिका नं. ४ जनगणना सम्बन्धी जिरी नगरपालिकाको संक्षिप्त विवरण

क्र.सं.	विवरण	नेपाल	दोलखा जिल्ला	जिरी नगरपालिका
१	कुल जनसंख्या	२,९१,६४,५७८	१,७२,७६७	१६,१०९
२	पुरुषको जनसंख्या	१,४२,५३,५५१	८३,७२०	७,८०९
३	महिलाको जनसंख्या	१,४९,११,०२७	८९,०४७	८,३००
४	वार्षिक जनसंख्या वृद्धिदर (प्रतिशतमा)	०.९२	-०.७४	०.३६
५	लैङ्गिक अनुपात (पुरुष प्रति १०० महिला)	९५.५९	९४.०२	९४.०८
६	जनघनत्व (जनसंख्या प्रति वर्ग कि.मि.)	१९८	७९	७६
७	परिवार संख्या	६६,६६,९३७	४९,५३८	४,२४४
८	परिवार संख्या (व्यक्तिगत)	६६,६०,८४१	४९,४९३	४,२४४
९	परिवार संख्या (संस्थागत)	६,०९६	४५	*
१०	परिवारको औषत आकार	४.३७	३.४९	३.८०
११	कुल साक्षरता दर (प्रतिशतमा)	७६.२	७२.३१	७२.४४
१२	पुरुषको साक्षरता दर (प्रतिशतमा)	८३.६	८१.०७	८०.६९
१३	महिलाको साक्षरता दर (प्रतिशतमा)	६९.४	६४.१६	६४.७७
१४	५ वर्ष वा सोभन्दा मुनिका बालबालिकाको जन्मदर्ता भएको (प्रतिशतमा)	७४.०	८२.२२	८१.०
१५	कुनै न कुनै किसिमको अपाङ्गता भएको जनसंख्या	६,४७,७४४	५,६००	४४१
१६	कुनै न कुनै किसिमको अपाङ्गता भएका पुरुषको संख्या	३,५१,३०१	२,९४८	२४६
१७	कुनै न कुनै किसिमको अपाङ्गता भएका पुरुषको संख्या	२,९६,४४३	२,६५२	१९५
१८	आफ्नै स्वामित्वको घरमा बसोबास रहेका परिवार संख्या (प्रतिशतमा)	८६.०	९४.७३	९४.०३
१९	महिलाको नाममा घर र जग्गा दुवै हुने परिवार (प्रतिशतमा)	७,८८,९१७	५,४२६	*

२०	कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने परिवार (प्रतिशतमा)	९५.५	९९.२७	९८.१६
२१	स्मार्ट मोबाईल फोन प्रयोग गर्ने परिवार (प्रतिशतमा)	७३.०	५२.२३	६६.४९
२२	१० वर्ष वा सो भन्दा माथिका आर्थिक रुपले सक्रिय जनसंख्या (प्रतिशतमा)	६५.५	७७.२४	७७.५८
२३	विदेशमा अक्सर बसोबास गर्ने (विदेश गएका) व्यक्तिको जनसंख्या	२१,९०,५९२	९,१००	*
२४	लैङ्गिक तथा यौनिक अल्पसंख्यकको जनसंख्या	२९२८	*	*
२५	महिला परिवारमूली भएका परिवार (प्रतिशतमा)	३१.५५	*	*
२६	मातृ मृत्युदर (प्रति लाखमा)	१५१	*	*

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.२ वडागत तथ्याङ्क सहितको जनसांख्यिक विवरण

३.२.१ जनसंख्या, परिवार संख्या, परिवारको औषत आकार र लैङ्गिक अनुपात

राष्ट्रिय जनगणना २०७८ को अन्तिम नतिजा अनुसार (जनगणनाको सन्दर्भ दिन वि.सं. २०७८ साल मंसीर ९ गते) नेपालको जनसंख्या २,९१,६४,५७८ जना पुगेकोमा महिलाको जनसंख्या १,४९,११,०२७ र पुरुषको जनसंख्या १,४२,५३,५५१ रहेको पाईन्छ। जुन २०६८ सालको जनसंख्याको तुलनामा २६,७०,०७४ ले बढी हो। यसरी हेर्दा विगत दश वर्षमा देशको जनसंख्या १०.०८ प्रतिशतले बढेको देखिन्छ। वि.सं. २०५८ देखि २०६८ सम्मको दश वर्षको अवधिको औषत वार्षिक जनसंख्या वृद्धिदर १.३५ प्रतिशत रहेकोमा वि.सं. २०६८ देखि २०७८ सम्मको दश वर्षको अवधिको औषत वार्षिक जनसंख्या वृद्धिदर ०.९२ प्रतिशत रहेको पाईएको छ। दश वर्ष अघि ५४,२७,३०२ परिवार रहेकोमा हाल उक्त संख्या बढेर ६६,६६,९३७ (व्यक्तिगत परिवार र संस्थागत परिवार समेत) पुगेको छ। त्यस्तै वि.सं. २०६८ सालको जनगणनामा ९४.१६ रहेको लैङ्गिक अनुपात हाल ९५.५९ रहेको देखिन्छ। विगत दश वर्षको अवधिमा परिवारको औषत आकार पनि ४.८८ जना बाट घटेर ४.३७ जना पुगेको छ।

त्यस्तै २०६८ सालमा १,८६,५५७ जनसंख्या रहेको दोलखा जिल्लामा २०७८ मा आइपुग्दा जनसंख्या घटी १,७२,७६७ मात्र रहेको देखिएको छ। जसमा महिलाको जनसंख्या ८९,०४७ र पुरुषको जनसंख्या ८३,७२० रहेको पाईन्छ। विगत दश वर्षमा यो जिल्लाको जनसंख्यामा १३,७९० ले कमी आएको छ। २०६८ को जनगणनामा औषत वार्षिक जनसंख्या वृद्धिदर -०.९१ प्रतिशत रहेकोमा २०७८ को जनगणनामा यस्तो वृद्धिदर -०.७४ प्रतिशत रहेको पाईएको छ। दश वर्ष अघि यस जिल्लाको परिवार संख्या ४५,६८८ रहेकोमा हाल उक्त संख्या बढेर ४९,५३८ (४५ संस्थागत परिवार समेत) पुगेको छ। त्यस्तै वि.सं. २०६८ सालको जनगणनामा ८७.३९ रहेको लैङ्गिक अनुपात हाल ९४.०२ रहेको देखिन्छ। विगत दश वर्षको अवधिमा परिवारको औषत आकार पनि ४.०८ जना बाट घटेर ३.४९ जना पुगेको छ।

त्यसैगरी २०६८ सालमा १५,५१५ जनसंख्या रहेको जिरी नगरपालिकामा २०७८ सम्म आइपुग्दा जनसंख्या बढेर १६,१०९ पुगेको देखिएको छ। जसमा महिलाको जनसंख्या ८,३०० र पुरुषको जनसंख्या ७,८०९ रहेको पाईन्छ। विगत दश वर्षमा यो नगरपालिकाको जनसंख्या ५९४ ले बढेको छ।यसैगरी २०७८ को जनगणनामा यस नगरपालिकाको औषत वार्षिक जनसंख्या वृद्धिदर ०.३६ प्रतिशत रहेको पाईएको छ। दश वर्ष अघि यस नगरको परिवार संख्या ३,८५४ रहेकोमा हाल उक्त संख्या बढेर ४,२४४ पुगेको छ। त्यस्तै वि.सं. २०६८ सालको जनगणनामा ८५.० रहेको लैङ्गिक अनुपात हाल ९४.०८ रहेको देखिन्छ। विगत दश वर्षको अवधिमा परिवारको औषत आकार पनि ४.०३ जना बाट घटेर ३.८० जना पुगेको छ।

यससम्बन्धी विस्तृत विवरण तलको तालिका र स्तम्भ चित्रमा समेत उल्लेख गरिएको छ:-

तालिका नं. ५ : जनसंख्या, परिवार संख्या, परिवारको औषत आकार र लैङ्गिक अनुपातको विवरण

क्षेत्र	परिवार संख्या	जम्मा जनसंख्या	पुरुषको संख्या	महिलाको संख्या	परिवारको औषत आकार	लैङ्गिक अनुपात
जिरी नगरपालिका	४२४४	१६१०९	७८०९	८३००	३.८०	९४.०८
वडागत विवरण:						
वडा नं.: १	३५६	१८८३	९३६	९४७	५.२९	९८.८४
वडा नं.: २	४२५	१५१५	७४४	७७१	३.५६	९६.५०
वडा नं.: ३	४२२	१४७३	६९९	७७४	३.४९	९०.३१
वडा नं.: ४	४३९	१५८५	७५४	८३१	३.६१	९०.७३
वडा नं.: ५	५६७	२०४५	९६३	१०८२	३.६१	८९.००
वडा नं.: ६	५६१	२११३	१०२७	१०८६	३.७७	९४.५७
वडा नं.: ७	४६८	१८००	८६६	९३४	३.८५	९२.७२
वडा नं.: ८	५१०	१७९८	८७६	९२२	३.५३	९५.०१
वडा नं.: ९	४९६	१८९७	९४४	९५३	३.८२	९९.०६

स्रोत: राष्ट्रिय जनगणना, २०७८



३.२.२ उमेर समूह अनुसारको जनसंख्या संरचना

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशको जनसंख्याको उमेरगत संरचनालाई ५ वर्षको उमेर समूहमा विभाजन गरी अध्ययन गर्दा १५ देखि १९ वर्ष उमेर समूहको जनसंख्या सबैभन्दा बढी १०.२ प्रतिशत देखिन आएको छ। जस अनुसार पुरुषको जनसंख्या १० देखि १४ वर्ष उमेर समूहको सबैभन्दा बढी १०.५ प्रतिशत र महिलाको जनसंख्या २० देखि २४ वर्ष उमेर समूहको सबैभन्दा बढी ९.९ प्रतिशत रहेको पाईन्छ।

त्यस्तै दोलखा जिल्लाको जनसंख्याको उमेरगत संरचनालाई अध्ययन गर्दा १५ देखि १९ वर्ष उमेर समूहको जनसंख्या सबैभन्दा बढी ९.५३ प्रतिशत देखिन आएको छ। यसैगरी पुरुष र महिलाको उमेरगत संरचना हेर्दा दुवैको जनसंख्या १५ देखि १९ वर्ष उमेर समूहमा सबैभन्दा बढी क्रमश: ९.६६ प्रतिशत र ९.४१ प्रतिशत रहेको पाईयो।

त्यसैगरी जिरी नगरपालिकाको जनसंख्याको उमेरगत संरचना हेर्दा १५ देखि १९ वर्ष उमेर समूहको जनसंख्या सबैभन्दा बढी १०.२४ प्रतिशत देखिन आएको छ। यसैगरी पुरुष र महिलाको उमेरगत संरचना हेर्दा दुवैको जनसंख्या १५ देखि १९ वर्ष उमेर समूहमा सबैभन्दा बढी क्रमश: १०.१० प्रतिशत र १०.३६ प्रतिशत रहेको पाईयो।

यससम्बन्धी विस्तृत विवरण तलको तालिका र स्तम्भ चित्रमा समेत उल्लेख गरिएको छ:-

तालिका नं. ६ : उमेर समूह अनुसारको जनसंख्या संरचना

	जिरी नगरपालिका			वडा नं. १			वडा नं. २			वडा नं. ३			वडा नं. ४			वडा नं. ५			वडा नं. ६			वडा नं. ७			वडा नं. ८			वडा नं. ९		
	कुल जनसंख्या	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला
उमेर समूह	१६१०९	७८०९	८३००	१८८३	९३६	९४७	१५१५	७४४	७७१	१४७३	६९९	७७४	१५८५	७५४	८३१	२०४५	९६३	१०८२	२११३	१०२७	१०८६	१८००	८६६	९३४	१७९८	८७६	९२२	१८९७	९४४	९५३
०–४	११३४	५९५	५३९	१३८	७७	६१	१३३	६९	६४	११७	६३	५४	१०५	४६	५९	१२७	७१	५६	१२०	६२	५८	१०४	५०	५४	१४५	७४	७१	१४५	८३	६२
५-९	१३४८	६८२	६६६	१६२	८७	७५	१२२	६४	५८	१२५	६३	६२	१३६	५४	८२	२०८	१०२	१०६	१७६	१००	७६	१३९	६०	७९	१४२	८१	६१	१३८	७१	६७
१०-१४	१३३६	६५०	६८६	१३५	५२	८३	१३८	६४	७४	१०७	४७	६०	१४६	७२	७४	१७५	८९	८६	१६७	९०	७७	१६१	८३	७८	१६७	८८	७९	१४०	६५	७५
१५-१९	१६४९	७८९	८६०	१८८	८९	९९	१३३	७६	५७	१२७	५९	६८	१७१	८१	९०	२५४	११९	१३५	१८९	८९	१००	२०४	९७	१०७	१८७	८०	१०७	१९६	९९	९७
२०-२४	१४७४	६९१	७८३	१८५	८९	९६	११२	४९	६३	१३८	६६	७२	१२५	५८	६७	१९४	८१	११३	१७९	८३	९६	१७३	८७	८६	१५३	७३	८०	२१५	१०५	११०
२५-२९	१४१७	६७७	७४०	२०९	११४	९५	११७	४८	६९	११६	५५	६१	१०२	४३	५९	१९५	८४	१११	२१३	९६	११७	१५४	८४	७०	१४२	६५	७७	१६९	८८	८१
३०३४	१२५०	५९३	६५७	१६८	८३	८५	१२२	७०	५२	९२	४५	४७	११५	६०	५५	१९३	८५	१०८	१९७	८३	११४	१४०	५४	८६	११६	५४	६२	१०७	५९	४८
३५-३९	११२६	५५४	५७२	१४९	७७	७२	९१	४७	४४	७६	२७	४९	१२८	६०	६८	१६३	७८	८५	१५७	८३	७४	१२९	६४	६५	११७	६१	५६	११६	५७	५९
४०-४४	८३९	४०२	४३७	१२३	६२	६१	७४	३५	३९	६६	२९	३७	७९	३५	४४	१०५	५५	५०	११९	५९	६०	९३	४४	४९	९७	४५	५२	८३	३८	४५
४५-४९	७४०	३५०	३९०	९१	४५	४६	५३	२२	३१	८९	४३	४६	७५	३९	३६	९१	३७	५४	१०२	५५	४७	७४	३५	३९	६९	२९	४०	९६	४५	५१
५०-५४	९१९	४३६	४८३	८३	४४	३९	९१	३५	५६	८३	३८	४५	८२	४२	४०	९३	४८	४५	१४३	६९	७४	११६	५३	६३	१०६	४९	५७	१२२	५८	६४
५५-५९	७७९	३८२	३९७	५९	२९	३०	१०८	५०	५८	९१	४१	५०	८१	४८	३३	६७	३१	३६	११०	५३	५७	८२	३९	४३	९१	४५	४६	९०	४६	४४
६०-६४	६७७	३३६	३४१	५३	२८	२५	७८	३९	३९	६०	३१	२९	७६	३७	३९	६२	२९	३३	९७	४६	५१	७२	३७	३५	८९	४०	४९	९०	४९	४१
६५-६९	५१८	२४५	२७३	६१	२४	३७	५१	३२	१९	७५	३४	४१	६०	२९	३१	४०	१६	२४	५९	२५	३४	५३	२८	२५	६०	३२	२८	५९	२५	३४
७०-७४	३७०	१८१	१८९	३७	१६	२१	३४	१६	१८	५४	२९	२५	४५	२०	२५	३६	१७	१९	३५	१७	१८	४०	२३	१७	५२	२४	२८	३७	१९	१८
७५-७९	२५५	१२२	१३३	२४	११	१३	२८	१३	१५	२२	१३	९	२६	१६	१०	२४	१०	१४	१८	५	१३	२८	१३	१५	३३	२२	११	५२	१९	३३
८०-८४	१५२	६६	८६	१२	६	६	९	६	३	१७	६	११	२२	९	१३	१०	६	४	२२	९	१३	२३	७	१६	१७	७	१०	२०	१०	१०
८५-८९	८३	३९	४४	५	२	३	१५	८	७	८	४	४	७	३	४	५	५	०	९	३	६	९	४	५	१०	५	५	१५	५	१०
९०-९४	३१	१३	१८	१	१	०	५	१	४	५	३	२	३	१	२	३	०	३	१	०	१	४	३	१	४	२	२	५	२	३
९५+	१२	६	६	०	०	०	१	०	१	५	३	२	१	१	०	०	०	०	०	०	०	२	१	१	१	०	१	२	१	१



३.२.३ पाँच वर्ष वा सोभन्दा कम उमेरका बालबालिकाको जन्मदर्ताको अवस्था

राष्ट्रिय जनगणना २०७८ मा पहिलो पटक ५ वर्ष वा सोभन्दा कम उमेरका बालबालिकाको जन्मदर्ताको अवस्थाबारे सोधिएकोमा देशका कुल ३०,०७,६४८ बालबालिकाहरुमध्ये २२,२६,७१५ जना (७४.० प्रतिशत) बालबालिकाको मात्र जन्मदर्ता गरेको पाइयो भने बाँकी २६.० प्रतिशत बालबालिकाको अझै पनि जन्मदर्ता गरेको पाईएन।

त्यस्तै दोलखा जिल्लाका ५ वर्ष वा सो भन्दा कम उमेरका कुल १४,६११ बालबालिकाहरुमध्ये १२०१३ जना (८२.२२ प्रतिशत) बालबालिकाको मात्र जन्मदर्ता गरेको पाइयो भने बाँकी १७.७८ प्रतिशत बालबालिकाको अझै पनि जन्मदर्ता गरेको पाईएन।

त्यसैगरी जिरी नगरपालिकाका ५ वर्ष वा सो भन्दा कम उमेरका कुल १,३९५ बालबालिकाहरुमध्ये १,१३० जना (८१.० प्रतिशत) बालबालिकाको मात्र जन्मदर्ता गरेको पाइयो भने बाँकी २६५ जना (१९.० प्रतिशत) बालबालिकाको अझै पनि जन्मदर्ता गरेको पाईएन।

यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ:-



तालिका नं. ७ : पाँच वर्ष वा सोभन्दा कम उमेरका बालबालिकाको जन्मदर्ताको अवस्था											
	लिङ्ग	जिरी नगरपालिका	वडा नं. १	वडा नं. २	वडा नं. ३	वडा नं. ४	वडा नं. ५	वडा नं. ६	वडा नं. ७	वडा नं. ८	वडा नं. ९
जन्म दर्ता गरेका बालबालिका	पुरुष	५८८	७२	६९	६४	५२	६५	७१	४६	६३	८६
	महिला	५४२	५९	६६	५८	७०	५०	६०	५०	६७	६२
	जम्मा	११३०	१३१	१३५	१२२	१२२	११५	१३१	९६	१३०	१४८
जन्म दर्ता नगरेका बालबालिका	पुरुष	१३४	२२	९	१२	३	२३	१५	१७	२१	१२
	महिला	१३१	१५	१०	१०	१२	२७	१०	१९	१८	१०
	जम्मा	२६५	३७	१९	२२	१५	५०	२५	३६	३९	२२
जम्मा बालबालिका		१३९५	१६८	१५४	१४४	१३७	१६५	१५६	१३२	१६९	१७०

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.२.४ साक्षरता दर सम्बन्धी विवरण

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल २,६७,२५,२९५ जनसंख्यामा २,०३,७७,९८० जना पढ्न र लेख्न दुवै जान्ने देखिएको छ। यस अनुसार देशको समग्र साक्षरता दर ७६.२ प्रतिशत कायम भएको छ। जसमा पुरुषको साक्षरता दर ८३.६ प्रतिशत र महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहको छ।

त्यसैगरी दोलखा जिल्लाका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल १,६०,८५८ जनसंख्यामा १,१६,३१२ जना पढ्न र लेख्न दुवै जान्ने देखिएको छ। यस अनुसार दोलखा जिल्लाको समग्र साक्षरता दर ७२.३१ प्रतिशत कायम भएको छ। जसमा पुरुषको साक्षरता दर ८१.०७ प्रतिशत र महिलाको साक्षरता दर ६४.१६ प्रतिशत रहको छ।

त्यस्तै जिरी नगरपालिकाका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल १४,९७५ जनसंख्यामा १०,८४८ जना पढ्न र लेख्न दुवै जान्ने देखिएको छ। यस अनुसार नगरको समग्र साक्षरता दर ७२.४४ प्रतिशत कायम भएको छ। जसमा पुरुषको साक्षरता दर ८०.६९ प्रतिशत र महिलाको साक्षरता दर ६४.७७ प्रतिशत रहको छ।

यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ:-

तालिका नं. ८: साक्षरता दर सम्बन्धी विवरण

क्षेत्र	लिङ्ग	५ वर्ष वा सो माथिको जनसंख्या	पढ्न र लेख्न दुवै जान्ने	पढ्न मात्र जान्ने	पढ्न र लेख्न दुवै नजान्ने	उल्लेख नभएको	साक्षरता दर
जिरी नगरपालिका	जम्मा	१४९७५	१०८४८	३६	४०९१	०	७२
	पुरुष	७२१४	५८२१	१६	१३७७	०	८१
	महिला	७७६१	५०२७	२०	२७१४	०	६५
वडागत विवरण:							
वडा नं.: १	जम्मा	१७४५	१३१०	३	४३२	०	७५
	पुरुष	८५९	७३३	२	१२४	०	८५
	महिला	८८६	५७७	१	३०८	०	६५
वडा नं.: २	जम्मा	१३८२	९३३	१४	४३५	०	६८
	पुरुष	६७५	५१८	९	१४८	०	७७
	महिला	७०७	४१५	५	२८७	०	५९
वडा नं.: ३	जम्मा	१३५६	८६३	०	४९३	०	६४
	पुरुष	६३६	४५७	०	१७९	०	७२
	महिला	७२०	४०६	०	३१४	०	५६
वडा नं.: ४	जम्मा	१४८०	९५८	२	५२०	०	६५
	पुरुष	७०८	५१४	१	१९३	०	७३
	महिला	७७२	४४४	१	३२७	०	५८
वडा नं.: ५	जम्मा	१९१८	१६००	०	३१८	०	८३
	पुरुष	८९२	७९२	०	१००	०	८९
	महिला	१०२६	८०८	०	२१८	०	७९
वडा नं.: ६	जम्मा	१९९३	१६५२	२	३३९	०	८३
	पुरुष	९६५	८७९	१	८५	०	९१
	महिला	१०२८	७७३	१	२५४	०	७५
वडा नं.: ७	जम्मा	१६९६	१२२८	०	४६८	०	७२
	पुरुष	८१६	६५५	०	१६१	०	८०
	महिला	८८०	५७३	०	३०७	०	६५
वडा नं.: ८	जम्मा	१६५३	१०२६	२	६२५	०	६२
	पुरुष	८०२	५६०	२	२४०	०	७०
	महिला	८५१	४६६	०	३८५	०	५५
वडा नं.: ९	जम्मा	१७५२	१२७८	१३	४६१	०	७३
	पुरुष	८६१	७१३	१	१४७	०	८३
	महिला	८९१	५६५	१२	३१४	०	६३

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.२.५ आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्या सम्बन्धी विवरण

जनगणनाको सन्दर्भ अवधिमा जुनसुकै आर्थिक काम जतिसुकै अवधिको लागि गरेका वा कुनै पनि आर्थिक कामको खोजी गरेका १० वर्ष वा सो माथिका व्यक्तिहरुलाई आर्थिक रुपले सक्रिय र उक्त अवधिमा कुनै पनि आर्थिक काम नगरेका वा आर्थिक कामको खोजी नगरेका व्यक्तिहरुलाई आर्थिक रुपले निष्क्रिय जनसंख्या मानिएको छ।

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशका १० वर्ष वा सो भन्दा माथिका कुल २,३९,५८,८६८ जनसंख्यामा १,५६,८९,७७७ जना (६५.५ प्रतिशत) आर्थिक रुपले सक्रिय देखिएका छन् भने ३४.३ प्रतिशत आर्थिक रुपले निष्क्रिय र ०.२४ प्रतिशत व्यक्तिको सक्रियता वा निष्क्रियता खुलेको देखिएन।

त्यस्तै दोलखा जिल्लाका १० वर्ष वा सो भन्दा माथिका कुल १४७०९८ जनसंख्यामा ११३६१६ जना (७७.२४ प्रतिशत) आर्थिक रुपले सक्रिय देखिएका छन् भने २२.७२ प्रतिशत आर्थिक रुपले निष्क्रिय र ०.०४ प्रतिशत व्यक्तिको सक्रियता वा निष्क्रियता खुलेको देखिएन।

त्यसैगरी जिरी नगरपालिकाका १० वर्ष वा सो भन्दा माथिका कुल १३,६२७ जनसंख्यामा १०,५७६ जना (७७.६२ प्रतिशत) आर्थिक रुपले सक्रिय देखिएका छन् भने २२.३८ प्रतिशत आर्थिक रुपले निष्क्रिय र १ जना व्यक्तिको सक्रियता वा निष्क्रियता खुलेको देखिएन।

यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ:-

तालिका नं. ९ : आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्या (१० वर्ष वा सो भन्दा बढी उमेरका)

क्षेत्र	लिङ्ग	१० वर्ष वा सो माथिको जनसंख्या	आर्थिक क्रियाकलापमा संलग्नता				
			आर्थिक रुपले सक्रिय			आर्थिक रुपले निष्क्रिय	आर्थिक क्रियाकलाप नखुलेको
			अक्सर सक्रिय		अक्सर निष्क्रिय		
			अक्सर रोजगार	अक्सर बेरोजगार			
जिरी नगरपालिका	जम्मा	१३६२७	७७९६	७२७	२०५३	३०५०	१
	पुरुष	६५३२	३८५८	४५९	८२९	१३८६	०
	महिला	७०९५	३९३८	२६८	१२२४	१६६४	१
वडागत विवरण:							
वडा नं.: १	जम्मा	१५८३	९१०	३९	१६३	४७१	०
	पुरुष	७७२	५०१	१८	७६	१७७	०
	महिला	८११	४०९	२१	८७	२९४	०
वडा नं.: २	जम्मा	१२६०	५७६	१३८	३२२	२२४	०
	पुरुष	६११	२७६	११२	१०४	११९	०
	महिला	६४९	३००	२६	२१८	१०५	०
वडा नं.: ३	जम्मा	१२३१	८०५	१८	२५५	१५३	०
	पुरुष	५७३	३७९	११	११३	७०	०
	महिला	६५८	४२६	७	१४२	८३	०
वडा नं.: ४	जम्मा	१३४४	५४७	१४७	२९५	३५५	०
	पुरुष	६५४	२६१	१०२	११८	१७३	०
	महिला	६९०	२८६	४५	१७७	१८२	०

वडा नं.: ५	जम्मा	१७१०	८३१	१२८	१८१	५७०	०
	पुरुष	७९०	४१८	६१	६७	२४४	०
	महिला	९२०	४१३	६७	११४	३२६	०
वडा नं.: ६	जम्मा	१८१७	९३२	२०८	३१३	३६४	०
	पुरुष	८६५	४५७	१२१	१२०	१६७	०
	महिला	९५२	४७५	८७	१९३	१९७	०
वडा नं.: ७	जम्मा	१५५७	१०८५	५	२३८	२२८	१
	पुरुष	७५६	५४२	२	१०२	११०	०
	महिला	८०१	५४३	३	१३६	११८	१
वडा नं.: ८	जम्मा	१५११	१०७१	५	७९	३५६	०
	पुरुष	७२१	५००	३	४३	१७५	०
	महिला	७९०	५७१	२	३६	१८१	०
वडा नं.: ९	जम्मा	१६१४	१०३९	३९	२०७	३२९	०
	पुरुष	७९०	५२४	२९	८६	१५१	०
	महिला	८२४	५१५	१०	१२१	१७८	०

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.२.६ घरायसी साधन/सुविधा अनुसारको परिवार संख्या

राष्ट्रिय जनगणना २०७८ मा देशका हरेक परिवारमा भएका साधन तथा सुविधाहरु (रेडियो सुविधा, टेलिभिजन, ल्याण्डलाईन टेलिफोन, मोबाईल फोन (साधारण), स्मार्ट मोबाईल फोन, कम्प्युटर/ल्यापटप, इन्टरनेट सुविधा, कार/जीप/भ्यान, मोटरसाईकल/स्कुटर, साइकल, विद्युतीय पंखा, रेफ्रिजेरेटर, वासिङ मेशिन र एयर कन्डिसनर गरी १४ वटा) को विवरण संकलन गरिएको थियो।प्राप्त नतिजा अनुसार देशका कुल ६६,६०,८४१ परिवारमध्ये ९६.१ प्रतिशत परिवारमा उल्लिखित मध्ये कम्तीमा एक किसिमको साधन/सुविधा उपलब्ध भएको पाईयो भने बाँकी ३.९ प्रतिशत परिवारमा उल्लिखित कुनै पनि साधन/सुविधा नभएको पाईएको छ । जम्मा परिवारमध्ये ४९.४ प्रतिशतमा टेलिभिजन, ७३.२ प्रतिशतमा साधारण मोबाइल फोन, ७३ प्रतिशतमा स्मार्ट मोबाइल फोन, १५ प्रतिशतमा कम्प्युटर/ल्यापटप, ३७.८ प्रतिशतमा इन्टरनेट सुविधा, ३.१ प्रतिशतमा कार/जीप/भ्यान, २७.३ प्रतिशतमा मोटरसाईकल/स्कुटर, २३.७ प्रतिशतमा रेफ्रिजेरेटर, ४.२ प्रतिशतमा वासिङ मेशिन र ०.८ प्रतिशतमा एयर कन्डिसनरको सुविधा उपलब्ध भएको पाईयो ।

त्यस्तै दोलखा जिल्लाका कुल ४९,४९३ परिवार (व्यक्तिगत परिवार) मध्ये ९४.१५ प्रतिशत परिवारमा उल्लिखित मध्ये कम्तीमा एक किसिमको साधन/सुविधा उपलब्ध भएको पाईयो भने बाँकी ५.८५ प्रतिशत परिवारमा उल्लिखित कुनै पनि साधन/सुविधा नभएको पाईएको छ। जम्मा परिवारमध्ये ४९.२५ प्रतिशतमा टेलिभिजन, ८१.६१ प्रतिशतमा साधारण मोबाइल फोन, ५२.२३ प्रतिशतमा स्मार्ट मोबाइल फोन, ६.१९ प्रतिशतमा कम्प्युटर/ल्यापटप, २०.७१ प्रतिशतमा इन्टरनेट सुविधा, १.३८ प्रतिशतमा कार/जीप/भ्यान, ७.५९ प्रतिशतमा मोटरसाईकल/स्कुटर, ४.६८ प्रतिशतमा रेफ्रिजेरेटर, ०.४६ प्रतिशतमा वासिङ मेशिन र ०.०९ प्रतिशतमा एयर कन्डिसनरको सुविधा उपलब्ध भएको पाईयो ।

त्यसैगरी जिरी नगरपालिकाका कुल ४,२४४ परिवारमध्ये ९५.४५ प्रतिशत परिवारमा उल्लिखित मध्ये कम्तीमा एक किसिमको साधन/सुविधा उपलब्ध भएको पाईयो भने बाँकी ४.५५ प्रतिशत परिवारमा उल्लिखित कुनै पनि साधन/सुविधा नभएको पाईएको छ। जम्मा परिवारमध्ये ५२.०३ प्रतिशतमा टेलिभिजन, ८२.२३ प्रतिशतमा साधारण मोबाइल फोन, ६६.४९ प्रतिशतमा स्मार्ट मोबाइल फोन, ९.९७ प्रतिशतमा कम्प्युटर/ल्यापटप, २०.७३ प्रतिशतमा इन्टरनेट सुविधा, १.३९ प्रतिशतमा कार/जीप/

भ्यान, १२.५६ प्रतिशतमा मोटरसाईकल/स्कुटर, ३.७९ प्रतिशतमा रेफ्रिजेरेटर, ०.७८ प्रतिशतमा वासिङ मेशिन र ०.०५ प्रतिशतमा एयर कन्डिसनरको सुविधा उपलब्ध भएको पाईयो।

यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ:-

तालिका नं. १० घरायसी साधन/सुविधा अनुसारको परिवार संख्या

क्षेत्र	परिवार संख्या	कुनै पनि साधन/सुविधा नभएको	कम्तीमा एक किसिमको साधन/सुविधा भएको	रेडियो	टेलिभिजन	ल्याण्डलाईन टेलिफोन	मोबाईल फोन (साधारण)	मोबाईल फोन (स्मार्ट)	कम्प्युटर/ल्यापटप	इन्टरनेट	कार/जीप/भ्यान	मोटरसाईकल/ स्कुटर	साइकल	विद्युतीय पंखा	रेफ्रिजेरेटर	वासिङ मेशिन	एयर कन्डिसनर
जिरी नगरपालिका	४२४४	१९३	४०५१	२६६०	२२०८	११०	३४९०	२८२२	४२३	८८०	५९	५३३	६५	४१	१६१	३३	२
वडागत विवरण:																	
वडा नं.: १	३५६	२१	३३५	२६१	२०४	६	३१५	२००	२७	१९	७	५८	०	५	८	३	०
वडा नं.: २	४२५	१४	४११	२५८	२२८	१	३९३	२५६	१६	४५	२	१८	०	२	१	०	१
वडा नं.: ३	४२२	२२	४००	२२९	२१५	१	३००	२४४	१३	३४	१	२०	०	१	२	०	०
वडा नं.: ४	४३९	२०	४१९	३९६	२८७	१	३७७	२७३	४१	२०	८	५३	२	१	३	१	०
वडा नं.: ५	५६७	७	५६०	२५९	३७७	५७	४२०	४९२	९१	२३९	१२	१०२	३९	१९	८०	२०	१
वडा नं.: ६	५६१	११	५५०	३४९	३५८	३८	४९९	४६८	१७५	३००	१९	१३५	१३	१०	६३	८	०
वडा नं.: ७	४६८	१५	४५३	२६०	२७८	३	३९६	३५०	३९	१५३	१	७६	१०	०	२	१	०
वडा नं.: ८	५१०	४०	४७०	३३८	७३	०	४२२	२५२	४	७	२	३३	१	०	०	०	०
वडा नं.: ९	४९६	४३	४५३	३१०	१८८	३	३६८	२८७	१७	६३	७	३८	०	३	२	०	०

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.२.७ खानेपानीको मुख्य स्रोत अनुसार परिवार संख्या

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशका कुल ६६,६०,८४१ परिवार (व्यक्तिगत परिवार) मध्ये सबैभन्दा बढी ३४.६ प्रतिशत परिवारले खानेपानीको मुख्य स्रोतको रुपमा धारा/पाईप (घरपरिसर भित्र) प्रयोग गर्ने गरेको देखिएको छ ।यसैगरी खानेपानीको मुख्य स्रोतको रुपमा धारा/पाईप (घरपरिसर बाहिर) २२.४ प्रतिशत, ट्युबवेल/हातेपम्प २९.८ प्रतिशत, ढाकिएको इनार/कुवा १.५ प्रतिशत, खुला इनार/कुवा २.१ प्रतिशत, मूल धारा ३.९ प्रतिशत, नदी/खोला ०.४ प्रतिशत, जार/बोतल ४.६ प्रतिशत र अन्य स्रोत ०.७ प्रतिशत परिवारले प्रयोग गर्ने गरेको देखिन्छ।

त्यस्तै दोलखा जिल्लाका कुल ४९,४९३ परिवार (व्यक्तिगत परिवार) मध्ये सबैभन्दा बढी ५१.६४ प्रतिशत परिवारले खानेपानीको मुख्य स्रोतको रुपमा धारा/पाईप (घरपरिसर बाहिर) प्रयोग गर्ने गरेको देखिएको छ। यसैगरी खानेपानीको मुख्य स्रोतको रुपमा धारा/पाईप (घरपरिसर भित्र) ४१.२१ प्रतिशत, ढाकिएको इनार/कुवा ०.३२ प्रतिशत, खुला इनार/कुवा १.५० प्रतिशत, मूल धारा ४.९१ प्रतिशत, नदी/खोला ०.२४ प्रतिशत, जार/बोतल ०.०२२ प्रतिशत र अन्य स्रोत ०.१४ प्रतिशत परिवारले प्रयोग गर्ने गरेको देखिन्छ।

त्यसैगरी जिरी नगरपालिकाका कुल ४,२४४ परिवारमध्ये सबैभन्दा धेरै ५९.१९ प्रतिशत परिवारले खानेपानीको मुख्य स्रोतको रुपमा धारा/पाईप (घरपरिसर भित्र) प्रयोग गर्ने गरेको देखिएको छ। यसैगरी खानेपानीको मुख्य स्रोतको रुपमा धारा/पाईप (घरपरिसर बाहिर) ३३.५५ प्रतिशत, ढाकिएको इनार/कुवा १.२३ प्रतिशत, खुला इनार/कुवा ३.९३ प्रतिशत, मूल धारा १.२० प्रतिशत, नदी/खोला ०.५२ प्रतिशत, जार/बोतल ०.०२३ प्रतिशत र अन्य स्रोत ०.५३ प्रतिशत परिवारले प्रयोग गर्ने गरेको देखिन्छ।

यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ:-

तालिका नं. ११ खानेपानीको मुख्य स्रोत अनुसार परिवार संख्या										
क्षेत्र	परिवार संख्या	धारा/पाईप (घरपरिसर भित्र)	धारा/पाईप (घरपरिसर बाहिर)	ट्युबवेल/ हातेपम्प	ढाकिएको इनार/कुवा	खुला इनार/ कुवा	मूल धारा	नदी/खोला	जार/बोतल	अन्य
जिरी नगरपालिका	४२४४	२५१२	१४२४	०	५२	१६७	५१	२२	१	१५
वडागत विवरण:										
वडा नं.: १	३५६	३४७	३	०	०	२	०	४	०	०
वडा नं.: २	४२५	३२२	८८	०	०	३	०	१२	०	०
वडा नं.: ३	४२२	२३७	१६०	०	०	१२	२	०	१	१०
वडा नं.: ४	४३९	२१५	२१८	०	०	३	०	१	०	२
वडा नं.: ५	५६७	३५७	२००	०	०	९	०	१	०	०
वडा नं.: ६	५६१	३८९	१५६	०	०	७	७	१	०	१
वडा नं.: ७	४६८	५६	४०७	०	०	४	१	०	०	०
वडा नं.: ८	५१०	२७६	१६७	०	१	५२	१४	०	०	०
वडा नं.: ९	४९६	३१३	२५	०	५१	७५	२७	३	०	२
स्रोत: राष्ट्रिय जनगणना, २०७८										

३.२.८ परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन अनुसार परिवार संख्या

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशका कुल ६६,६०,८४१ परिवारमध्ये सबैभन्दा बढी ५१ प्रतिशत परिवारले खाना पकाउन अक्सर काठ/दाउराको प्रयोग गर्ने गरेको देखिएको छ। यसैगरी खाना पकाउन अक्सर एल.पी. ग्याँस ४४.३ प्रतिशत, बिजुली ०.५ प्रतिशत, गुइँठा/गोरहा २.९ प्रतिशत, बायोग्याँस १.२ प्रतिशत, मट्टितेल ०.०५ प्रतिशत र अन्य इन्धन ०.१ प्रतिशत परिवारले प्रयोग गर्ने गरेको देखिन्छ।

त्यस्तै दोलखा जिल्लाका कुल ४९,४९३ परिवार (व्यक्तिगत परिवार) मध्ये ८३.४६ प्रतिशत परिवारले खाना पकाउन अक्सर काठ/दाउराको प्रयोग गर्ने गरेको देखिएको छ। यसैगरी खाना पकाउन अक्सर एल.पी. ग्याँस १५.७६ प्रतिशत, बिजुली ०.०४८ प्रतिशत, बायोग्याँस ०.६८ प्रतिशत, मट्टितेल ०.०२ प्रतिशत र अन्य इन्धन ०.०२ प्रतिशत परिवारले प्रयोग गर्ने गरेको देखिन्छ।

त्यसैगरी जिरी नगरपालिकाका कुल ४,२४४ परिवारमध्ये ८०।०१ प्रतिशत परिवारले खाना पकाउन अक्सर काठ/दाउराको प्रयोग गर्ने गरेको देखिएको छ। यसैगरी खाना पकाउन अक्सर एल.पी. ग्याँस १९.३६ प्रतिशत, बिजुली ०.०७ प्रतिशत, बायोग्याँस ०.४९ प्रतिशत र मट्टितेल ०.०५ प्रतिशत परिवारले प्रयोग गर्ने गरेको देखिन्छ।

यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ:-

तालिका नं. १२ खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन अनुसार परिवार संख्या

क्षेत्र	परिवार संख्या	काठ/दाउरा	एल.पी. ग्याँस	बिजुली	गुइँठा/गोरहा	बायोग्याँस	मट्टितेल	अन्य
जिरी नगरपालिका	४२४४	३३९६	८२२	३	०	२१	२	०
वडागत विवरण:								
वडा नं.: १	३५६	३४४	११	०	०	१	०	०
वडा नं.: २	४२५	४१५	७	०	०	३	०	०
वडा नं.: ३	४२२	४१०	११	०	०	१	०	०
वडा नं.: ४	४३९	३९८	४१	०	०	०	०	०
वडा नं.: ५	५६७	१०७	४५९	१	०	०	०	०
वडा नं.: ६	५६१	३२३	२३७	१	०	०	०	०
वडा नं.: ७	४६८	४२१	३६	०	०	११	०	०
वडा नं.: ८	५१०	५०१	२	१	०	५	१	०
वडा नं.: ९	४९६	४७७	१८	०	०	०	१	०

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.२.९ बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत अनुसार परिवार संख्या

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशका कुल ६६,६०,८४१ परिवार(व्यक्तिगत परिवार) मध्ये अधिकांश (९२.२ प्रतिशत) परिवारले आफू बसोबास गरेको घर/आवासीय एकाईमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ ।त्यसैगरी बत्ती बाल्नका लागि अक्सर सोलार/सौर्य उर्जा ६.६ प्रतिशत, मट्टितेल ०.६ प्रतिशत, बायोग्याँस ०.०३ प्रतिशत र अन्य इन्धन ०.६ प्रतिशत परिवारले प्रयोग गर्ने गरेको देखिन्छ ।

त्यस्तै दोलखा जिल्लाका कुल ४९,४९३ परिवार (व्यक्तिगत परिवार) मध्ये सबैभन्दा बढी ९८.४८ प्रतिशत परिवारले आफू बसोबास गरेको घर/आवासीय एकाईमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ ।यसैगरी गरी बत्ती बाल्नका लागि अक्सर सोलार/सौर्य उर्जा १.२२ प्रतिशत, मट्टितेल ०.१३ प्रतिशत, बायोग्याँस ०.०१ प्रतिशत र अन्य इन्धन ०.१५ प्रतिशत परिवारले प्रयोग गर्ने गरेको देखिन्छ ।

त्यसैगरी जिरी नगरपालिकाका कुल ४,२४४ परिवारमध्ये सबैभन्दा धेरै ९९.०६ प्रतिशत परिवारले आफू बसोबास गरेको घर/आवासीय एकाईमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ ।यसैगरी गरी बत्ती बाल्नका लागि अक्सर सोलार/सौर्य उर्जा ०.५४ प्रतिशत, मट्टितेल ०.१८ प्रतिशत र अन्य इन्धन ०.२१ प्रतिशत परिवारले प्रयोग गर्ने गरेको देखिन्छ ।

यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ:-

तालिका नं. १३ बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत अनुसार परिवार संख्या

क्षेत्र	परिवार संख्या	बिजुली	सोलार/सौर्य उर्जा	मट्टीतेल	बायोग्याँस	अन्य
जिरी नगरपालिका	४२४४	४२०४	२३	८	०	९

वडागत विवरण:						
वडा नं.: १	३५६	३५०	६	०	०	०
वडा नं.: २	४२५	४२५	०	०	०	०
वडा नं.: ३	४२२	४२०	१	१	०	०
वडा नं.: ४	४३९	४३३	३	१	०	२
वडा नं.: ५	५६७	५६६	०	१	०	०
वडा नं.: ६	५६१	५५९	१	०	०	१
वडा नं.: ७	४६८	४६०	८	०	०	०
वडा नं.: ८	५१०	५०२	४	३	०	१
वडा नं.: ९	४९६	४८९	०	२	०	५

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.२.१० परिवारले प्रयोग गर्ने शौचालयको प्रकार अनुसार परिवार संख्या

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशका कुल ६६,६०,८४१ परिवार (व्यक्तिगत परिवार) मध्ये ९५.५ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन् भने अझैपनि ४.५ प्रतिशत परिवारसँग शौचालयको पहुँच नभएको देखिन्छ। जम्मा परिवारमध्ये ९.८ प्रतिशतले सार्वजनिक ढलमा जोडिएको फ्लस भएको, ५५.१ प्रतिशतले सेप्टिक ट्याङ्कमा जोडिएको फ्लस भएको, ३०.१ प्रतिशतले साधारण/खाल्टे चर्पी र ०.५ प्रतिशतले सार्वजनिक शौचालयको प्रयोग गर्ने गरेको देखिन्छ।

त्यस्तै दोलखा जिल्लाका कुल ४९,४९३ परिवार (व्यक्तिगत परिवार) मध्ये ९९.२७ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन् भने ०.७३ प्रतिशत परिवारसँग शौचालयको पहुँच नभएको देखिन्छ। जम्मा परिवारमध्ये ०.३० प्रतिशतले सार्वजनिक ढलमा जोडिएको फ्लस भएको, 74.80 प्रतिशतले सेप्टिक ट्याङ्कमा जोडिएको फ्लस भएको, २४.०३ प्रतिशतले साधारण/खाल्टे चर्पी र ०.१४ प्रतिशतले सार्वजनिक शौचालयको प्रयोग गर्ने गरेको देखिन्छ।

त्यसैगरी जिरी नगरपालिकाका कुल ४,२४४ परिवारमध्ये ९८.१६ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन् भने १.८४ प्रतिशत परिवारसँग शौचालयको पहुँच नभएको देखिन्छ। जम्मा परिवारमध्ये ०.१२ प्रतिशतले सार्वजनिक ढलमा जोडिएको फ्लस भएको, ६१.६२ प्रतिशतले सेप्टिक ट्याङ्कमा जोडिएको फ्लस भएको, ३६.२१ प्रतिशतले साधारण/खाल्टे चर्पी र ०.२१ प्रतिशतले सार्वजनिक शौचालयको प्रयोग गर्ने गरेको देखिन्छ।

यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ:-

तालिका नं. १४ प्रयोग गर्ने शौचालयको प्रकार अनुसार परिवार संख्या

क्षेत्र	परिवार संख्या	फ्लस भएको (सार्वजनिक ढलमा जोडिएको)	फ्लस भएको (सेप्टिक ट्याङ्कमा जोडिएको)	साधारण (खाल्टे चर्पी)	सार्वजनिक शौचालय	चर्पी नभएको
जिरी नगरपालिका	४२४४	५	२६१५	१५३७	९	७८

वडागत विवरण:						
वडा नं.: १	३५६	०	३५०	५	०	१
वडा नं.: २	४२५	०	३९५	२४	१	५
वडा नं.: ३	४२२	१	२४९	१६२	३	७
वडा नं.: ४	४३९	०	१५७	२५७	३	२२
वडा नं.: ५	५६७	०	१२१	४४३	१	२
वडा नं.: ६	५६१	०	३२१	२२६	०	१४
वडा नं.: ७	४६८	०	२५६	१९९	०	१३
वडा नं.: ८	५१०	३	२९१	२१३	१	२
वडा नं.: ९	४९६	१	४७५	८	०	१२

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.२.११ घरको स्वामित्व अनुसार परिवार संख्या

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशका कुल ६६,६०,८४१ परिवार (व्यक्तिगत परिवार) मध्ये ८६.० प्रतिशत परिवार आफ्नै स्वामित्वका आवासीय एकाइमा बसोबास गरिरहेको देखिन्छ। यसैगरी १२.८ प्रतिशत परिवार भाडामा लिइएको आवासीय एकाइमा, ०.६ प्रतिशत परिवार संस्थागत एकाइमा अर्थात तिनीहरु कुनै संस्थाले प्रयोग गर्न दिइएको आवासीय एकाइमा र ०.७ प्रतिशत परिवार अन्य प्रकारको स्वामित्वको आवासीय एकाइमा बसोबास गरेको देखिन्छ।

त्यस्तै दोलखा जिल्लाका कुल ४९,४९३ परिवार (व्यक्तिगत परिवार) मध्ये ९४.७४ परिवार आफ्नै स्वामित्वका आवासीय एकाइमा बसोबास गरिरहेको देखिन्छ। यसैगरी ४.६२ प्रतिशत परिवार भाडामा लिइएको आवासीय एकाइमा, ०.४३ प्रतिशत परिवार संस्थागत एकाइमा अर्थात तिनीहरु कुनै संस्थाले प्रयोग गर्न दिइएको आवासीय एकाइमा र ०.२१ प्रतिशत परिवार अन्य प्रकारको स्वामित्वको आवासीय एकाइमा बसोबास गरेको देखिन्छ।

त्यसैगरी जिरी नगरपालिकाका कुल ४,२४४ परिवारमध्ये ९४.०४ परिवार आफ्नै स्वामित्वका आवासीय एकाइमा बसोबास गरिरहेको देखिन्छ। यसैगरी ४.५९ प्रतिशत परिवार भाडामा लिइएको आवासीय एकाइमा, १.०६ प्रतिशत परिवार संस्थागत एकाइमा अर्थात तिनीहरु कुनै संस्थाले प्रयोग गर्न दिइएको आवासीय एकाइमा र ०.३१ प्रतिशत परिवार अन्य प्रकारको स्वामित्वको आवासीय एकाइमा बसोबास गरेको देखिन्छ।

यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ:-

तालिका नं. १५ घरको स्वामित्व अनुसार परिवार संख्या

क्षेत्र	परिवार संख्या	आफ्नै	भाडामा	संस्थागत	अन्य
जिरी नगरपालिका	४२४४	३९९१	१९५	४५	१३
वडागत विवरण:					
वडा नं.: १	३५६	३५२	२	१	१
वडा नं.: २	४२५	४१५	३	३	४
वडा नं.: ३	४२२	४२०	२	०	०

वडा नं.: ४	४३९	४२६	१	५	७
वडा नं.: ५	५६७	४०५	१४०	२२	०
वडा नं.: ६	५६१	५१६	३६	९	०
वडा नं.: ७	४६८	४६५	३	०	०
वडा नं.: ८	५१०	५०५	४	१	०
वडा नं.: ९	४९६	४८७	४	४	१

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.२.१२ प्रयोग गरेको घरको जगको बनोट अनुसार परिवार संख्या

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशका कुल ६६,६०,८४१ परिवार (व्यक्तिगत परिवार) मध्ये ३३.० प्रतिशत परिवारले प्रयोग गरिरहेको आवासीय एकाइहरुको जग माटो जडित इँटा/ढुङ्गाबाट बनेको, २९.८ प्रतिशत परिवारले प्रयोग गरिरहेको आवासीय एकाइहरुको जग सिमेन्ट जडित इँटा/ढुङ्गाबाट बनेको, २२.४ प्रतिशत परिवारले प्रयोग गरिरहेको आवासीय एकाइहरुको जग ढलान पिल्लर सहितको, १४.२ प्रतिशत परिवारले प्रयोग गरिरहेको आवासीय एकाइहरुको जग काठ/बाँसको खम्बा गाडिएको र ०.६ प्रतिशत परिवारले प्रयोग गरिरहेको आवासीय एकाइहरुको जगको बनोट अन्य प्रकारको रहेको पाईएको छ।

त्यस्तै दोलखा जिल्लाका कुल ४९,४९३ परिवार (व्यक्तिगत परिवार) मध्ये ५१.८७ प्रतिशत परिवारले प्रयोग गरिरहेको आवासीय एकाइहरुको जग माटो जडित इँटा/ढुङ्गाबाट बनेको, ३५.१४ प्रतिशत परिवारले प्रयोग गरिरहेको आवासीय एकाइहरुको जग सिमेन्ट जडित इँटा/ढुङ्गाबाट बनेको, १०.७० प्रतिशत परिवारले प्रयोग गरिरहेको आवासीय एकाइहरुको जग ढलान पिल्लर सहितको, १.९४ प्रतिशत परिवारले प्रयोग गरिरहेको आवासीय एकाइहरुको जग काठ/बाँसको खम्बा गाडिएको र ०.३५ प्रतिशत परिवारले प्रयोग गरिरहेको आवासीय एकाइहरुको जगको बनोट अन्य प्रकारको रहेको पाईएको छ।

त्यसैगरी जिरी नगरपालिकाका कुल ४,२४४ परिवारमध्ये ६३.१७ प्रतिशत परिवारले प्रयोग गरिरहेको आवासीय एकाइहरुको जग माटो जडित इँटा/ढुङ्गाबाट बनेको, २७.९० प्रतिशत परिवारले प्रयोग गरिरहेको आवासीय एकाइहरुको जग सिमेन्ट जडित इँटा/ढुङ्गाबाट बनेको, ४.५५ प्रतिशत परिवारले प्रयोग गरिरहेको आवासीय एकाइहरुको जग ढलान पिल्लर सहितको, ३.८४ प्रतिशत परिवारले प्रयोग गरिरहेको आवासीय एकाइहरुको जग काठ/बाँसको खम्बा गाडेको र ०.५४ प्रतिशत परिवारले प्रयोग गरिरहेको आवासीय एकाइहरुको जगको बनोट अन्य प्रकारको रहेको पाईएको छ।

यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ:-

तालिका नं. १६ प्रयोग गरेको घरको जगको बनोट अनुसार परिवार संख्या

क्षेत्र	परिवार संख्या	माटो जडित इँटा/ढुङ्गा	सिमेन्ट जडित इँटा/ढुङ्गा	ढलान पिल्लर सहितको	काठ/बाँसको खम्बा गाडेको	अन्य
जिरी नगरपालिका	४२४४	२६८१	११८४	१९३	१६३	२३
वडागत विवरण:						
वडा नं.: १	३५६	३१३	३९	३	१	०
वडा नं.: २	४२५	३५६	५१	१२	६	०

वडा नं.: ३	४२२	३२०	९२	२	८	०
वडा नं.: ४	४३९	२८८	११०	१३	२५	३
वडा नं.: ५	५६७	२०६	२११	८२	६०	८
वडा नं.: ६	५६१	२२५	२६७	५१	१३	५
वडा नं.: ७	४६८	३२२	१०२	१६	२६	२
वडा नं.: ८	५१०	२७९	२०८	८	१५	०
वडा नं.: ९	४९६	३७२	१०४	६	९	५

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.२.१३ घरको भूइँको बनोट अनुसार परिवार संख्या

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशका कुल ६६,६०,८४१ परिवार (व्यक्तिगत परिवार) ले बसोबासका लागि प्रयोग गरिरहेका घरको भूइँमध्ये सबैभन्दा बढी ४६.२ प्रतिशत परिवारले प्रयोग गरेका घरको भूइँ सिमेन्ट ढलान गरी बनाईएको पाईएको छ। यसैगरी माटोको प्रयोगबाट ४७.३ प्रतिशत, काठको फल्याक/बाँसबाट २.० प्रतिशत, इँटा/ढुङ्गाबाट १.४ प्रतिशत, सेरामिक टायलबाट २.७ प्रतिशत र अन्य सामाग्रीको प्रयोगबाट ०.४ प्रतिशत परिवारले प्रयोग गरेका घरको भूइँ बनेको देखिन्छ।

त्यस्तै दोलखा जिल्लाका कुल ४९,४९३ परिवार (व्यक्तिगत परिवार) ले बसोबासका लागि प्रयोग गरिरहेका घरको भूइँमध्ये सबैभन्दा बढी ६०.०४ प्रतिशत परिवारले प्रयोग गरेका घरको भूइँ सिमेन्ट ढलान गरी बनाईएको पाईएको छ। यसैगरी माटोको प्रयोगबाट ३६.०२ प्रतिशत, काठको फल्याक/बाँसबाट १.९९ प्रतिशत, इँटा/ढुङ्गाबाट १.०६ प्रतिशत, सेरामिक टायलबाट ०.२९ प्रतिशत र अन्य सामाग्रीको प्रयोगबाट ०.६० प्रतिशत परिवारले प्रयोग गरेका घरको भूइँ बनेको देखिन्छ।

त्यसैगरी जिरी नगरपालिकाका कुल ४,२४४ परिवारले बसोबासका लागि प्रयोग गरिरहेका घरको भूइँमध्ये सबैभन्दा बढी ७४.८१ प्रतिशत परिवारले प्रयोग गरेका घरको भूइँ सिमेन्ट ढलान गरी बनाईएको पाईएको छ। यसैगरी माटोको प्रयोगबाट २१.९८ प्रतिशत, काठको फल्याक/बाँसबाट १.८१ प्रतिशत, इँटा/ढुङ्गाबाट ०.४९ प्रतिशत, सेरामिक टायलबाट ०.१२ प्रतिशत र अन्य सामाग्रीको प्रयोगबाट ०.७८ प्रतिशत परिवारले प्रयोग गरेका घरको भूइँ बनेको देखिन्छ।

यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ:-

तालिका नं. १७ घरको भूइँको बनोट अनुसार परिवार संख्या

क्षेत्र	परिवार संख्या	माटो	काठको फल्याक/ बाँस	इँटा/ढुङ्गा	सेरामिक टायल	सिमेन्ट ढलान	अन्य
जिरी नगरपालिका	४२४४	९३३	७७	२१	५	३१७५	३३
वडागत विवरण:							
वडा नं.: १	३५६	१३७	३	२	०	२१४	०
वडा नं.: २	४२५	११४	७	०	२	३००	२
वडा नं.: ३	४२२	८०	११	४	०	३२६	१
वडा नं.: ४	४३९	८५	८	४	०	३३६	६

वडा नं.: ५	५६७	९१	३२	३	२	४३३	६
वडा नं.: ६	५६१	६७	२	२	१	४८२	७
वडा नं.: ७	४६८	९९	७	२	०	३५६	४
वडा नं.: ८	५१०	१४२	६	३	०	३५८	१
वडा नं.: ९	४९६	११८	१	१	०	३७०	६

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.२.१४ घरको बाहिरी गारोको बनोट अनुसार परिवार संख्या

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशका कुल ६६,६०,८४१ परिवार(व्यक्तिगत परिवार) ले बसोबासका लागि प्रयोग गरिरहेका घरको बाहिरी गारोमध्ये सबैभन्दा बढी ५२.२ प्रतिशत परिवारले प्रयोग गरेका घरको बाहिरी गारो सिमेन्ट जडित इँटा/ढुङ्गाबाट बनेको पाईएको छ । यसैगरी माटो जडित इँटा/ढुङ्गाबाट ३०.७ प्रतिशत, काठ/फल्याकबाट ३.२ प्रतिशत, बाँसजन्य सामाग्रीबाट ११.७ प्रतिशत, काँचो इँटाबाट ०.४ प्रतिशत, जस्ता/टिनबाट १.२ प्रतिशत, प्रिफ्याबबाट ०.०३ र अन्य सामाग्रीबाट ०.६ प्रतिशत परिवारले प्रयोग गरेका घरको गारो बनेको देखिन्छ ।

त्यस्तै दोलखा जिल्लाका कुल ४९,४९३ परिवार (व्यक्तिगत परिवार) ले बसोबासका लागि प्रयोग गरिरहेका घरको बाहिरी गारोमध्ये सबैभन्दा बढी ४८.८६ प्रतिशत परिवारले प्रयोग गरेका घरको बाहिरी गारो माटो जडित इँटा/ढुङ्गाबाट बनेको पाईएको छ। यसैगरी सिमेन्ट जडित इँटा/ढुङ्गाबाट ४७.४४ प्रतिशत, काठ/फल्याकबाट १.४० प्रतिशत, बाँसजन्य सामाग्रीबाट ०.११ प्रतिशत, काँचो इँटाबाट ०.०४ प्रतिशत, जस्ता/टिनबाट २.०२ प्रतिशत, प्रिफ्याबबाट ०.०४ र अन्य सामाग्रीबाट ०.०९ प्रतिशत परिवारले प्रयोग गरेका घरको गारो बनेको देखिन्छ ।

त्यसैगरी जिरी नगरपालिकाका कुल ४,२४४ परिवारले बसोबासका लागि प्रयोग गरिरहेका घरको बाहिरी गारोमध्ये सबैभन्दा बढी ४९.२२ प्रतिशत परिवारले प्रयोग गरेका घरको बाहिरी गारो सिमेन्ट जडित इँटा/ढुङ्गाबाट बनेको पाईएको छ । यसैगरी माटो जडित इँटा/ढुङ्गाबाट ४१.१६ प्रतिशत, काठ/फल्याकबाट ६.०६ प्रतिशत, बाँसजन्य सामाग्रीबाट ०.०७ प्रतिशत, काँचो इँटाबाट ०.२४ प्रतिशत, जस्ता/टिनबाट २.८७ प्रतिशत, प्रिफ्याबबाट ०.०९ र अन्य सामाग्रीबाट ०.२८ प्रतिशत परिवारले प्रयोग गरेका घरको गारो बनेको देखिन्छ ।

यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ:-

तालिका नं. १८ घरको बाहिरी गारोको बनोट अनुसार परिवार संख्या

क्षेत्र	परिवार संख्या	माटो जडित इँटा/ढुङ्गा	सिमेन्ट जडित इँटा/ढुङ्गा	काठ/ फल्याक	बाँसजन्य सामाग्री	काँचो इँटा	जस्ता/ टिन	प्रिफ्याब	अन्य
जिरी नगरपालिका	४२४४	१७४७	२०८९	२५७	३	१०	१२२	४	१२
वडागत विवरण:									
वडा नं.: १	३५६	१४८	२००	२	०	०	५	०	१
वडा नं.: २	४२५	२५०	१६२	१०	०	१	१	१	०
वडा नं.: ३	४२२	२८०	१३१	१०	०	०	०	१	०

वडा नं.: ४	४३९	१८८	२०८	३४	०	०	३	०	६
वडा नं.: ५	५६७	१०२	३२८	७९	३	२	५३	०	०
वडा नं.: ६	५६१	१२४	३४९	६३	०	१	२१	२	१
वडा नं.: ७	४६८	२७९	१४२	३१	०	०	१४	०	२
वडा नं.: ८	५१०	१२०	३५७	१८	०	५	१०	०	०
वडा नं.: ९	४९६	२५६	२१२	१०	०	१	१५	०	२

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.२.१५ घरको छानाको बनोट अनुसार परिवार संख्या

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशका कुल ६६,६०,८४१ परिवार (व्यक्तिगत परिवार) ले बसोबासका लागि प्रयोग गरिरहेका घरको छानामध्ये सबैभन्दा बढी ४१.९ प्रतिशत परिवारले प्रयोग गरेका घरको छाना जस्ता/टिनबाट बनेको देखिएको छ। यसैगरी सिमेन्ट/ढलानबाट ३७.८ प्रतिशत, खर/पराल/छवालीबाट ३.९ प्रतिशत, टायल/खपटा/झिँगटीबाट ९.२ प्रतिशत, ढुङ्गा/स्लेटबाट ६.१ प्रतिशत, काठ/फल्याकबाट ०.३ प्रतिशत, माटोबाट ०.७ र अन्य सामाग्रीको प्रयोगबाट ०.१ प्रतिशत परिवारले प्रयोग गरेका घरको छानो बनेको देखिन्छ।

त्यस्तै दोलखा जिल्लाका कुल ४९,४९३ परिवार (व्यक्तिगत परिवार) ले बसोबासका लागि प्रयोग गरिरहेका घरको छानामध्ये सबैभन्दा बढी ८२.२९ प्रतिशत परिवारले प्रयोग गरेका घरको छाना जस्ता/टिनबाट बनेको देखिएको छ। यसैगरी सिमेन्ट/ढलानबाट १६.३४ प्रतिशत, खर/पराल/छवालीबाट ०.१२ प्रतिशत, टायल/खपटा/झिँगटीबाट ०.१२ प्रतिशत, ढुङ्गा/स्लेटबाट ०.९७ प्रतिशत, काठ/फल्याकबाट ०.११ प्रतिशत र अन्य सामाग्रीको प्रयोगबाट ०.०४ प्रतिशत परिवारले प्रयोग गरेका घरको छानो बनेको देखिन्छ।

त्यसैगरी जिरी नगरपालिकाका कुल ४,२४४ परिवारले बसोबासका लागि प्रयोग गरिरहेका घरको छानामध्ये सबैभन्दा बढी ८८.१५ प्रतिशत परिवारले प्रयोग गरेका घरको छाना जस्ता/टिनबाट बनेको देखिएको छ। यसैगरी सिमेन्ट/ढलानबाट ९.६६ प्रतिशत, खर/पराल/छवालीबाट ०.१६ प्रतिशत, टायल/खपटा/झिँगटीबाट ०.०७ प्रतिशत, ढुङ्गा/स्लेटबाट १.६० प्रतिशत, काठ/फल्याकबाट ०.३३ प्रतिशत र अन्य सामाग्रीको प्रयोगबाट ०.०२ प्रतिशत परिवारले प्रयोग गरेका घरको छानो बनेको देखिन्छ।

यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ:-

तालिका नं. १९: घरको छानाको बनोट अनुसार परिवार संख्या

क्षेत्र	परिवार संख्या	जस्ता/टिन/ च्यादर	सिमेन्ट/ ढलान	खर/पराल/ छवाली	टायल/ खपटा/ झिँगटी	ढुङ्गा/ स्लेट	काठ/ फल्याक	माटो	अन्य
जिरी नगरपालिका	४२४४	३७४१	४१०	७	३	६८	१४	०	१
वडागत विवरण:									
वडा नं.: १	३५६	३३५	६	०	०	१४	१	०	०
वडा नं.: २	४२५	४०३	१६	१	१	४	०	०	०
वडा नं.: ३	४२२	४०४	११	०	०	६	१	०	०
वडा नं.: ४	४३९	४०५	२६	०	१	६	०	०	१

वडा नं.: ५	५६७	३६७	१९१	३	०	१	५	०	०
वडा नं.: ६	५६१	४४७	१०४	०	०	८	२	०	०
वडा नं.: ७	४६८	४२८	२९	१	१	७	२	०	०
वडा नं.: ८	५१०	४८४	१९	२	०	२	३	०	०
वडा नं.: ९	४९६	४६८	८	०	०	२०	०	०	०

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.३ थप जनसांख्यिक विवरण

३.३.१ वैवाहिक स्थिति

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशका १० वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल २,३९,५८,८६८ जनसंख्यामध्ये ७९,३५,९९८ जना (३३.१ प्रतिशत) व्यक्तिहरु अविवाहित रहेका छन्। जसमध्ये ३८.२ प्रतिशत पुरुष तथा २८.४ प्रतिशत महिलाहरु अविवाहित रहेको देखियो। यसैगरी दश वर्ष वा सोभन्दा बढी उमेरका ४.५ प्रतिशत व्यक्ति विधुर/विधवा रहेको, ०.२ प्रतिशतको पारपाचुके भएको र ०.४ प्रतिशत छुट्टिएर बसेका पाइएको छ।

त्यसैगरी दोलखा जिल्लाका १० वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल १,४७,०९८ जनसंख्यामध्ये ४५,१३६ जना (३०.६८ प्रतिशत) व्यक्तिहरु अविवाहित रहेका छन्। जसमध्ये ३४.२७ प्रतिशत पुरुष तथा २७.३८ प्रतिशत महिलाहरु अविवाहित रहेको देखियो। यसैगरी दश वर्ष वा सोभन्दा बढी उमेरका ५.७५ प्रतिशत व्यक्ति विधुर/विधवा रहेको, ०.१५ प्रतिशतको पारपाचुके भएको र ०.५१ प्रतिशत छुट्टिएर बसेका पाइएको छ।

त्यसै जिरी नगरपालिकाका १० वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल १३,६२७ जनसंख्यामध्ये ४,६३५ जना (३४.०१ प्रतिशत) व्यक्तिहरु अविवाहित रहेका छन्। जसमध्ये ३६.९४ प्रतिशत पुरुष तथा ३१.३२ प्रतिशत महिलाहरु अविवाहित रहेको देखियो। यसैगरी दश वर्ष वा सोभन्दा बढी उमेरका ५.५३ प्रतिशत व्यक्ति विधुर/विधवा रहेको, ०.१४ प्रतिशतको पारपाचुके भएको र ०.७२ प्रतिशत छुट्टिएर बसेका पाइएको छ।

३.३.२ पहिलो पटक विवाह गर्दाको उमेर

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशका १० वर्ष वा सो भन्दा माथिल्लो उमेरका जीवनभर कम्तीमा एक पटक विवाह गरेका कुल १,६०,२२,८७० जनसंख्यामध्ये सबैभन्दा बढी व्यक्तिहरु ५५,११,६२६ जना (३४.४ प्रतिशत) ले पहिलो विवाह १८ देखि २० वर्ष उमेरमा गरेका छन्। जसमा ३२.६ प्रतिशत पुरुष तथा ३५.९ प्रतिशत महिलाले १८ देखि २० वर्षको उमेरमा पहिलो विवाह गरेको पाईयो। त्यसैगरी ०.३ प्रतिशत व्यक्तिको विवाह दश वर्ष भन्दा कम उमेरमा भएको पाईयो भने ५० वर्षको उमेर पार गरेपछि विवाह गर्ने व्यक्तिहरु ३६४६ जना रहेको भेटियो।समग्रमा पहिलो विवाह गर्दाको औषत उमेर १९ वर्ष हुन आउँछ जसमा पुरुषको २१ वर्ष र महिलाको १८ वर्ष रहेको छ।

त्यस्तै दोलखा जिल्लाका १० वर्ष वा सो भन्दा माथिल्लो उमेरका जीवनभर कम्तीमा एक पटक विवाह गरेका कुल १,०१,९६२ जनसंख्यामध्ये धेरैजसो व्यक्तिहरु ३५,२२७ जना (३४.५५ प्रतिशत) को पहिलो विवाह १८ देखि २० वर्ष उमेरमा भएको देखिएको छ। यसैगरी धेरैजसो पुरुषहरु १४४३२ जना (३१.१४ प्रतिशत) को पहिलो विवाह २१ देखि २४ वर्ष उमेरमा र धेरैजसो महिलाहरु २०८१५ जना (३७.४२ प्रतिशत) को पहिलो विवाह १८ देखि २० वर्ष उमेरमा पहिलो विवाह भएको पाईयो।त्यसैगरी ३०४ जना व्यक्तिको विवाह दश वर्ष भन्दा कम उमेरमा भएको पाईयो भने ५० वर्षको उमेर पार गरेपछि विवाह गर्ने व्यक्तिहरु ४१ रहेका जना रहेको भेटियो।



त्यसैगरी जिरी नगरपालिकाका १० वर्ष वा सो भन्दा माथिल्लो उमेरका जीवनभर कम्तीमा एक पटक विवाह गरेका कुल ८,९९२ जनसंख्यामध्ये धेरैजसो व्यक्तिहरु ३,०३३ जना (३३.७३ प्रतिशत) को पहिलो विवाह १८ देखि २० वर्ष उमेरमा भएको देखिएको छ। यसैगरी धेरैजसो पुरुषहरु १३३१ जना (३२.३१ प्रतिशत) को पहिलो विवाह २१ देखि २४ वर्ष उमेरमा र धेरैजसो महिलाहरु १९०१ जना (३९.०१ प्रतिशत) को पहिलो विवाह १८ देखि २० वर्ष उमेरमा पहिलो विवाह भएको पाईयो।त्यसैगरी १४ जना व्यक्तिको विवाह दश वर्ष भन्दा कम उमेरमा भएको पाईयो भने ५० वर्षको उमेर पार गरेपछि विवाह गर्ने व्यक्तिहरु 3 रहेका जना रहेको भेटियो।

३.३.३ अपाङ्गताको प्रकार अनुसारको जनसंख्या

राष्ट्रिय जनगणना २०७८ मा देशभित्र बसोबास गर्ने सबै व्यक्तिहरुको अपाङ्गतासम्बन्धी विवरण संकलनको लागि १२ प्रकारका (शारीरिक, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरोपन, सुस्तश्रवण, श्रवण दृष्टिविहीन, स्वर र बोलाई, मानसिक वा मनोसामाजिक, बौद्धिक, हेमोफिलिया, अटिजम्, बहुअपाङ्गता) अपाङ्गता सहितका प्रश्नावली सोधिएको थियो।प्राप्त नतिजा अनुसार देशको कुल जनसंख्या २,९१,६४,५७८ मध्ये ६,४७,७४४ जना (२.२ प्रतिशत) व्यक्तिहरुमा कुनै न कुनै किसिमको अपाङ्गता देखिएको छ। अपाङ्गता भएका व्यक्तिमध्ये पुरुषहरु ५४.२ प्रतिशतमा र महिलाहरु ४५.८ प्रतिशतमा अपाङ्गता रहेको छ। अपाङ्गता भएका व्यक्तिहरुमध्ये सबैभन्दा धेरै ३७.१ प्रतिशतमा शारीरिक अपाङ्गता रहेको पाईएको छ। यसैगरी १७.१ प्रतिशतमा न्यून दृष्टियुक्त, ५.४ प्रतिशतमा पूर्ण दृष्टिविहीन, ७.९ प्रतिशतमा बहिरोपन, ८.० प्रतिशतमा सुस्तश्रवण, १.६ प्रतिशतमा श्रवण दृष्टिविहीन, ६.४ प्रतिशतमा स्वर र बोलाई सम्बन्धी, ४.३ प्रतिशतमा मानसिक वा मनोसामाजिक, १.८ प्रतिशतमा बौद्धिक, ०.८ प्रतिशतमा हेमोफिलिया, ०.८ प्रतिशतमा अटिजम् र ८.९ प्रतिशतमा बहुअपाङ्गता छ।

त्यस्तै दोलखा जिल्लाको कुल जनसंख्या १,७२,७६७ मध्ये ५,६०० जना (३.२४ प्रतिशत) व्यक्तिहरुमा कुनै न कुनै किसिमको अपाङ्गता देखिएको छ। अपाङ्गता भएका व्यक्तिमध्ये पुरुषहरु ५२.६४ प्रतिशतमा र महिलाहरु ४७.३६ प्रतिशतमा अपाङ्गता रहेको छ। अपाङ्गता भएका व्यक्तिहरुमध्ये सबैभन्दा धेरै ३८.४१ प्रतिशतमा शारीरिक अपाङ्गता रहेको पाईएको छ। यसैगरी १७.९६ प्रतिशतमा न्यून दृष्टियुक्त, ४.३२ प्रतिशतमा पूर्ण दृष्टिविहीन, ७.६४ प्रतिशतमा बहिरोपन, ८.५९ प्रतिशतमा सुस्तश्रवण, १.६४ प्रतिशतमा श्रवण दृष्टिविहीन, ५.६६ प्रतिशतमा स्वर र बोलाई सम्बन्धी, ३.३८ प्रतिशतमा मानसिक वा मनोसामाजिक, १.२० प्रतिशतमा बौद्धिक, ०.५७ प्रतिशतमा हेमोफिलिया, ०.५९ प्रतिशतमा अटिजम्, र १०.०४ प्रतिशतमा बहुअपाङ्गता छ।



त्यसैगरी जिरी नगरपालिकाको कुल जनसंख्या १६,१०९ मध्ये ४४१ जना (२.७४ प्रतिशत) व्यक्तिहरुमा कुनै न कुनै किसिमको अपाङ्गता देखिएको छ। अपाङ्गता भएका व्यक्तिमध्ये पुरुषहरु ५५.७८ प्रतिशतमा र महिलाहरु ४४.२२ प्रतिशतमा अपाङ्गता रहेको छ। अपाङ्गता भएका व्यक्तिहरुमध्ये सबैभन्दा धेरै १८६ जनामा शारीरिक अपाङ्गता रहेको पाईएको छ। यसैगरी ८४ जनामा न्यून दृष्टियुक्त, १५ जनामा पूर्ण दृष्टिविहीन, १८ जनामा बहिरोपन, ४४ जनामा सुस्तश्रवण, ८ जनामा श्रवण दृष्टिविहीन, १४ जनामा स्वर र बोलाई सम्बन्धी, २३ जनामा मानसिक वा मनोसामाजिक, ८ जनामा बौद्धिक र ४१ जनामा बहुअपाङ्गता छ।

३.३.४ धर्म अनुसारको जनसंख्या

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालमा हिन्दु, बौद्ध, इस्लाम, किराँत, क्रिश्चियन, प्रकृति, बोन, जैन, शिख र बहाई गरी १० किसिमका धर्म मान्ने व्यक्तिहरु रहेका छन्। नेपालको कुल जनसंख्या २,९१,६४,५७८ मध्ये सबैभन्दा बढी ८१.१९ प्रतिशत व्यक्तिहरुले हिन्दु धर्म मान्दछन्। त्यसैगरी ८.२१ प्रतिशत व्यक्तिहरुले बौद्ध धर्म, ५.०९ प्रतिशत व्यक्तिहरुले इस्लाम धर्म, ३.१७ प्रतिशत व्यक्तिहरुले किराँत धर्म, १.७६ प्रतिशत व्यक्तिहरुले क्रिश्चियन धर्म, ०.३५ प्रतिशत व्यक्तिहरुले प्रकृति धर्म, ०.२३ प्रतिशत व्यक्तिहरुले बोन धर्म, ०.००८ प्रतिशत व्यक्तिहरुले जैन धर्म, ०.००५ प्रतिशत व्यक्तिहरुले शिख धर्म तथा ०.००२ प्रतिशत व्यक्तिहरुले बहाई धर्म मान्ने गरेको पाइयो।

त्यस्तै दोलखा जिल्लाका १,७२,७६७ जनामध्ये सबैभन्दा बढी ६६.४७ प्रतिशत व्यक्तिहरुले हिन्दु धर्म मान्दछन्। त्यसैगरी २६.० प्रतिशत व्यक्तिहरुले बौद्ध धर्म, ०.०६ प्रतिशत व्यक्तिहरुले इस्लाम धर्म, ५.३९ प्रतिशत व्यक्तिहरुले किराँत धर्म, २.०५ प्रतिशत व्यक्तिहरुले क्रिश्चियन धर्म र ०.०२ प्रतिशत व्यक्तिहरुले बोन धर्म मान्ने गरेको पाइयो।

त्यसैगरी जिरी नगरपालिकाका १६,109 जनामध्ये सबैभन्दा बढी 47.61 प्रतिशत व्यक्तिहरुले हिन्दु धर्म मान्दछन्। त्यसैगरी 46.63 प्रतिशत व्यक्तिहरुले बौद्ध धर्म, 0.006 प्रतिशत व्यक्तिहरुले इस्लाम धर्म, 1.24 प्रतिशत व्यक्तिहरुले किराँत धर्म, 4.48 प्रतिशत व्यक्तिहरुले क्रिश्चियन धर्म र 0.02 प्रतिशत व्यक्तिहरुले बोन धर्म मान्ने गरेको पाइयो।

तालिका नं २० धर्म सम्बन्धी विवरण

क्षेत्र	लिङ्ग	जम्मा जनसंख्या	हिन्दु	बौद्ध	इस्लाम	किराँत	क्रिश्चियन	बोन
जिरी नगरपालिका	जम्मा	१६१०९	७६७०	७५१२	१	२००	७२२	४
	पुरुष	७८०९	३७१२	३६५७	१	९९	३३८	२
	महिला	८३००	३९५८	३८५५	०	१०१	३८४	२

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.३.५ जातजाति अनुसारको जनसंख्या

राष्ट्रिय जनगणना २०७८ ले नेपालमा १४२ जातजाति कायम भएको छ । नतिजा अनुसार नेपालको २,९१,६४,५७८ जनसंख्यामध्ये सबैभन्दा बढी १६.४५ प्रतिशत व्यक्तिहरु क्षेत्री जातिका छन् । त्यसैगरी अन्य प्रमुख जातजातिहरुमा ११.२९ प्रतिशत पहाडी ब्राह्मण, ६.९ प्रतिशत मगर, ६.२ प्रतिशत थारु, ५.६२ प्रतिशत तामाङ, ५.०४ प्रतिशत विश्वकर्मा, ४.८६ प्रतिशत मुसलमान, ४.६ प्रतिशत नेवार, ४.२१ प्रतिशत यादव, २.२ प्रतिशत राई, १.९४ प्रतिशत परियार, १.८६ प्रतिशत गुरुङ, १.७ प्रतिशत ठकुरी, १.५५ प्रतिशत मिजार , १.४८ प्रतिशत तेली , १.४२ प्रतिशत लिम्बु/याक्थुङ, १.३५ प्रतिशत चमार/हरिजन/राम, १.२२ प्रतिशत कोइरी/कुशहवा रहेका छन्।नेपालमा १२४ जातजातिहरुको जनसंख्या १ प्रतिशत भन्दा कम रहेको पाइयो ।

तालिका नं. २१ जातजाति सम्बन्धी विवरण

जातजाति	जनसंख्या		
	जम्मा	पुरुष	महिला
सबै जातजाति	१६१०९	७८०९	८३००
क्षेत्री	४५३४	२१७५	२३५९
ब्राह्मण-पहाडी	३२०	१६०	१६०
मगर	४३	२५	१८
तामाङ	१८५२	८८९	९६३
नेवार	६९६	३४०	३५६
विश्वकर्मा	६७५	३१८	३५७
राई	५०	२३	२७
गुरुङ	६०	२३	३७
परियार	२९७	१४९	१४८
ठकुरी	१३	११	२
सन्यासी/दशनामी	५९	३२	२७
ब्राह्मण-तराई	११	६	५
घर्ती/भुजेल	३८	२०	१८
शेर्पा	३०४१	१५११	१५३०
सुनुवार	७७२	३५९	४१३
जिरेल	३५६२	१७१०	१८५२
अन्य	८६	५८	२८

स्रोत: राष्ट्रिय जनगणना, २०७८

त्यस्तै दोलखा जिल्लाको १,७२,७६७ जनसंख्या मध्ये सबैभन्दा बढी ३१.२५ प्रतिशत व्यक्तिहरु क्षेत्री जातिका छन्। दोलखामा रहेका १ प्रतिशत भन्दा बढी जनसंख्या हुने अन्य जातिहरुमा तामाङ १७.६३ प्रतिशत, थामी १०.४६ प्रतिशत, पहाडी ब्राह्मण ७.५३ प्रतिशत, नेवार ९.११ प्रतिशत, शेर्पा ५.४९ प्रतिशत, विश्वकर्मा ४.१९ प्रतिशत, जिरेल २.६० प्रतिशत, मिजार २.२० प्रतिशत, परियार २.१५ प्रतिशत, मगर १.७३ प्रतिशत, घर्ती/भुजेल १.४० प्रतिशत र सुनुवार १.१२ प्रतिशत रहेका छन्। यसरी हेर्दा दोलखा जिल्लामा १ प्रतिशत भन्दा बढी जनसंख्या भएका जातजाति १३ वटा रहेका पाईयो।

त्यसैगरी जिरी नगरपालिकाको जनसंख्या १६,१०९ मध्ये सबैभन्दा बढी २८.१४ प्रतिशत व्यक्तिहरु क्षेत्री जातिका छन्। जिरीमा रहेका १ प्रतिशत भन्दा बढी जनसंख्या हुने अन्य प्रमुख जातिहरुमा जिरेल २२.११ प्रतिशत, शेर्पा १८.८८ प्रतिशत, तामाङ ११.५० प्रतिशत, सुनुवार ४.७९ प्रतिशत, नेवार ४.३२ प्रतिशत, विश्वकर्मा ४.१९ प्रतिशत, पहाडी ब्राह्मण १.९९ प्रतिशत र परियार १.८४ प्रतिशत रहेका छन्। यसरी हेर्दा जिरी नगरपालिकामा १ प्रतिशत भन्दा बढी जनसंख्या भएका जातजाति ९ वटा रहेका देखिन्छ।

३.३.६ मातृभाषा अनुसारको जनसंख्या

राष्ट्रिय जनगणना २०७८ ले नेपालमा १२४ मातृभाषा कायम भएको छ। नतिजा अनुसार नेपालको २,९१,६४,५७८ जनसंख्यामध्ये सबैभन्दा बढी ४४.८६ प्रतिशत व्यक्तिहरुले मातृभाषाको रुपमा नेपाली भाषा बोल्ने गर्दछन्। त्यस्तै ११.०५ प्रतिशत व्यक्तिहरूले मैथिली, ६.२४ प्रतिशत व्यक्तिहरुले भोजपुरी, ५.८८ प्रतिशत व्यक्तिहरुले थारु, ४.८८ प्रतिशत व्यक्तिहरुले तामाङ, ३.८९ प्रतिशत व्यक्तिहरुले बज्जिका, २.९६ प्रतिशत व्यक्तिहरुले अवधी, २.९६ प्रतिशत व्यक्तिहरुले नेवार, २.७८ प्रतिशत व्यक्तिहरुले मगर (ढुट), १.७ प्रतिशत व्यक्तिहरुले डोटेली, १.४२ प्रतिशत व्यक्तिहरुले उर्दु, १.२ प्रतिशत व्यक्तिहरुले लिम्बु, १.१२ प्रतिशत व्यक्तिहरुले गुरुङ भाषालाई आफ्नो मातृभाषाको रुपमा स्वीकार गरेका छन्। यसरी हेर्दा १ प्रतिशत भन्दा बढी जनसंख्याले बोल्ने मातृभाषाहरु १३ वटा रहेका पाईयो।

त्यस्तै दोलखा जिल्लाको १,७२,७६७ जनसंख्या मध्ये सबैभन्दा बढी ६२.१९ प्रतिशत व्यक्तिहरुले मातृभाषाको रुपमा नेपाली बोल्ने गरेका छन्।त्यसैगरी मातृभाषाको रुपमा १६.५९ प्रतिशतले तामाङ, ९.०४ प्रतिशतले थामी, ४.८८ प्रतिशतले शेर्पा, २.४० प्रतिशतले जिरेल, २.२६ प्रतिशतले नेवार, १.०३ प्रतिशतले सुनुवार भाषाको प्रयोग गरेको पाइयो। यसरी हेर्दा दोलखा जिल्लामा १ प्रतिशत भन्दा बढी जनसंख्याले बोल्ने मातृभाषाहरु ७ वटा रहेका पाईयो।

त्यसैगरी जिरी नगरपालिकाको १६,१०९ जनसंख्यामध्ये मध्ये सबैभन्दा ४५.५१ प्रतिशत व्यक्तिहरुले मातृभाषाको रुपमा नेपाली बोल्दछन्।यस्तै मातृभाषाको रुपमा २०.२८ प्रतिशतले जिरेल, १६.९७ प्रतिशतले शेर्पा, १०.७३ प्रतिशतले तामाङ, ४.२७ प्रतिशतले सुनुवार, १.२३ प्रतिशतले नेवार भाषाको प्रयोग गरेको देखियो। यसरी हेर्दा जिरी नगरपालिकामा १ प्रतिशत भन्दा बढी जनसंख्याले बोल्ने मातृभाषाहरु ६ वटा रहेका पाईयो।

तालिका नं. २२ मातृभाषा सम्बन्धी विवरण

जातजाति	जनसंख्या		
	जम्मा	पुरुष	महिला
सबै मातृभाषा	१६१०९	७८०९	८३००
नेपाली	७३३२	३५२०	३८१२
मैथिली	३०	२२	८
भोजपुरी	११	९	२
तामाङ	१७२९	८२६	९०३

नेवार	१९८	९६	१०२
मगर ढुट	२६	१४	१२
गुरुङ	२२	१०	१२
राई	२१	५	१६
शेर्पा	२७३४	१३५४	१३८०
हिन्दी	१९	९	१०
सुनुवार	६८८	३२९	३५९
भुजेल	१३	६	७
जिरेल	३२६७	१६००	१६६७
अन्य	१९	९	१०

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.३.७ बालबालिकाको बसोबासको अवस्था

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशका १८ वर्ष भन्दा कम उमेरका ९८,६९,५८३ बालबालिकामध्ये सबैभन्दा बढी ७७.९ प्रतिशत बालबालिकाहरु आमाबाबु दुवैसँग बस्ने गरेका छन्। आमासँग मात्र बस्ने बालबालिका १७.१ प्रतिशत, बाबुसँग मात्र बस्ने बालबालिका १.० प्रतिशत, बाबु र सौतेनी आमासँग बस्ने बालबालिका ०.३ प्रतिशत, आमा र सौतेनी बाबुसँग बस्ने बालबालिका ०.१ प्रतिशत, अन्य नातेदारसँग बस्ने बालबालिका ३.० प्रतिशत, कामलगाउने व्यक्तिसँग बस्ने बालबालिका ०.०३ प्रतिशत, अन्य व्यक्तिसँग बस्ने बालबालिका ०.५ प्रतिशत र बसोबास सम्बन्धी उल्लेख नभएका बालबालिका ०.०८ प्रतिशत रहेका छन्।

त्यसैगरी दोलखा जिल्लाका १८ वर्ष भन्दा कम उमेरका ५०,८८९ बालबालिकामध्ये सबैभन्दा बढी ४०,८४५ जना बालबालिकाहरु आमाबाबु दुवैसँग बस्ने गरेका छन्। आमासँग मात्र बस्ने बालबालिका ७,४५७ जना, बाबुसँग मात्र बस्ने बालबालिका 6७५ जना बाबु र सौतेनी आमासँग बस्ने बालबालिका १८६ जना, आमा र सौतेनी बाबुसँग बस्ने बालबालिका ४२ जना, अन्य नातेदारसँग बस्ने बालबालिका १,४४१ जना, काम लगाउने व्यक्तिसँग बस्ने बालबालिका १० जना, अन्य व्यक्तिसँग बस्ने बालबालिका २०० जना र बसोबास सम्बन्धी उल्लेख नभएका बालबालिका ३३ जना रहेका छन्।

त्यसैगरी जिरी नगरपालिकाका १८ वर्ष भन्दा कम उमेरका ४,७२२ बालबालिकामध्ये सबैभन्दा बढी ३,९५५ जना बालबालिकाहरु आमाबाबु दुवैसँग बस्ने गरेका छन्। आमासँग मात्र बस्ने बालबालिका ५३६ जना, बाबुसँग मात्र बस्ने बालबालिका ६४ जना, बाबु र सौतेनी आमासँग बस्ने बालबालिका १६जना, आमा र सौतेनी बाबुसँग बस्ने बालबालिका ४ जना, अन्य नातेदारसँग बस्ने बालबालिका १३३ जना, कामलगाउने व्यक्तिसँग बस्ने बालबालिका १ जना, अन्य व्यक्तिसँग बस्ने बालबालिका ११ जना र बसोबास सम्बन्धी उल्लेख नभएका बालबालिका २ जना रहेका छन।



तालिका नं.२३: १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको बसाइँको अवस्था						
क्षेत्र	जम्मा		पुरुष		महिला	
	संख्या	%	संख्या	%	संख्या	%
जम्मा	४७२२	१००	२३५८	१००	२३६४	१००
आमा बाबु दुवैसँग	३९५५	८३.७५	१९७५	८३.७५	१९८०	८३.७५
आमासँग मात्र	५३६	११.३५	२७०	११.४५	२६६	११.२५
बाबुसँग मात्र	६४	१.३५	३४	१.४४	३०	१.२७
बाबु र सौतेनी आमासँग	१६	०.३४	७	०.३	९	०.३८
आमा र सौतेनी बाबुसँग	४	०.०८	०	०	४	०.१७
अन्य नातेदारसँग	१३३	२.८२	६३	२.६७	७०	२.९६
काम लगाउने व्यक्तिसँग	१	०.०२	०	०	१	०.०४
अन्य व्यक्तिसँग	११	०.२३	७	०.३	४	०.१७
उल्लेख नभएको	२	०.०४	२	०.०८	०	०

स्रोत: राष्ट्रिय जनगणना, २०७८

३.४ व्यक्तिगत घटना दर्तासम्बन्धी विवरण:

यस जिरी नगरपालिकामा मिति २०७७ साल साउन १ गते देखि अनलाईन रुपमा व्यक्तिगत घटनाहरु दर्ता गरिँदै आइएको छ । गत आ.व. २०७९/०८० (मिति २०७९ साल साउन १ गते देखि २०८० असार ३१ गतेसम्म) मा यस नगरमा ४६६ वटा जन्म दर्ता, १७४ वटा मृत्यु दर्ता, ३० वटा सम्बन्ध विच्छेद दर्ता, २४६ वटा विवाह दर्ता, १७ वटा बसाईसराई गरी आएका, ४२ वटा बसाईसराई गरी गएका गरी कुल ९७५ वटा व्यक्तिगत घटनाहरु दर्ता भएका छन्। जसमध्ये ३८४ वटा घटनाहरु घटना घटेको ३५ दिन भित्र, १८९ वटा घटनाहरु घटना घटेको १ वर्ष भित्र र ४०२ वटा घटनाहरु घटना घटेको १ वर्ष पछि दर्ता भएको देखिन्छ । यसरी हेर्दा कुल व्यक्तिगत घटनाहरुमध्ये ३९.३८ प्रतिशत घटनाहरु मात्र घटना घटेको ३५ दिन भित्र दर्ता हुने गरेको पाइयो ।

तालिका नं.२४ घटना र दर्ताको समय अन्तर अनुसार प्रतिबेदन

जिल्ला : दोलखा **न.पा. :** जिरी **दर्ता मिति:** २०७९-०४-०१ **देखि** २०८०-०३-३१ **सम्म**

दर्ता प्रकार	दर्ता भएको वर्ष							
	१-३५ दिन	३६-३६५ दिन	१-२० वर्ष	२१-४० वर्ष	४१-६० वर्ष	६१-८० वर्ष	८१-१०० वर्ष	जम्मा
जन्म	१६३	७७	१९७	२९	०	०	०	४६६
मृत्यु	९३	३४	४२	५	०	०	०	१७४
सम्बन्ध बिच्छेद	१३	८	९	०	०	०	०	३०
विवाह	५६	७०	१०८	१२	०	०	०	२४६
बसाई सरी आएको	१७	०	०	०	०	०	०	१७
बसाई सरी जाने	४२	०	०	०	०	०	०	४२
जम्मा	**३८४**	**१८९**	**३५६**	**४६**	**०**	**०**	**०**	**९७५**

पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा, जिरी नगरपालिका,२०८०

३.५ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण:

३.५.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम:

यस जिरी नगरपालिकाका ९ वटै वडाका सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुलाई मिति २०७७ साल साउन १ गते देखि नेपाल सरकार, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले तोकेको Forward Feed र Reversed Feed को प्रयोग गरी भत्ता वितरण हुँदै आइरहेको छ। नगरका ९ वटा वडा मध्ये वडा नं. १, २, ७ र ९ का भत्ता लाभग्राहीहरुलाई प्रभु बैङ्कमार्फत तथा वडा नं. ३, ४, ५, ६ र ८ का भत्ता लाभग्राहीहरुलाई प्राईम कमर्सियल बैङ्कमार्फत भत्ता उपलब्ध गराउने कार्य भइरहेको छ।

आ.व. २०७९/०८० को चौथो त्रैमासिक किस्तामा १२५१ जना जेष्ठ नागरिक, ६८ जना जेष्ठ नागरिक दलित, १७५ जना जेष्ठ नागरिक एकल महिला, २४२ जना विधवा महिला, ३६ जना पूर्ण अपाङ्गता भएका व्यक्ति, ७३ जना अति अशक्तता भएका व्यक्ति र १२३ जना दलित बालबालिका गरी जम्मा १९६८ जना भत्ता लाभग्राहीहरुलाई तोकिएको बैङ्कमार्फत १ करोड ९६ लाख ८३ हजार ४ सय ८० रुपैयाँ भत्ता उपलब्ध गराइयो।

३.५.२आमा-बाबु विहिन बालबालिकाको लागि भत्ता वितरण कार्यक्रम:

बागमती प्रदेश सरकारसँगको समन्वय तथा बजेट व्यवस्थापनमा यस नगरका ७ जना आमा-बाबु विहिन बालबालिकाहरुलाई तोकिएको बैङ्क मार्फत निजहरुको बैङ्क खातामा कुल १ लाख ६८ हजार रुपैयाँ भत्ता उपलब्ध गराइयो।

परिच्छेद-४

४. आर्थिक अवस्था

४.१ नगरको समग्र आर्थिक अवस्था

४.१.१ नगरपालिकामा अर्थतन्त्रको संरचनात्मक स्वरुप

नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, वन, साना उद्योग, सेवामुलक व्यवसायहरु, नोकरी, व्यापार (थोक, खुद्रा बजार), होटल, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी भएको यस नगरपालिकाका कतिपय स्थानहरुमा कृषिको लागि उपयुक्त उर्वर माटो रहेको छ। नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। नगरपालिकाका सबै वडाहरुमा सडक सञ्जालको क्रमिक विकासको कारण पहुँच सहज बनाएको छ। त्यसैगरी नगरपालिकामा विद्यमान रहेको प्राविधिक शिक्षा, कृषि पर्यटनको विकास, सुन्दर प्राकृतिक बनावट वनजंगल तथा जैविक विविधताले नगरपालिकाको विकासमा थप सम्भावना बोकेका छन्।

मील, फर्निचर उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन्।

जैविक विविधता एवं साँस्कृतिक तथा धार्मिक विविधताले भरीपूर्ण रहेका कारण नेपालको आकर्षक गन्तव्यहरु मध्ये विशेषतः जिरी नगरपालिका पर्यटकिय हिसाबले महत्वपूर्ण स्थान रहेको छ। विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्वलगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, महत्वका स्थलहरू नगरपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन्।

४.१.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ७७.६%

आर्थिक रुपमा निस्क्रिय जनसंख्याको अवस्था २२.४%



श्रोत: राष्ट्रिय जनगणना २०७८

नगरपालिकामा १० वर्ष देखि ६० वर्ष सम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या ५,१४६ (७८.७८% प्रतिशत), महिलाको संख्या ५,४३०(७६.५३% प्रतिशत) देखिन्छ। आर्थिक रुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता १२.४७ प्रतिशत छ भने नगरपालिकाको कुल जनसंख्याको १०,५७६ अर्थात् ७७.६२% प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन्। आर्थिक रुपमा निस्कृय जनसंख्या ३,०५० अर्थात २२.३८% प्रतिशत छन्। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

४.१.३ आश्रित जनसंख्याको विवरण

नगरपालिकामा आश्रित जनसंख्या ०- १४ वर्ष उमेर समूहका आश्रित वालवालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या ३,८१८(२३.६ प्रतिशत), आश्रित बृद्धबृद्धाहरुको संख्या २,०९८ (१२.९ प्रतिशत) देखिन्छ। कुल जनसंख्या मध्ये जम्मा आश्रित जनसंख्या ५,९१६ (३६.५ प्रतिशत) देखिन्छ। जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ।

४.१.४ प्रधानमन्त्री रोजगार कार्यक्रम

जिरी नगरपालिका, दोलखा अन्तगर्त कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ (संसोधित) र युवा रोजगारीको लागि पहल आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम आयोजनाहरु सञ्चालनमा आएका छन।

मुलुकभरी आन्तरिक रोजगारीको अवसर श्रृजना गर्ने र उपलब्ध रोजगारीका अवसरहरुको प्रभावकारी व्यवस्थापन गर्ने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत आ.व. २०७५/०७६ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा आएको थियो। जस अर्न्तगत स्थानिय तहमा पूर्वाधारहरुको निर्माण गर्न सुचिकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रदान गरी जिवनस्तरमा सुधार ल्याउनका लागी प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १९ को उपदफा ३ बमोजिम कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ लागु गरिएको थियो।

प्रधानमन्त्री रोजगार कार्यक्रम, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना अर्न्तगत जिरी नगरपालिकामा भएको आ.व.२०७८/७९ सम्मको प्रगती प्रतिवेदन यहाँ उल्लेख गरिएको छ जसमा आ.व. २०७५/७६ देखि आ.व. २०७८/७९ सम्म प्रधानमन्त्री रोजगार कार्यक्रमको वित्तिय विवरण, आयोजना सञ्चालन तथा रोजगारी प्रदान गरीएको संख्या निम्नानुसार तालिका मा प्रस्तुत गरिएको छ।

विगत आ.ब.मा वडागत रुपमा सञ्चालन भएको प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्रत्यक्ष रुपमा लाभन्वित संख्या

तालिका नं.२५ आ.व. २०७५/७६ देखि हाल सम्मको आयोजनाको प्रगति विवरण

आ.ब. २०७६/०७७			
सि.नं	योजनाको नाम	वडा नं.	रोजगार प्राप्त व्यक्ति संख्या
१	नासाटार तल्लो माली घुन्साफेदी गोरेटो बाटो निर्माण	३	३५
२	बँदेली फुजीङ सडक स्तारोन्नति आयोजना	४	९६
३	तल्लो सिक्री बजिनी सिढी निर्माण आयोजना	७	३२
	जम्मा		१६३

आ.ब. २०७७/०७८			
सि.नं	योजना को नाम	वडा नं.	रोजगार प्राप्त व्यक्ति संख्या
१	सेतीदेवी मन्दिर सिंढी निर्माण (युवा रोजगार)	२	३५
२	हलेशी मन्दिर जाने सिंढी तथा पर्खाल निर्माण (युवा रोजगार)	३	३०
३	माथिल्लो कुने फुजिंग ग्रामिण सडक स्तरउन्नति (कामका लागि पारिश्रमिक)	४	३०
४	लोसा डोडाङ सडक स्तरउन्नति (युवा रोजगार)	५	३५
५	लामाटोल कोट देखि लाकुरी डाँडा सम्म सिंढी निर्माण (कामका लागि पारिश्रमिक)	६	१५
६	भैंसेलिम्बु सडक स्तरउन्नति (कामका लागि पारिश्रमिक)	७	३०
७	कमरे खोल्मे सडक स्तरउन्नति (कामका लागि पारिश्रमिक)	९	३६
	जम्मा		२११

आ.ब. २०७८/०७९			
सि.नं	योजना को नाम	वडा नं.	रोजगार प्राप्त व्यक्ति संख्या
१	इम्बा गुफा टोल वुलुङ खोलाघारी गोरेटो बाटो निर्माण -युवा रुप	१	११
२	श्यामा रजम सडक स्तर उन्नति -कामका लागि पारिश्रमिक	२	७
३	बाघखोर हुँदै सुर्योदय हाँडीखोला गोरेटो बाटो मर्मत -युवा रुप	३	११
४	माथिल्लो कुने फुजिंग सडक स्तर उन्नति- युवा रुप	४	१२
५	चेर्दुंग प्रा. वि. आरुपाते ताक्पा सडक स्तर उन्नति -युवा रुप	५	१४
६	जेम बिध्यालय ट्यांकी देखि देउराली डाँडा सम्म सिंढी निर्माण- कामका लागि पारिश्रमिक	६	१२
७	छहारे सेप्जिल खानेपानी निर्माण योजना -युवा रुप	७	१३
८	खोल्मे चिहान डाँडा चोल्पे सडक स्तर उन्नति -युवा रुप	९	१६
९	काप्सा बगरडाँडा सडक स्तरोन्नति	३	१३
१०	चाके हुँदै मुहानपाखा घाट सम्म सडक स्तरोन्नति	५	३५
११	जेम बिद्यालय देखि देउराली डाँडा गोरेटो बाटो निर्माण	६	१७
१२	चिपचिपे खोलाखर्क सडक स्तरोन्नति	९	१६
	जम्मा		**१७७**

आ.ब. २०७९/८०			
सि.नं	योजना को नाम	वडा नं.	रोजगार प्राप्त व्यक्ति संख्या
१	श्यामा बिच टोल सडक स्तरोन्नति योजना	२	१०
२	देउराली डाँडा क्युच्याङ टोल बौद्धटार गोरेटो बाटो स्तरोन्नति योजना	३	१०
३	जिरी अस्पताल - होदुंग खोला सडक स्तरोन्नति योजना	५	१०
४	भैसीलुम्भु जामेघुक पहिरो नियन्त्रण योजना	७	१०
१	पुम्पा रावु सिडी निर्माण योजना	१	६
२	माथिल्लो कुने फुजिङ ग्रामिण सडक स्तरोन्नति योजना	४	७
३	सुपसुरी चेन्चो घाट सिढी निर्माण योजना	६	६
४	चिपचिपे सडक सोलिङ	९	६
जम्मा			६५

स्रोत: जिरी नगरपालिका, २०८०

४.१.५ भू-क्षय सम्भावित क्षेत्र

नगरपालिकाका नदी तथा खोला किनारका भागहरु, भीर पाखा र विषम भौगोलिक अवस्था भएका क्षेत्रहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। जिरी नगरमा विशेषत वन डँढेलोका कारण जंगल विनाश हुनुको साथै सडक विस्तारका कारण समेत पहिरो जाने गरेको छ। नगरपालिकाका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ। यस नगरपालिकाका विभिन्न विषम भैगोलिक क्षेत्रहरु वर्षायाममा बढी भू-क्षय हुने क्षेत्र हुन्। त्यस्तै, अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा जाली तथा तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण पहिरो प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ। जिरी नगरपालिकाको भू-क्षय संभावित क्षेत्रहरुको विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं.२६ **भू-क्षय संभावित क्षेत्रहरुको विवरण**

क्र स	संभावित स्थानहरू	वडा नं.
१	खोल्मे, डाँडाखर्क, जिसेपुँ	९
२	तल्लो ज्योफा, च्यामाली त्रिशुले, फुलपिङ त्रिशुले क्षेत्र	८
३	छहारे, तल्लो सिक्रि	७
४	पाटीटार	६
५	ढुङ्गे खोला, नाबोक खोला किनार कटान क्षेत्र	५
६	वेठीस्वारा, रातमाटे	४
७	घुन्सा, दोभान आहालडाँडा कटान क्षेत्र, कात्तिके	३
८	च्याङबा खोल्स कटान क्षेत्र, यलुङ खोला, भीर खर्क, कालो खोला	२
९	पुम्पा, यार्सा, दोकाप, थारखारी, मेताङ्गे, ढुङ्गे	१

स्रोत : जिरी नगरपालिका कार्यालय, २०८०

४.१.६ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं.२७ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

क्र स	संभावित प्रकोप	विद्यमान अवस्था	समय
१	भुकम्प	वि.सं. २०७२ सालको भुकम्प पश्चात धेरै घरहरू बनेतापनि केही घरहरू जोखियुक्त रहेका छन्।	जुनसुकै समय
२	पहिरो	नगरपालिका भित्र विभिन्न स्थानहरूमा वर्षायामको समयमा पहिरो जाने गरेको	असार-असोज
३	बाढी	नगरपालिकामा विशेषतः साना ठुला नदि / खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी कटान गरि क्षति पुयाईरहेको छ। बर्षेनी घरपरिवारहरू प्रभावित भैरहेका छन्।	जेठ-असोज
४	आगलागी	अग्नी नियन्त्रण यन्त्रको अभाव, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। साथै लापरवाहीबाट वनमा डढलो लगाउने गर्दा।	चैत्र-जेठ
५	महामारी	महामारी जुनसुकै बेला पनि हुने गर्दछ यद्यपी बढि मात्रामा बाढी पश्चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभावले गर्दा समय समय यस्ता महामारी आउने गर्दछ।	विपद् पछि तथा अन्य समयमा
६	वर्डफ्लु, अन्य फ्लु	अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि।	जुनसुकै समयमा

स्रोत: जिरी नगरपालिका, २०८०

४.१.७ कृषि तथा पशु विकास

आर्थिक सर्वेक्षण २०७७/७८ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ। नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन्। वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन्। कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ।

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ। ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ। खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि

उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि भूमि व्यवस्थापन तथा मन्त्रालय, सहकारी तथा गरिबी निवारण मंत्रालय रहेका छन्।

स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ। तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ। यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा वृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनु पनि हो। कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा कृषि जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ।

४.२ कृषि क्षेत्रहरु

जिरी नगरपालिका कृषि तथा पशु विकासको एक उदाहरणीय क्षेत्र हो। जर्मनी र नेपालको संयुक्त लगानीमा सञ्चालित कृषि प्रजनन केन्द्र नगरको कृषि पर्यटन र विकास राम्रो उदाहरण हो। कृषि, निर्माण र स्वास्थ्य लगायत विषयमा प्राथमिकता साथ जिरीमा सञ्चालित प्राविधिक शिक्षालयले पनि यहाँको कृषि विकासमा टेवा पुऱ्याएको छ। यहाँको धेरै डाँडामा चियाखेती गरिएको छ। चिया बगानका कारण पनि जिरीको सौन्दर्य बढेको छ। यहाँ उत्पादित अर्थोडक्स चिया विश्व प्रसिद्ध छ। स्थानीय चीज कारखानामा उत्पादित चीजले राम्रो बजार लिएको छ। जिरी नगरपालिकाले कृषि शिक्षा, कृषि उत्पादन लाई अगाडि बढाइरहेको छ यो कृषि क्षेत्रको लागि सकारात्मक पक्ष हो। अहिले पनि प्राविधिक शिक्षालयमा कृषि सम्बन्धी धेरै जनाले अध्ययन गरिरहेका छन्। प्राविधिक शिक्षासँगै एउटा राम्रो कृषि फार्मका कारण धेरै नेपालीले रोजगार पाएका छन्। राम्रा राम्रा जनशक्तिहरु उत्पादन भइरहेका छन्।

जिरी नगरपालिकाको हावापानी र उपयुक्त वातावरण भएको हुँदा कृषिका लागि उपयोगी क्षेत्र रहेको छ। यस नगरपालिकाको कुल क्षेत्रफको ३१.० प्रतिशत जमिन खेतियोग्य जमिनले ओगटेको छ। नगरमा सामान्यतयः कृषि उत्पादन अन्तर्गत अन्न बालीहरुमा कोदो, जौ मकै, गहुँ, धान, दलहन तर्फ भटमास, मास, केराउ, सिमी, बोडी त्यस्तै तेलहन बालीमा तोरी, आलस आदी उत्पादन हुने गर्दछ भने तरकारी खेतीमा आलु, काउली, भिन्डी र मसला बाली अन्तर्गत अदुवा, अलैंची, प्याज, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन्। नगरपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ। नगरको कृषिजन्य उत्पादनमा आलुको उत्पादकत्व बढी रहेको देखिन्छ। साथै तरकारी बालीको उत्पादन पनि राम्रो भएको देखिन्छ। फलफुलमा बालीहरु मध्ये किवि लाई महत्वपुर्ण मानिन्छ। जिरी नगरपालिकाको कृषिजन्य उत्पादनको विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ।

४.२.१ कृषक समूहको विवरण

परम्परागत कृषि को व्यवसायिकरण तथा आधुनिकीकरण गर्न अहिले विभिन्न कृषि समूहहरु सञ्चालित छन्। यसले कृषि व्यवसायलाई सहजीकरण गर्नुको साथै कृषि व्यवसायमा केही सेवा सुविधाहरु दिँदै व्यवसायीहरुलाई उर्जा प्रदान गरेको छ। कृषक समूहको विवरणले कुनै पनि नगरपालिका कृषि क्षेत्रमा रहेको कृषकको संलग्नता र कृषि क्रियाकलापको अवस्थाको जानकारी गराउनुको साथै आगामी दिनहरुमा के कस्ता कार्यक्रमहरु ल्याउन आवस्यक छ भन्ने कुरा लाई सहज बनाउँदा र यसले आर्थिक विकासमा टेवा पुग्छ। कृषि प्राविधिक शिक्षा र व्यवसायिक कृषिको विकासमा अघि बढीरहेको जिरी नगरपालिकामा कृषक समुहहरुले यहाँको कृषि क्षेत्रको विकासमा महत्वपुर्ण योग्दान पुयाएको छ। नगरपालिका ८६ मा वटा कृषक समूहहरु र कुल ११०० सदस्यहरु रहेका छन्। नगरपालिकामा सञ्चालित रहेका कृषक समूहको विस्तृत विवरण तल उल्लेख गरिएको छ।

तालिका नं २८ कृषक समुहको विस्तृत विवरण

दर्ता न.	समुहको नाम	ठेगाना जिरी न.पा.	सदस्य संख्या			मासिक बैठक मिति	अध्यक्षको नाम	फोन .न
			म.	पु.	जम्मा			
१.	बहुउद्देश्यि महिला कृषक समुह	२	२५	०	२५	२७ गते	अनिता खडका	९८४३७१६५८१
२.	लालीगुरास अर्गानिक कृषक समुह	६	७	८	१५	३०	सलिना जिरेल	९८१९६९३०१९
३.	च्यानेफुल्पीङ कषि तथा पशुगालन कृ स.	८	६	१४	१९		टेक ब. सुनुवार	९८५११६५०२२
४.	बुद्धिज्योती कृ.स.	९				५	सोम ब. तामाङ	९८१२००५८१६
५.	त्रिनेत्र युवा किबी व्यवसाय कृ . स.	७	५	२५	३०		दिल ब. खडका	९८४४३०१६६९
६.	जनाजाती बहुउद्धेसिय कृ स	८	१४	११	२५		बिर ब. तामाङ	
७.	रातमाटे अर्गानिक कृ.स.	४	०	०	४३	पहिलो हप्ता	किष्ण ब. जिरेल	
८.	ठुलोसिम कृ.स.	३	०	०		पहिलो हप्ता		
९.	कलङ अर्गानिक कृ.स.	७	१७	१३	३०	१ गते	सुरज खडका	९८४४३०१६६९
१०.	अगुवा कृ. स.	६	१७	०	१७	१० गते	अम्बिका खडका	९८४४०१५१८८
११.	छाहारी देवि अर्गानिक कृषक स.	४	२१	१९	४०	पहिलो हप्ता	सन्जुमा जिरेल	९८६९१२२०६२
१२.	रेन्जे कृ.स.	६	१३	६	१९	१ गते	इन्द्र ब जिरेल	०
१३.	ढुङगेश्वरी अगानिक कृ. स.	५	०	०	०	१० गते	जिवन जिरेल	९८१७८८२३१३
१४.	सेतिभुमि अर्गानिक कृ.स.	६	२३	५	२८	४ गते	ढाकादेवि जिरेल	९८६४२३४७२२
१५.	श्री गोकुलेश्वर अर्गानिक कृ.स.	५			२५	पहिलो शनिबार	रत्न ब. कार्की	९८००८८९७४०
१६.	अस्तला देवि अर्गानिक कृ.स.	६	२०	६	२६	१५ गते	नेत्र ब. खडका	९७४११२०४३०
१८.	सेतिदेवी महिला कृ. स.	४	३१	०	३१	दोस्रो हप्ता	मान कुमारी खत्री	९८०७६८९८२६
१९.	बुलडाँडा मिश्रित कृ. स.	६	०	०	०	०	काडी शेर्पा	९८४०४००५२३

२०.	त्रिशुले अर्गानिक कृ. स.	८	१३	१५	२८	५ गते	सोम ब. सुनुवार	९८६६८८१२४९
२१.	लामा टोल कृ. स.	६	२४	०	२४	मसान्त	मेन्टुमा जिरेल	९८४४२८२२७८
२२.	छेर्मादिङ आलु कृ. स.	२ वडा	४०	०	४०	२ गते	पोमाओङदि शेर्पा	९८०८६४२१२३
२३.	खुन्दुर्के अर्गानिक कृ. स	७	३	१४	१७	१५ गते	डिमादोर्जे शेर्पा	९८२३२८७९२७
२४.	माथिल्लो सिकी अर्गानिक कृ. स.	७	५	१०	१५	१ गते	टहल ब. जिरेल	९८०७६२३३०१
२५.	सेति देवी नमुना कृ.स.	२	०	०	०	१ गते	पदम ब. खत्री	९८४०४०९५७
२६.	च्यानेटार अर्गानिक कृ. स	२	१३	१४	२७	१५ गते	टसी शेर्पा	९८२३१५११२१
२७.	प्रागारीक खेति यार्सा कृ. स.	६	०	०	२०	१ गते	गुण माया माझी	०
२८.	सेति देवि अर्गानिक कृ. स	३	१४	१	१५	५ गते	मुना खत्री	९८४४००१६७२
२९.	भुमेथान अर्गानिक कृ. स.	३	६	१८	२४	पहिलो शनिबार	बिष्ण ब. खडका	९८४९०४५१७६
३०.	श्री फिर्के अगानिक कृ. स.	४	१२	२१	३३	पहिलो शनिबार	नगेन्द्र जिरेल	९८०८६२५५७१
३१.	माथिल्लो कोट कृ. स.	६	१२	१२	२४	०	लिला देवि जिरेल	९८४३१३८९८८
३२.	सिद्धदेवि पशुपछी अर्गानिक कृ. स.	३	७	११	१८	२ गते	खेत ब. बस्नेत	९८६९१२२०३९
३३.	श्री बजिनीटार लगनशिल अर्गानिक कृषि तथा पशुपन्छी कृ. स.	३	८	७	१५	पहिलो शनिबार	हित ब. खडाका	९८४४२२९५२१
३४.	आहाले उन्नत किवी उत्पादन	७	३	१३	१६	५ गते	कर्ण ब. जिरेल	९८१२००३७३६
३५.	जनज्योति कृषक स .	९	१०	१५	२५	३ गते	इन्द्र ब. तामाङ	९८६०१९४१२७
३६.	यस्याङगोठे अगार्निक कृ. स.	७	१५	९	२४	दोस्रो हप्ता	दिल कुमारी खत्री कार्की	९८६०४१६०४३
३७.	भ्रिसेपु उधमशिल अर्गानिक कृ. स.	९	१२	१५	२७	पहिलो शनिबार	नवराज सुनुवार	९८४३३५४५०१
३८.	जनचेतना कृ. स.	७	०	०	०	०	लुक्छिरी शेर्पा	९८१९८५८१३९
३९.	श्री मेक्पा अर्गानिक कृ. स.	४	८	१६	२४	२५ गते	जसमाया जिरेल	९८१९८५८१३९

४०.	जनजागरण अर्गानिक कृ. स.	७	९	१९	२८	१ गते	सोनाम शेर्पा	९८६२४०६३६४
४१.	छहारे अर्गानिक कृ. स.	७	४	१७	२३	२७ गते	दाछीरी शेर्पा	९८०८२३०३२७
४२.	हनुमन्ते अर्गानिक कृ. स.	७	३	२२	२५	२९गते	लुक्दोर्जे शेर्पा	९८०४८६४८८३
४३.	बुकिनी कृ. स.	२	८	७	१५	हरेक महिनाको अन्तिम दिन	भोजराज कार्की	९८१७६३९१७७
४४.	च्योर्दुङ परिवार अर्गानिक	८	१५	४	१९	प्रत्येक महिना पहिलो हप्ता	चन्द्र ब. जिरेल	९८२७६६८११२
४५.	च्योर्दुङ तल्लो कुने अर्गानीक कृ.स.	४	१७	१४	३१	पहिलो शनिवार	प्रेम ब.खत्री	९७४३०८९१७४
४६.	नाबोक महिला कृषि कृ. स.	५	२३	०	२३	४ गते	चिनिमाया जिरेल	९८४११५५५८३
४७.	लालिगुरास कृ.स.	६	८	८	१६		श्याम जिरेल	९८४४३०४६४६
४८.	गेलाफु अर्गानिक कृ.स.	८	७		२३	२ गते	लालमान जिरेल	९८६१११६०९५
४९.	लालिगुरास	८					दशामी सुनुवार	
५०.	चेप्टे महिला कृ.स.	६	२१	०	२१	२ गते	लक्ष्मी जिरेल	९८४११४१३१५
५१.	श्री दिपपुर कृ.स.	८					श्याम खत्री	
५२.	श्री लक्ष्मी पुजा कृ.स.	८	९	८	१७	६ गते	ठकेन्द्र खत्री	९८६६६६७७१३
५३.	श्री पोखरी खर्क अर्गानिक कृ.स.	८	८	१४	२२	५ गते	तेज ब. खड्का	९८१९६९४७४४
५४.	गोकुलेश्वर कृ.स.	२	१९	३	२२	२ गते	जित कुमारी कार्की	९८६६३३१६५२
५५.	जनजागरण महिला अर्गानिक कृ.स.	७	१६	०	१६	२५ गते	बीमला जिरेल	९८४४५५५१९७
५६.	श्री सुर्के खावा अर्गानिक कृ.स.	७	२	२६	२८	३ गते	पेमा सङगे शेर्पा	९८१२००५६५४
५७.	श्री राम्बोले अर्गानिक कृषि तथा पशुपन्छी पालन समुह	८	१२	२२	३४	१ गते	मान ब.तामाङ	९८१३५११२४८
५८.	सेतीदेवि अर्गानिक कृषक समुह	१	६	१९	२५	५ गते	धनक ब खड्का	९८४०२७१८५३

५९.	श्री धनमाले अर्गानिक कृषक समुह	८	२०	९	२९	१ गते	बिराज खत्री	९८१२१५९४५०
६०.	निगाले अर्गानिक विडर कृषक समुह	८	१७	१३	३०	१४ गते	तेम्वा शेर्पा	९८१५८९४४३०
६१.	श्री जटापोखरी महिला कृषक समुह	१	२१		२१	२७ गते	सरस्वति वस्नेत कार्की	९८६४०००५३५
६२.	श्री जलेश्वर कृषक समुह	३	५	२०	२५	पहिलो शनिवार	भोलाराम चापागाँइ	९७४४०१४९७०
६३.	ढुङ्गेश्वरी कृ.स.	१	४	११	१५	अन्तीम शनिवार	कबिता बुढाथोकि	९८४४३०३७१५
६४.	खिम्तिसिर अर्गानिक कृषक समुह	१	१०	२८	३८	१० गते	पासाङ सुनुवार	९८४०८८२४४६
६५.	श्री मालि कृषक गाउँ महिला कृ. स .	३	०	०	११	२९ गते	अनिता के.सी	९८४४०१३८१६
६६.	अमरज्वती कृषक समुह	२	०	०	२२	२ गते	राजु गुवाजु	९८४१८५४५४४
६७.	प्रगतिशिल साना किसान महिला कृ.स	८	०	०	१५	१ गते	नन्दमाया खड्का	९८०८५८८८७५
६८.	सेप्जेलो महिला उधमी अर्गानिक कृ. स.	७	१५	०	१५	५ गते	सोनिया शेर्पा	९८२६८५५६८८
६९.	छहारे महिला उधमी अर्गानिक कृ.स.	७	२२	०	२२	५ गते	टेल्हमु शेर्पा	९८१५८३४९४७
७०.	खुद्धर्के महिला उधमी अर्गानिक कृ. स.	७	२१	०	२१	५ गते	आङल्हमु शेर्पा	९८३२११०९२
७१.	देउरुम्बा बहुवाली कृ.स.	९	२५	०	२५	१५ गते	केन्द्र ब. सुनुवार	९८४८६६२३०
७२.	नमुना महिला अर्गानिक कृ.स.	७	१५		१५	५ गते	सरिता जिरेल	९८४०५८८००२
७३.	देविथान महिला कृषक समुह	७	३२	०	०	१३ गते	सुनिता जिरेल	
७४.	उद्यमशिल कृषि तथा पशुपालन कृषक समूह	८			१६	१० गते	सागर सुनुवार	
७५.	भैसिलिम्बु महिला अर्गानिक कृषक समूह	७		११	११	९ गते	सोनी जिरेल	९८०४८९४३१९
७६.	हरियाली महिला अर्गानिक कषक स.	७	१८		१८	५ गते	तिलमा जिरेल	९८२५८९४४३०
७७.	पाथीभरा महिला कृषक समूह	१	१६	३	१९	१५ गते	लालामाया रसाइली	९८६९३५०६०४
७८.	कुने महिला कृषक समूह	४	३१		३१	पहिलो शनिवार	निर्मला खत्री	९८४०२६३४०१

७९.	खोल्मे उर्लेनी दलित कृषि तथा पशुपन्छी समूह	९			३७	१ गते	दल ब. नेपाली	९८१५८०६६८४
८०.	श्री घुन्सा कृषि तथा पशुपन्छी कृषक समूह	६			२३	२ गते	अनिल जिरेल	९८०८२७३३०२
८१.	सल्लेफेदी महिला कृषक समूह	९	३०		३०		बिन्दा श्रेष्ठ	
८२.	लेखर्क डाडाखर्क कृषि महिला समूह	९	३०		३०	प्रत्येक महिना पहिलो शनिवार	नैन कुमारी सुनुवार	९८२६८५६३४७
८३.	सोर्दुम दुदुले लुकुवा जामेघुग सामुदायिक अर्गानिक कृषि समूह	७	२३	१२	११	प्रत्येक महिनाको दोस्रो शनिवार	लिला बहादुर जिरेल	९८१४८१२००४ ९७४६४५६०७३
८४.	हिले नमुना अर्गानिक कृषक समूह	७			२३	२५ गते	सेङगे दोर्जे शेर्पा	९८४९७८५८३९
८५.	ऐले चौरीपालक कृषक समूह	१	२	८	१०	प्रत्येक महिनाको १० गते	खेमराज सुनुवार	९८६१४९३३५२
८६.	प्रगतिशील कृषक आमा समूह	९				प्रत्येक महिनाको ०६ गते		

श्रोत: जिरी नगरपालिका कार्यालय, २०८०

तालिका नं.२९ कृषक फर्महरू

क्र. सं.	फर्मको विवरण	ठेगाना	फर्म सञ्चालक/ प्रोप्राइटरको नामथर	सम्पर्क नं.
१.	जिरेल कृषि तथा पशुपालन फार्म	जिरी न. पा.-०८	कर्ण बहादुर जिरेल	९८४९२२९८७४
२.	जिरेल बाख्रा फार्म	जिरी न. पा.-०४	गोपाल जिरेल	९८०८४१७०७६
३.	खरायो वन कृषि तथा पशुपालन फार्म	जिरी न. पा.-०८	गोविन्द जिरेल	९८६०६१८६८१
४.	बुलडाँडा मिश्रित कृषि फर्म	जिरी न. पा.-०६	दावा शेर्पा	९८४०४००५२३
५.	नाजिङ कृषि तथा पशुपंक्षी फर्म	जिरी न. पा.-०३	फुर्वा शेर्पा	९८६०७४७२४६
६.	मिका कृषि तथा पशु फर्म	जिरी न. पा.-०८	तेज बहादुर सुनुवार	९८४४४२८५९२
७.	शिशिर कृषि तथा पशु फर्म	जिरी न. पा.-०८	कुमारनाथ योगी	९८४४२११३११
८.	पि. एल. एस. कृषि तथा पशुपालन फर्म	जिरी न. पा.-०२	पासाङ लाक्पा शेर्पा	९८१७८८२०१८
९.	लक्ष्मी पशुपालन फर्म	जिरी न. पा.-०७	खर्क बहादुर जिरेल	९८१८४००६३४
१०.	आशिष कृषि तथा बाख्रा पालन फर्म	जिरी न. पा.-०७	मटक बहादुर जिरेल	९८६०३७४५४०
११.	ढुङ्गेश्वरी पशुपालन फर्म	जिरी न. पा.-०५	सिता जिरेल	९८०७८३७४७७
१२.	खत्री ब्रदर्श कृषि तथा पशु फर्म	जिरी न. पा.-०८	श्याम खत्री	९८०८६४९९११
१३.	चेर्दुङ पोल्ट्री फार्म	जिरी न. पा.-०४	सोम्मिमा जिरेल	९८४४४६६५२०
१४.	गर्जा स्थानीय कुखुरा फर्म	जिरी न. पा.-०४	कुमारी जिरेल	९८६४००३५९२
१५.	अर्गानिक किवी फर्म	जिरी न. पा.-०४	अनिषा जिरेल	९८१३७२३२६८

१६.	जेनिस बाख्रा फर्म	जिरी न. पा.-०४	सानु जिरेल	९८१७८१९६२८
१७.	जिरेश्वरी पोल्ट्री फर्म	जिरी न. पा.-०४	इश्वरी जिरेल	९८४४५५५७७८
१८.	एग्रीकल्चर एण्ड लाइभस्टक गुड्स प्रोडक्सन प्रोसेसिङ एण्ड मार्केटिङ प्रा.लि.	जिरी न. पा.-०६	नेत्र बहादुर खड्का	९८४४५५५८२०
१९.	जिरी चेप्टे खसी बाख्रा फार्म	जिरी न. पा.-०६	वुदेमान जिरेल	९८४११७९०२६
२०.	बगरडाडा पशु फार्म	जिरी न. पा.-०४	पहल बहादुर खत्री	९८१८५७४३४६
२१.	रेञ्जे तरकारी फर्म	जिरी न. पा.-०६	मोहन बहादुर वस्नेत	९८०८२३२१७८
२२.	कालिदेवी कृषि फर्म	जिरी न. पा.-०६	कान्छा बहादुर जिरेल	९८०७८५११९१
२३.	सगुन कृषि तथा पशु उत्पादन फर्म	जिरी न. पा.-०७	लोक बहादुर जिरेल	९८५१२३५६६३
२४.	कृष्टि एण्ड कृष्टिना कृषि तथा पशु फर्म	जिरी न. पा.-०७	कुशुम जिरेल	९८६४००३५९१
२५.	शेर्पा शेर्पिनी बगंर फार्म	जिरी न. पा.-०१	लाक्पा शेर्पा	९८०७३६३७७
२६.	विष्णु वंगुर पालन	जिरी न. पा.-०६	विष्णु जिरेल	
२७.	सेती देवी वाख्रापालन फर्म	जिरी न. पा.-०५	ज्ञानु जिरेल	९८०७८७७४८०
२८.	देउराली कृषि तथा बंगुर फार्म	जिरी न. पा.-०५	नुर्पा दावा शेर्पा	९८१३७०८५०७
२९.	अस्तला बाख्रा पालन फर्म	जिरी न. पा.-०६	कृष्ण बहादुर खत्री	९८००८९९७५०
३०.	धनलक्ष्मी बहुउद्देश्यीय कृषि तथा फर्म	जिरी न.पा.-०४	दुर्गा बहादुर बस्नेत	९८४४५५५७९२
३१.	सर्वाखास कृषि फार्म प्रा.लि.	जिरी न.पा.-०२	पासाङ तेन्जी शेर्पा	९८४३२३१२६०
३२.	पाटीटार कुडाँर पशुपालन फर्म	जिरी न.पा.-०६	कृष्ण बहादुर क्षेत्री	९८४४०६५१०
३३.	जिरी इको अर्गानिक फार्म एण्ड रिसर्च	जिरी न.पा.-०६	लक्ष्मी चापागाई	९८४९०३०५०१

३४.	पाथिभरा बाख्रापालन फर्म	जिरी न.पा.-०१	मिङमा छिरी शेर्पा	९८६१५६८३६५
३५.	पखेरे कृषि तथा पशुपालन फर्म	जिरी न.पा.-०८	विर ब. खड्का	९८०८५८८८७५
३६.	जिरेश्वरी कृषि फर्म प्रा.लि.	जिरी न.पा.-०४	दिपेश कार्की	९८४३९९२६११
३७.	हनुमन्ते कृषि तथा पशपालन फर्म	जिरी न.पा.-०७	सुधिर खड्का	९८४३०००७१८
३८.	शेर्पा कुखुरा पालन फर्म	जिरी न.पा.-०३	नम्बी शेर्पा	९८०३५०१४६३
३९.	झाँक्रे खोला महादेव कृषि तथा पशुपालन फर्म	जिरी न.पा.-०९	डबल ब. तामाङ्ग	९८०३८६०५१४
४०.	सुपसीरी कृषि तथा पशुपंक्षी फार्म	जिरी न.पा.-०६	हरि ब. खड्का	९८८६१९९७६१५
४१.	यलुङ अर्गानिक कृषि तथा पशुपंक्षी प्रा.लि.	जिरी न.पा.-०२		९८२३१५११२१
४२.	सम्झना कृषि तथा पशुपंक्षी फार्म	जिरी न.पा.-४	अनिल जिरेल	९८६५६९०४५९
४३.	पशुपंक्षी तथा कृषि फार्म	जिरी न.पा.-७	ओलक बहादुर जिरेल	९८४३६३९९५
४४.	गोम्फालुङ कृषि तथा पशुपालन फर्म	जिरी न.पा.-६	शान्तमाया खत्री	९८६३७९१५२३
४५.	सतगुण कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-६	मनोज जिरेल	९८६४००३५६६
४६.	उद्यमशिल कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-८	कृष्ण बहादुर सुनुवार	९८१४८१४१५७
४७.	प्रोग्रेसन कृषि तथा पशुपंक्षी	जिरी न.पा.-८	रिजेस जिरेल	९८१२२१३७३०८
४८.	एकिकृत कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-७	लव ब.जिरेल	९८५११२८८२३
४९.	दिविका कृषि तथा पशुपंक्षी पालन	जिरी न.पा.-७	संचमाया जिरेल	९८०८८७५००५
५०.	चन्द्र कृषि तथा पशुपालन फर्म	जिरी न.पा.-९	चन्द्र ब. सुनुवार	९८५११००२६१
५१.	जिरी एकिकृत कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-६	अनिल जिरेल	९८१८७८३४४४

५२.	खिम्ती असला माछा पालन तथा बहुउद्देश्य कृषि तथा पशुपंक्षी	जिरी न.पा.-२	ज्ञान ब. गुभाजु	९८४३७३२९५५
५३.	धर्मस्थल कृषि तथा पशुपालन फर्म	जिरी न.पा.-९	बोस ब. तामाङ	९८६९७३४२६७
५४.	जिरेल एकिकृत कृषि तथा पशुपन्छी फर्म	जिरी न.पा.-७	रुद्र ब. जिरेल	९८४१८७३६४२
५५.	जिरी हर्वल एण्ड एग्रो फरेस्ट्री	जिरी न.पा.-७	टकं प्रसाद चौलागाई सहित ५ जना	९८५१२०२१४२
५६.	त्रिशुले आशिस कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-८	भिम कुमारी सुनुवार	९८१८७४३२३२
५७.	गुणस्थलि कृषि तथा पशुपन्छी फर्म	जिरी न.पा.-९	सानुमाया तामाङ	९८६२५७९९७७
५८.	देउरुम्बा कृषि तथा पशुपन्छी फर्म	जिरी न.पा.-९	अर्जुन ब. काफ्ले	९८४४४६८५६९
५९.	सास्मिला कृषि तथा पशुपन्छी फर्म	जिरी न.पा.-८	अमृत ब. कार्कि	
६०.	जिरी एग्रीकल्चर फार्म एण्ड रिसर्च सेन्टर	जिरी न.पा.-६	शुसिल खड्का	९८५१११६८९३
६१.	झुरुने कृषि तथा पशुपन्छी	जिरी न.पा.-०९	राम ब. खत्री	
६२.	हाम्रो अर्गानिक कृषि तथा पशु फर्म	जिरी न.पा.-०२	निर ब. कार्की	९८६४११२१५२
६३.	कुन्जना कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०९	कुन्जना सुनुवार	९८००८५२०७४
६४.	निरमाया समिता कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०९	निरमाया सुनुवार	९८२३४५३५५०
६५.	लामा कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०६	लाक्पा शेर्पा	९८६१९७४६६६
६६.	सिर्जना अर्गानिक कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०८	पोष ब. सुनुवार	९८१८७४३२३६
६७.	कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०७	फत्त ब. जिरेल	९८५१२३५६६३
६८.	कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०३	कमल खड्का	९८४९१२००४०
६९.	अविथान कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०७	छत्र ब. जिरेल	९८४३६८८६७५
७०.	गौरव कृषि तथा पशुपन्छी फर्म	जिरी न.पा.-०९	तिलक ब. तामाङ	

७१.	रसिका अर्गानिक कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०८	रमेश प्रमाश तामाङ	९८१८५०२१४०
७२.	जिरी एग्रो फरेस्ट्री प्रोडक्सन सेन्टर प्रा. लि	जिरी न.पा.-०७	टंक प्रसाद चौलागाई	९८५१०२०२१४२
७३.	नव उन्नत बाख्रा फर्म	जिरी न.पा.-०२	ज्ञान बहादुर खड्का	९८४४५५५७५६
७४.	सि एफ ए कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०७	सन्तोष खड्का	
७५.	चेर्दुङ कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०१	सोनाम शेर्पा	९८४८०९०४३२
७६.	लक्ष्मि अर्गानिक तरकारी तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०५	चिनीमाया जिरेल	
७७.	भुवन अर्गानिक फलफूल तरकारी तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०७	चक्र कुमार जिरेल	९८४११६८२६०
७८.	रोमी अर्गानिक कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०८	तोरण बहादुर जिरेल	९८४४२३९८९३
७९.	जटेश्वरी कृषि फर्म	जिरी न.पा.-०४	केवल बहादुर कार्की	९७४१८३१५१११
८०.	सिन्चुरी कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०५	पदम बहादुर विश्वकर्मा	९८६०२३१४११
८१.	सुर्य कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०९	सुर्य बहादुर सुनुवार	९८५१२६९९९
८२.	दाहाल कृषि तथा पशुपालन फर्म	जिरी न.पा.-०४	देवी उपाध्याय	९८४४२३६८७७
८३.	युनिका अर्गानिक कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०८	एक बहादुर जिरेल	९८१७८१३९१८
८४.	यार्सा कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०६	वेद बहादुर जिरेल	९८६१५६२००४
८५.	हिमाली कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०९	मिला सुनुवार्नी	९८०८९०३५८३
८६.	रामजी कृषि तथा पशुपंक्षी फर्म	जिरी न.पा.-०६	रामजी खवास	९८४६६८५७६५
८७.	उर्गेन अर्गानिक कृषि तथा पशपन्छी फर्म	जिरी न.पा.-०८	जाङवु शेर्पा	९८६६४५१२२२
८८.	विश्वकर्मा अर्गानिक लोकल कृषि तथा पशुपन्छी फर्म	जिरी न.पा.-०८	सुजना विश्वकर्मा	९८०८३४२५२६

स्रोत: जिरी नगरपालिका, २०८०

४.२.२ कृषि बालीमा लाग्ने रोग

नगरपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ। सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन्। यसैगरी मकैमा डाँठ वा घोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन्। फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन्। मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ।

४.२.३ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैँ बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा क्रमश विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरण प्रचलन विकास हुन थालेको छ। नगरपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँ कृषिजन्य वस्तु बजारीकरणका विभिन्न ढाँचाहरु अभ्यासमा आएका छन्। यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन्।

४.२.४ कृषि पकेट क्षेत्रको बिबरण

पकेट क्षेत्र भन्नाले राष्ट्रिय आवस्यकता र स्थानीय संभाव्यताका आधारमा तोकिएको बाली / वस्तुमा न्युनतम १० हे. जमिनमा जिल्ला स्तरमा सञ्चालन गरेको साना व्यवसायिक उत्पादन केन्द्रलाई बुझिन्छ। यसको प्रमुख उद्देश्य पकेटमा समावेश गरिएका बाली / वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुको साथै पकेट क्षेत्रमा मौसमी रोजगारी सिर्जना गर्नु हो।

कृषि मन्त्रालयले स्थानीय संभाव्यताको आधारमा सडकको पहुँच, सिँचाईको उपलब्धता, विद्युतको उपलब्धता, तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको एउटै कोरिडोरमा रहेको कृषि बाली / व्यवसायिक उत्पादन क्षेत्रलाई कृषि पकेट क्षेत्र भनिन्छ। कृषि विकास मन्त्रालयले परिवर्तित नेपालको संरचना अनुसार ७ प्रदेशमा संभावित व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) निर्धारण गरेको छ। हिमाल पहाड तराई र हिमाली जिल्लाहरुमा बालीको प्रकृति अनुसार सार्वजनिक / निजी साझेदारीमा पकेट क्षेत्र घोषणा भईरहेको छ। राष्ट्रियस्तरमा कृषि क्षेत्रको विकास गर्न पकेट क्षेत्र अवधारणा अनुसार कृषि उत्पादन बढाउने लक्ष्य राखिएको छ।

जिरी नगरपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ। कृषि पेशामा संलग्न श्रम 'शक्ति उच्च रहेको यस नगरपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रुपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, माछा पालन, पशुपालन, कृषि उत्पादनको वृद्धि गर्न कृषि गुरुयोजना बनाई कृषि क्षेत्रको विकास गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ। कृषि कार्यालयले नगरपालिकामा पहिचान गरिएको कृषि पकेट क्षेत्रको विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं.३० पकेट क्षेत्रको विवरण

सि.नं.	बालिको नाम	पकेट क्षेत्रहरु	कैफियत
१	आलु	३,६,७ र ८	अन्य वडाहरुमा पनि सम्भबना रहेको
२	तरकारी वाली	२,६,८ र ९	अन्य वडाहरुमा पनि सम्भबना रहेको

स्रोत : जिरी नगरपालिका कार्यालय, २०७९

४.२.५ किवि खेति

जिरी नगरपालिकाको मुख्य नगदे बाली भित्र पर्ने एक कृषि उत्पादन किवी हो । जसमा नगरपालिका, प्रदेश सरकार तथा संघीय सरकारबाट बेलाबेलामा किवि खेतीसँग सम्बन्धित रकम विनियोजन समेत हुने गरेको छ । यसले गर्दा नगरपालिका भित्र रहेका कृषकहरूलाई अझ हौसला प्रदान गर्दै किवी जोन समेत विस्तार हुन पुगेको छ । नगरपालिका क्षेत्रभित्र वडा नं. १ देखि ९ सम्म नै किवी खेतीको लागि उपयुक्त हावापानी रहेको तथा बजारीकरणको लागि धेरै गाह्रो नभएको हुँदा कृषकहरू यस खेतीमा निकै नै उत्पाहित छन् ।

फलहरुको राजा मानिने किवि १२०० देखि २४०० मिटरसम्मको उचाईमा राम्रो उत्पादन हुन्छ । भिटामिन सि र एक्टिनिडिन ईन्जायम पाइने उक्त फल उच्च रक्तचाप नियन्त्रण, पाचन प्रणालीमा सुधार र मधुमेहका लागि उपर्युक्त रहेकाले विक्रीका लागि बजार राम्रो भएको फलफुल हो । जिरी नगरपालिका पनि किवि खेतिको लागि उपयुक्त रहेको छ । यस नगरपालिकामा हाल किविको व्यवसायिक खेति भइरहेको छ । नगरमा २२४ कृषकहरुले किवि उत्पादन गरिरहेका छन् । त्यस्तै नगरमा ४३ व्यवसायिक किवि उत्पादक कृषकहरु रहेका छन् । नगरपालिकाको व्यवसायिक अन्तर्गत ५२.४८ हे. मा १५,७४३ किविको विरुवा रहेका छन् । किवि उत्पादनले जिरी नगरपालिकाको कृषि क्षेत्रमा उल्लेख्य सुधार हुँदै गएको छ । यस किसिमको व्यवसायिक उत्पादनलाई अझ व्यवस्थापन गरी लगेको खण्डमा यहाँको कृषकहरुको जीवनस्तरमा सुधार तथा नगरको आर्थिक विकासले पनि गति लिने देखिन्छ । जिरी नगरपालिकामा रहेका किवि नर्सरी गर्ने कृषकहरुको विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ३१: किविको नर्सरी खेति गर्ने कृषकहरुको विवरण

क्र. स.	नर्सरिको नाम	नर्सरी धनीको नाम	सम्पर्क नं.	विरुवा उत्पादन तथा विक्री रेकर्ड			
				नाम	जात	कलमी मात्र	विक्रि योग्य विरुवा
१	श्यामा एकिकृत पशु कृषि फार्म, जिरी-०१	लाक्पा शेर्पा	९८६०७३६३७७	किवी	हेवार्ड, एलिसन, मोन्टी	उत्पादन: ७००० विक्रि: ३५००	४२५०
२	टसिदा जैविक कृषि तथा पशुपालन फर्म, जिरी-०१	बसन्त कुमार जिरेल	८९४४३०६२२०	किवी	हेवार्ड, एलिसन, मोन्टी	उत्पादन: ७००० विक्रि: ३५००	

३	सगुन कृषि तथा पशुपालन फार्म, जिरी-०७	लोक बहादुर जिरेल	९८५१२३५६६३	किवी	हेवार्ड, एलिसन, मोन्टी, ब्रुनो	उत्पादन: ७००० विक्रि: ३५००	
४	माथिल्लो सिक्री पशुपालन तथा कृषि फार्म, जिरी-०७	ओलक जिरेल	९८४४३९५७६१	किवी	हेवार्ड, एलिसन, ब्रुनो	उत्पादन: ७००० विक्रि: ३५००	४०००
५	कलङ नमुना किवी तथा कृषि फार्म, जिरी-०७	किरण खड्का	९८४४४०६५११	किवी	हेवाड, एलिसन	उत्पादन: ७००० विक्रि: ३५००	१००००

श्रोत: जिरी नगरपालिका कार्यालय, २०७९

४.२.६ जग्गाको उर्वराशक्ति

हरेक उत्पादनको लागि माटोको उर्वराशक्ति अति नै आवश्यकता पर्दछ। नगरपालिका भित्र रसायनिक मलको प्रयोग नगर्ने गरी प्राङ्गारिक मल मात्रै प्रयोग गर्ने गरी उत्पादनमा जोड दिएको छ। विषादी भने केही मात्रामा प्रयोग गरिन्छ। यसबाट जग्गाको उर्वराशक्तिमा कम ह्रास हुने विश्वास समेत लिएको छ त्यसैले नगरपालिका भित्र रहेको ३१ प्रतिशत भू-भाग खेतीयोग्य जमिनले ओगटेको क्षेत्रलाई आधुनिक कृषि प्रणाली अनुसार खेती नगर्दा भने भनेजस्तो उत्पादन तथा उत्पादकत्वमा वृद्धि भएको देखिदैन। पहाडी भू-भागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा जडीबुटी तथा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ। भने हिमाली भागहरुमा जडीबुटीहरुको लागि उर्वर भुमिहरु पाइन्छन्।

४.२.७ कृषि सहकारी संस्थाहरुको विवरण

तालिका नं.३२ नगरपालिका भित्र रहेका कृषि सहकारी संस्थाको सम्पर्क विवरण

सि. न.	सहकारी नाम	ठेगाना	सम्पर्क ब्यक्ति
१	पाँचपोखरी कृषि सहकारी संस्था लि.	जिरी-१	खुस बहादुर कार्की
२	यलुङ प्राङगारिक कृषि सहकारी संस्था लि.	जिरी-२	मिङ्गा शेर्पा
३	मालि कृषि सहकारी संस्था लि.	जिरी-३	याङ्जी शेर्पा
४	सिउरानि कृषि सहकारी संस्था लि.	जिरी-४	
५	श्री जिरि साना किसान कृषि सहकारी संस्था लि .	जिरी-५	
६	पात्ले साना किसान कृषि सहकारी संस्था लि.	जिरी-६	
७	आविथान कृषि सहकारि संस्था लि.	जिरी-७	भिम जिरेल
८	कलङ जैविक कृषि सहकारी संस्था लि.	जिरी-७	
९	लोकहित जैविक प्राङगारिक कृषि सहकारी संस्था लि.	जिरी-७	
१०	नाम्सा उत्थान कृषि सहकारी संस्था लि.	जिरी-९	शान्तविर तामाङ
११	जगेर्ना पशुपालन कृषि सहकारी संस्था लि.		

१२	जनजागरण प्राङगारिक कृषि सहकारी संस्था लि.		
१३	कृषि सहकारी संस्था लि.		
१४	श्यामा कृषि बाख्रा सहकारी संस्था लि.		
१५	समाज सुधार कृषि सहकारी संस्था लि.		
१६	सौगात कृषि सहकारी संस्था लि.		

नगरपालिका भित्र कृषि सहकारी संस्था जम्मा १६ वटा छन् । आर्थिक आयलाई व्यवस्थित र मर्यादित बनाउनको लागि सहकारीको अत्यन्तै महत्वपूर्ण भूभिका रहेको हुन्छ यसै अनुरुप जिरी नगरपालिका भित्र पनि यस्ता सहकारी संस्थाहरूबाट केही कृषकहरूले लाभ लिएका छन् र आफ्नो आर्थिक स्तर समेत उकासेका छन् । यसले नगरपालिकाको आन्तरिक आम्दानीमा समेत टेवा पुगेको ।

४.२.८ सिंचाइ

नगरपालिकामा सतह सिंचाईको स्रोत पर्याप्त मात्रामा रहेको भएता पनि वडा नं. ३ को केही स्थान र वडा नं. ९ को केही स्थानमा भने कमी रहेता पनि अन्य स्थानमा सामान्य रुपमा सिंचाईको सुविधा रहेको पाइन्छ । तथापी नगरपालिका भित्र रहेका कृषकहरूले कृषि उत्पादनको लागि उर्वर माटो भएको क्षेत्रमा वैज्ञानिक कृषि अपनाउन सके ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ ।

४.२.९ पशुपालन

कृषकहरुको आर्थिक अवस्थालाई माथि लैजानको लागि सहयोग पुर्याउने पशुपालन व्यवसाय पनि एक हो । जिरी नगरपालिका भित्र चौरी पालन, माछा पालन, गाई पालन, तथा अन्य आम्दानीको स्रोत हुने गरी पशुउत्पादनमा जोड दिने गरेका छन् । दुग्धजन्य उत्पादन जिरी नगरपालिका आत्मानिर्भर छ भने मासुजन्य उत्पादनमा समेत आत्मनिर्भर रहेको छ । यसबाट नगरपालिका भित्रको उत्पदन ताजा नै उपभोग गर्न पाउँछन् भने यसले प्रत्येकको स्वास्थ्यमा समेत प्रत्येक्ष फाईदा पुर्याउँदछ । त्यसैले परम्परागत जीवन निर्वाहमुखी कृषि तथा पशुपालन व्याप्त रहेको अवश्थामा जिरी विगत देखि नै व्यवसायिक कृषि तथा पशुपालनमा प्रख्यात रहेको छ ।

४.२.१० पशु विकास फार्म

पशु विकास फार्म, जिरीको स्थापना स्विस सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा वि.सं. २०१४ सालमा भएको थियो । यो फार्म २०१८ सालमा जिरी बहुमुखी विकास आयोजना अन्तर्गत रही पशु विकास सम्बन्धि कार्य गर्दै रहेकोमा कृषि विकासका कार्यक्रमहरु एकिकृत रुपमा अघि बढाउन २०२० सालमा जिरी कृषि केन्द्रको स्थापना भएको थियो । यसैक्रममा २०२० साल माघ २३ गतेका दिन तत्कालीन श्री ५ महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेवका बहुलीबाट जिरी एग्रीकल्चर स्टेशनको उद्घाटन भई यस अन्तर्गत वाली विकास कार्यक्रम, पशु चिकित्सालय, बागवानी विकास कार्यक्रम र समन्वयात्मक पशु विकास कार्यक्रमहरु सचालन भएको थियो । आ.व. २०४२/४३ सालमा कृषि केन्द्रका अरु शाखाहरु स्वतन्त्र भई अन्यत्र सारिएक भने आ.व. २०४३/४४ देखि पशु विकास फार्म जिरी नामाकरण गरि कार्यक्रम सचालन भई रहेको थियो ।

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार साविकको कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय मातहत रहने निकायहरुको संघीय प्रणाली अनुसार पुनर्संरचना भए बमोजिम यी पशु विकास फार्म नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, राष्ट्रियपशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय मातहत सञ्चालन हुने गरी गाई आनुवाँशिक स्रोत

केन्द्र जिरी, दोलखाको स्थापना भएको हो । यस केन्द्रको प्रमुख उद्देश्य राष्ट्रियस्तरमा गाईको आनुवाँशिक स्रोत संरक्षण, संवर्द्धन, प्रवर्द्धन र सदुपयोग गर्नु हो । गाई विकाससंग सम्बन्धित प्रविधिको विकास र विस्तार गरी गाईको उत्पादकत्वमा वृद्धी ल्याई राष्ट्रियस्तरमा व्यवसायिकता अभिवृद्धीमा टेवा पुर्याउन गाई अनुवाँशिक स्रोत केन्द्रको कार्य विस्तृतिकरण(Terms of reference) तथा सम्बन्धित विवरणहरू देहाय बमोजिम तयार गरिएको छ ।

- पशु चिकित्सालय बागवानी विकास कार्यक्रम
- बाली विकास कार्यक्रम
- समन्वयात्मक पशु विकास

आ.व. २०४२/४३ मा कृषिका अरु शाखाहरु स्वतन्त्र भई अन्यन्त्र सारिए । आ.व २०४३/४४ देखि पशु विकास फार्म, जिरी नामाकरण गरी कार्यक्रम सञ्चालन हाल सम्म पनि भईरहेको छ । यस फार्मको प्रमुख कार्यहरु निम्न अनुसार रहेको छ :-

- प्रजननको लागि उन्नत जर्सी तथा ब्राउन स्वीस जातका साँढे उत्पादन तथा बिक्रि तथा वितरण
- गाई/भैंसीमा कृत्रिम गर्भाधान सेवा
- गाई/भैंसीमा प्राकृतिक गर्भाधान सेवा
- उच्च पहाडी हिमाली क्षेत्रमा लागइने उन्नत जातका चरन घाँसमा बीउ, वेर्ना उत्पादन तथा बिक्रि वितरण
- उन्नत जातका बंगुरका पाठापाठी उत्पादन तथा बिक्रि वितरण
- पशुपालन सम्बन्धी प्राविधिक सर-सल्लाह
- पशुपालन व्यवस्थापन सम्बन्धी कृष्कस्तरीय बाह्य स्रोत विकास तालिम ।

जिरी नगरपालिका भित्र मात्रै नभई दोलखा जिल्लामा एक मात्रै रहेको यस पशु विकास फार्मले दुग्धजन्य उत्पादनलाई बजारीकरण गरी नगरबाँसीहरूलाई ताजा दुग्ध उत्पादनहरू दिने गर्दछ । यसैगरी नगरपालिका भित्र अन्य चौरी पालक कृषकहरूले समेत नगरपालिका भित्र, काठमाण्डौँ, तथा विदेशमा समेत दुग्धजन्य उत्पादनहरु विक्रि वितरण गरेका छन् । त्यसैले पशुपालन जिरी नगरपालिका विकासको महत्वपुर्ण आधार हो । नगरपालिकामा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ । नगरपालिका व्यवसायिक पशु व्यवसायमा पनि अगाडि रहेको देखिन्छ । स्वीस सरकारको सहयोगमा २०१४ सालमा पशु विकास फर्म स्थापना गरिएको थियो सो फर्मलाई २०२० सालमा नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो । फर्मबाट जर्सी गाईको न्युक्लियस हर्ड व्यवस्थापन गरेर प्रजनका लागि उन्नत जातको बहर उत्पादन तथा वितरण हुने गरेको छ ।

नगरपालिकामा विशेषगरी गाई, भैंसी, चौंरी, बाखा, सुँगुर/बंगुर आदी यहाँका मुख्य घरपालुवा जनावर हुन । पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ, चौरीको चिज तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैंसी, कुखुरा फार्महरु लगायतका कृषिजन्य उद्योगहरु रहेका छन । यसबाट नगरपालिका बासिहरुको जीविकोपार्जनमा सुधार भैरहेको छ । त्यस्तै गरि भेटेनरी सेवा पनि नगरपालिकामा उपलब्ध रहेको छ । नगरपालिकामा जिल्ला पशु सेवा कार्यालय बाहेक पशु सेवा विभाग अन्तर्गतका विभिन्न स्तरका कार्यालयहरु समेत कार्यरत रही आ-आफ्नो क्षेत्रमा सेवा पुऱ्याई रहेका छन् ।

४.२.११ पशुपकेट क्षेत्रको विवरण

जिरी नगरपालिकामा पशुपालन पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ । पशुपालन पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस नगरपालिकाको पशुपालन व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकामा विभिन्न पशु पकेट क्षेत्रको रुपमा विकास गरी पशुजन्य उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ । जिरी नगरपालिकाको स्थानीय संभाव्यताको आधारमा नगरको उच्च पहाडी क्षेत्रमा चौरी पकेट क्षेत्र, बाख्रापालन पकेट क्षेत्र, वडा नं. ८, ९ मा लोकल कुखुरा पालन पकेट क्षेत्र र नगरपालिकाको तल्लको बेल्टमा भैंसीपालन पकेट क्षेत्रको विकास गर्न सकिने संभावना रहेको छ ।

४.२.१२ पशुपंक्षी पालन तथा विकासका गैर सरकारी साझेदारहरु

विकासका बाहकहरु सरकारी निकाय, निजी क्षेत्र तथा नागरिक समाज रहेको तथ्य पशुपंक्षी पालनको समग्र विकासमा पनि चरितार्थ हुन्छ। पशु सेवा कार्यालयले नगरमा कार्यरत केही सरकारी तथा विभिन्न गैर सरकारी संस्थाहरुसँग आपसी समन्वय, सहकार्य तथा सहयात्रीको भूमिका निर्वाह गर्दै आएको छ । यस कार्यालयसँग हातेमालो गरेर पशुपंक्षी पालन व्यवसायलाई सवलीकरण गर्ने विभिन्न संस्थाहरु यस जिरी नगरपालिकामा कार्यरत छन्।

४.२.१३ पशु नश्ल

नगरपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, बाख्रा, भेंडा, चौरी र बंगुर रहेका छन्। सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ। गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाख्रा र बंगुरतर्फ उन्नत जातका भालेहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ। तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरुले अपेक्षाकृत बढी उत्पादक जनावरहरुको आहारा खाई दिनु यस क्षेत्रको एक समस्या हो। सबै न्यून उत्पादक जनावरहरुलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्नु उपयुक्त हुन्छ। तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउमा विकसित गर्ने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ।

सारांशमा, विगतका वर्षहरुमा नगरपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ। तर हालको परिमाणात्मक विकासको गति सुस्त छ।पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाइँदैन। त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको देखिँदैन।

४.२.१४ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस नगरपालिका निकै बढी मात्रामा रहेको देखिन्छ। नगरपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन्। नगरपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस नगरपालिकामा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास गरेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस नगरपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेका छन्। नगरपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत विभिन्न वडाहरूमा संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन। तथापी यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्ले, जुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ।

४.३ पर्यटकीय क्षेत्रहरू

परिचय

सगरमाथाको प्रवेशद्वार, नेपालको स्वीट्जरल्याण्ड जस्ता उपनामहरूले राष्ट्रिय तथा अन्तराष्ट्रिय बृत्तमा चर्चित दोलखाको सुन्दर नगरी जिरी नेपालकै आकर्षक पर्यटकीय गन्तव्य मध्यमा पर्दछ । तेन्जिङ्ग नोर्गे शेर्पा र एडमण्ड हिलारीले जिरी हुँदै सगरमाथाको पहिलोपटक सफल आरोहण गरेपश्चात हजारौं पर्यटकहरूले यहि मार्ग हुँदै सगरमाथाको शिखर चुमिसकेका छन् । बरिष्ठ स्वीस भुगर्भविद टोनी हेगनले भौगोलिक अवस्थाको आधारमा जिरीलाई ज्युरिच सहरसंग तुलना गरेका छन् ।

हिमाली नगरपालिका जिरी प्राकृतिक, धार्मिक र साँस्कृतिक सौन्दर्यताको हिसाबले अत्यन्तै धनि छ । यहाँ झरणा, गुफा, पोखरी, खोलानाला, कोणधारी हरिया बनजंगल साथै अग्ला डाँडाकाँडा देखि सुन्दर उपत्यकाहरू छन् । आर्कषक गुम्बा, छोर्तेन, मठमन्दिर तथा चर्चहरू प्रशस्त रहेका छन जहाँ विभिन्न समयमा ठुलाठुला मेलाहरू लाग्ने गर्दछ । यहाँका आदिबासी जिरेल, शेर्पा, तमाङ, सुनुवारहरूको पृथक कला संस्कृति, भेषभुषा र स्थानीय खाद्यपरिकारहरू छन् जुन जिरीको पर्यटकीय आर्कषणको रुपमा रहेको छ । जिरीका केही प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यहरूको बारेमा छोटो जानकारी यहाँ प्रस्तुत गरिएको छ ।

१. च्योदोंङ्ग तथा क्याङसे पोखरी

जिरी उपत्यकाको शिरको रुपमा रहेको च्योर्दोङ्ग डाँडा दृष्यावलोकनको लागि उपर्युक्त स्थान हो । यहाँबाट नुम्बुर, गौरीशंकर लगायत रोल्वालिङ हिमश्रृंखलाको दर्जनौ हिमालहरूको साथै लामाबगर, कालिन्चोक, शैलुङ्ग, सिन्धुली गढी जस्ता प्रसिद्ध स्थानहरू अवलोकन गर्न सकिन्छ ।

च्योर्दोङ हिन्दु र बौद्ध धर्मालम्वीहरूको साझा तिर्थस्थल पनि हो । यहाँ रहेको महादेवको मन्दिरमा हजारौ त्रिशुलहरू चढाईएको छ । अविर, ध्वजा तथा खादाहरूले मन्दिर

सिंगारिएको छ। यस मन्दिरमा पुजाआजा गरेमा रोग व्याधि नलाग्ने, पशु चौपायालाई जंगली जनावरले दुखः नदिने जनविश्वास रहेको छ। बैशाख १ गते नयाँवर्षमा र कार्तिक पुर्णिमा मा यहाँ मेला लाग्ने गर्दछ।

कसरी पुग्ने: जिरी लिङ्गन बजारबाट करिव ६ घण्टाको उकालो हिडेपछि च्योर्दोङ पुग्न सकिन्छ। च्योर्दोङ पदयात्राको क्रममा पाईने सुनखरी, लालिगुराँस, चिमाल र ठिंग्रेको घना जंगल र त्यसमा पाईने वन्यजन्तुहरूले यात्रालाई थप मनोरन्जन प्रदान गर्दछन्। पदयात्राको क्रममा सुन्दर क्याङसे पोखरी भेटिन्छ। यो स्थान विश्राम र क्याम्पिङको लागि उपर्युक्त रहेको छ। यहाँ धुप धुवाँर गरेर उकालो लाग्दा आकाश खुला हुने र पानि नपर्ने जनविश्वास पनि छ। क्याङसे पोखरी सम्म मोटरमा पुग्न पनि सकिन्छ।

के लाने: करिव ३७०० मिटर उचाईमा रहेकोले न्यानो कपडाहरू (ज्याकेट, टोपी मफ्लर, जुत्ता) लानुपर्छ। बाटोमा तथा डाँडामा होटलहरू नभएकोले सुख्खा खानेकुराको (Dry food) र पानीको व्यवस्था गर्नुपर्छ। चौरीगोठहरूमा दुध, मोहि र चुर्पिहरू किन्न पाईन्छ।



२. हनुमन्ते

दोलखा जिल्लाको सवै भुभाग एकै ठाँउबाट अवलोकन गर्न सकिने एकमात्र स्थान हनुमन्ते डाँडा हो। यहाँबाट दोलखाको प्रशिद्ध पर्यटकीय स्थलहरू कालिन्चोक भगवती, दोलखा भिमसेन, शैलुङ थुम्का लगायत पुर्वमा नुम्बुर हिमाल उत्तरतर्फ गौरीशंकर हिमाल देखि पश्चिममा लाङटाङ हिमालसम्मको हिमशृंखलाहरू देख्न सकिन्छ। अग्लो पहराको विचमा हनुमानको हात र खुट्टाको चिन्ह देख्न सकिन्छ। पहराको फेदमा विशाल ओडारमा हनुमन्तेश्वर महादेव अवस्थित छन्। मन्दिर परिसरको चट्टानी भित्ताहरूमा शिवलिङ्ग, गाईको थुन जस्ता अनौठो तर आर्कषक आकृति र बनोटहरू देख्न पाईन्छ। मन्दिरभित्र सानो कुवा छ जसमा रहेको पानी रातो छ। यो पानी छुएमा घर परिवारमा अनिष्ट हुने जनविश्वास छ।

कसरी पुग्ने: जिरीको प्रबेशद्धार खावाडाँडाबाट करिव ३ घण्टाको पदयात्रामा हनुमन्ते पुग्न सकिन्छ। हनुमन्तेको फेदसम्म मोटरमा पनि पुग्न सकिन्छ। त्यसपछि करिव आधा घण्टामा हनुमते डाँडा।

के लाने: हनुमन्ते करिव ३०५० मिटरको उचाईमा रहेकोले न्यानो कपडा, जुत्ता, ड्राईफुड एवं पानि बोक्नुर्पछ।

३. गुराँसपार्क तथा ठुलोनागी

ठुलोनागी सामुदायिक वनक्षेत्रको विचमा अवस्थित खुला चौर हो गुराँसपार्क। उक्त चौरको वरीपरि विभिन्न गुराँस प्रजातिको मात्र बाक्लो जंगल रहेको छ। फागुन चैत्रतिर ढकमक्क गुराँस फुल्दा यहाँको बातावरण निकै मनमोहक हुने गर्दछ। पछिल्लो समय यहाँ ठुलो कृतिम पोखरी, ट्रष्टको टहरा, ट्वाईलेट पिकनिक स्पट लगायत अन्य संरचनाहरू पनि निर्माण गरिएको छ। हाईकिङ, पिननिक, क्याम्पिङ, वर्ड वाचिङ र जंगल सफारीको लागि यो स्थान उपर्युक्त छ। यहाँबाट करिव आधा घण्टामा ठुलोनागी पुग्न सकिन्छ। यहाँबाट विभिन्न हिमालहरूको दृष्याअवलोकन गर्न सकिन्छ।

कसरी पुग्ने: जिरी बजारबाट करिव ३ घण्टामा हाईकिङ मार्फत बुद्धपार्क हुँदै गुराँस पार्क पुगिन्छ। गुराँसपार्क सम्म जिप, बोलेरो जस्ता हलुका सवारी साधनहरू पनि लान सकिन्छ।

के लाने: गुराँसपार्कमा (२८०० मिटर) केही न्यानो कपडा लानु पर्छ। पिकनिकको लागि पर्याप्त पुर्वाधारहरू भएपनि क्याम्पिङको लागि भने टेन्ट लानु पर्छ। होटलहरू नभएकोले खानेकुराको व्यवस्था आफैले गर्नुपर्दछ।

४. बुद्धपार्क

जिरी बजारबाट मात्र ६ किमि सडक दुरीमा रहेको बुद्धपार्क जिरी उपत्यका देखिए एक मनोमहक स्थानको रुपमा लिन सकिन्छ लिङ्कन बजारबाट तथा हाटडाँडा बजारबाट सबै प्रकारको सवारी साधनहरू प्रयोग गरी उक्त स्थानमा पुग्न सकिने अवस्था रहेको छ । पार्कको विचमा २० फिट अग्लो शाक्यमुनी बुद्धको प्रतिमा स्थापित गरिएको छ । पार्कलाई आर्कषक बनाउन वगैंचा, ध्यानकेन्द्र लगायतका संरचना समेत निर्माण गरिएको छ। थप संरचनाहरू निर्माणका क्रममा छन्।

कसरी पुग्ने: जिरी बजारबाट अस्तला देविथान हुँदै करिव १ घण्टाको हाईकिङ मार्फत बुद्धपार्क पुग्न सकिन्छ। यसरी हाईकिङको लागि हाटडाँडा देखि बुद्धपार्क जान ढलान सिँढी बनाईएको छ । गाडी मार्फत जिरी बजारबाट करिव २० मिनेटमै पुग्न सकिन्छ।

के लाने: बुद्ध प्रतिमामा फूल खादा चढाउन सकिन्छ। धुप बाल्न सकिन्छ। सामान्य खाजा खानाका लागि बुद्धपार्क नजिक केही साना होटल तथा पसलहरू पनि छन्।

५. स्टोनपार्क

जिरी नगरपालिकाको पूर्वी सिमाना श्यामाको पुम्पामा रहेको स्टोन पार्क निकै आकर्षक र मनमोहक छ। विशाल फाँटमा रहेको सयौँ अजंगको चट्टानहरूलाई निकै कलात्मक ढंगबाट सिंगारिएको छ । खिम्ति खोलाको चिसो हावा संगै स्थानीय लोकल माछाको स्वाद र आनन्द लिन सकिने स्टोनर्पाक पिकनिक र मनोरन्जनको लागि उपर्युक्त छ। यहाँ यसै वर्षको बैशाख सम्म गुरु रिम्पुर्छे र भगवान शिवको १०/१० फिटको प्रतिमा शिलामाथि स्थापना भई साना/साना बच्चाहरूको लागि उपयुक्त खेल्ले स्थानहरू निर्माण गरिएको छ भने ठुला व्यक्तिहरूलाई पौडि खेल्ने ब्यवस्थाको लागि पौडि पोखरी निर्माण समेत गरिएको छ।

कसरी पुग्ने: जिरी बजारबाट करिव २ घण्टामा सडकमार्ग प्रयोग गरि मालि एलुङ हुँदै जान सकिन्छ वा रामेछापको ठोसे सिवालय गर्जाङ्ग हुँदै पनि जान सकिन्छ।

के लाने: पुम्पामा होटल लजहरू छन्।

६. लौती झरना तथा ट्राउट फार्म:

करिव ५० मिटर अग्लो लौती झरणा पनि जिरीको प्रमुख आकर्षणको रुपमा रहेको छ । पहिले यस झरणामा लौती भन्ने बनझाँत्री ले नुहाउने गरेको र त्यस वरपर गाईबस्तु हेर्ने थुप्रै बालबालिकाहरूलाई समेत उक्त बनझाँक्रीले लाने र विभिन्न तन्त्रमन्त्र एवं झाँक्री विद्या सिकाई पठाउने गरेकोले यस झरनाको नाम लौती रहेको स्थानीय वुढापाकाका भनाई छ ।

लौती झरणाकै पानी प्रयोग गरेर अलि तल ठुलो व्यावसायिक ट्राउट माछा फार्म पनि संचालन गरिएको छ । संगै रहेको कलङ्ग चिया बगान र महादेव गुफा लगायत अन्य स-साना छहराहरू एकैसाथ अवलोकन गर्न सकिन्छ ।

कसरी पुग्ने: जिरी मानेडाँडाबाट करिव ३ किमि पक्कि सडक मार्फत यहाँ पुग्न सकिन्छ । हाईकिङको लागि पनि यो रुट राम्रो छ । मानेडाँडाबाट करिव १ घण्टामा पुग्न सकिन्छ ।

के लाने: हाईकिङ गर्दा केही हलुका खानेकुराहरू लानु राम्रो हुन्छ ।

७. पाँचपोखरी तथा जटापोखरी

समुन्द्री सतहबाट करिव ४५०० मिटर उचाईमा रहेको पाँचपोखरी तथा जटापोखरी धार्मिक पर्यटनको हिसावले निकै प्रख्यात रहेको छ । जनै पुर्णिमाको अवसरमा यहाँ हजारौं भक्तजनहरूको उपस्थितिमा भव्य मेला लाग्ने गर्दछ । जटापोखरी र पाँचपोखरीको दर्शन गनार्ले चाहेको सन्तान प्राप्त हुने, रोग व्याधी नलाग्ने तथा बालिनाली एवं पशु चौपायामा फलिफाप हुने जनविश्वास छ ।

खिम्ती खोलाको उद्गम स्थल पाँचपोखरी तथा जटापोखरी पदयात्रा एवं दृष्यावलोकनको लागि पनि यो निकै उत्कृष्ट गन्तव्य हो । बाटामा भेटिने चौरी गाई तथा याक र विभिन्न जडिबुटिहरू अन्य आर्कषणहरू हुन ।

कसरी पुग्ने: जिरी बजारबाट पुम्पा स्टोनर्पाक हुँदै करिव २ दिनको पदयात्रामा पुग्न सकिन्छ । जिरी बजारबाट खहरे सम्म बोलेरो जिप रिर्जभ गरेर पनि जान सकिन्छ । गर्जाङबाट खहरे हुँदै करिव ८ घण्टाको उकालो उक्लेपछि पहिलो दिन मानेडाँडा पुगेर बास बस्नु पर्छ । दोश्रो दिन करिव ४ घण्टाको यात्रामा जटापोखरी पुग्न सकिन्छ । जटापोखरीबाट करिव १ घण्टा ठाडो उकालो चढेपछि पाँच पोखरी पुगिन्छ ।

के लानेः जटापोखरी करिव ४५०० मिटरमा पर्ने भएकोले अध्याधिक चिसो हुन्छ। न्यानो कपडाहरू लानु पर्दछ। मानेडाँडामा बस्नका लागि केही चौरीगोठहरू छन्। यद्यपी मेलाको बेला अत्याधिक भत्तजनहरूको चाप हुने भएकोले आफ्नै टेन्ट लानु राम्रो हुन्छ। प्रसस्त मात्रामा खानेकुराहरू लानु पर्दछ। दृष्यावलोकनको लागि बसन्त ऋतु र सरद ऋतु उपयुक्त हुन्छ।

८. राम्बोले कालिदेवी

जिरी नगरपालिका वडा नं. ८ ठुलोपातलको राम्बोले कालिदेवीथान दोलखाको प्रमुख धार्मिक स्थलहरूमध्ये एक हो। कार्तिक शुक्ल पक्षको एकादशी देखि पुर्णिमा सम्म भव्य मेला लाग्ने यस शक्तिपिठमा हजारौंको संख्यामा दोलखा, रामेछाप, ओखलढुङ्गा, काठमाण्डौ लगायतका स्थानहरूबाट भक्तजनहरू मेला भर्न आउने गर्दछन्। देवीको दर्शणले पराक्रम प्राप्त हुने र चिताएको कुरा पुग्ने जनविश्वास छ। यस शक्तिपिठमा भाकल गर्ने र मेलाका अवसरमा हजारौं पाठी, कुखुरा तथा परेवाहरू पशुबलि पनि दिने गरिन्छ।

कसरी पुग्नेः जिरीको प्रवेशद्वार खावाडाँडाबाट करिव १५ मिनेटमा सवारी साधन मार्फत राम्बोले पुग्न सकिन्छ। पैदलयात्रा मार्फत पनि करिव १ घण्टामा पुग्न सकिन्छ।

के लाने : धार्मिक तिर्थस्थल भएकाले पुजापाठका लागि धुप वत्ति, फुल अक्षता लान सकिन्छ।

९. जिरेश्वर महादेव

जिरेश्वर महादेव मन्दिर जिरीको सवैभन्दा नजिकको पर्यटकीय स्थल हो। जिरेश्वर महादेवलाई किसानको देवता पनि भनिन्छ। किम्वदन्ती अनुसार एक जना किसानको एउटा गाई चरणबाट सधै ढिलो आउने र दुध पनि कम दिने गर्दोरहेछ। एक दिन उक्त किसानले पछ्याउदै जाँदा अहिलेको जिरेश्वर मन्दिर रहेको स्थानमा त्यस गाईले दुध चढाउने गरेको देखेपछि उत्खनन् गर्दा महादेव प्रकट भएको जनविश्वास रहेको छ। सानो खोलामाथि विशाल पहराको ओडारमा रहेको यस मन्दिरमा नागको प्रतिमा स्थापना लगायत धेरै अन्य संरचनाहरू समेत निर्माण गरिएको छ। कन्चन पानीको कलकल आवाज र चराचुरुङ्गीहरूको चिरविराहट यहाँको अर्को विशेष्ता रहेको छ। जिरेश्वर महादेवको दर्शन गर्नाले मनोकामना पुरा हुने तथा अन्नपात एवं पशुपंक्षिको फलिफाप हुने धार्मिक विश्वास रहेको छ। नाग पन्चमी र जनै पुर्णिमामा यहाँ ठुलो मेला लाग्ने गर्दछ।

कसरी पुग्नेः जिरी बजारबाट करिव १० मिनेटमा सवारी साधन मार्फत पुग्न सकिन्छ। हाईकिङको लागि यो निकै उपर्युक्त छ। बजारबाट करीव ३० मिनेटमा पैदलमार्फत यहाँ पुग्न सकिन्छ।

के लानेः धार्मिक तिर्थस्थल भएकाले पुजापाठका लागि धुप वत्ति, फुल अक्षता, त्रिशुल, भेटि चढाउन सकिन्छ।

१०. चिज उत्पादन केन्द्र

जिरी बजारको उत्तरतर्फ काप्तिमा याक चिज उत्पादन केन्द्र रहेको छ। नेपालमा नै पहिलो पटक स्वीसहरूले यहाँ चिज उत्पादन सुरु गरेका थिए। यहाँ चिज बनाईरहेको प्रत्यक्ष अवलोकन गर्न सकिन्छ साथै आवश्यक परेमा ताजा चिज तथा नौनी घिउ किन्न सकिन्छ। चिज उत्पादन केन्द्र केही तल ऐतिहासिक ल्वासा गुम्बा छ। यहाँ लामागुरुद्वारा दैनिक पुजापाठ गरिनुका साथै लामा शिक्षाको पढाई पनि हुने गर्दछ।

कसरी पुग्ने: जिरी बजारबाट करिव आधा घण्टामा यातायात मार्फत पुग्न सकिन्छ। हाईकिङको लागि करिव २ घण्टा लाग्छ

के लाने: केही न्यानो कपडा र गुम्बामा चढाउन प्रसाद एवं दिप प्रज्वलनका सामाग्री लान, सकिन्छ।

११. सिक्री उपत्यका

आदिबासी जिरेल जातिको प्रमुख उद्गम र स्थल सिक्री खोला किनारमा अवस्थित सानो उपत्यका हो। यहाँ जिरेल जातिको कला संस्कृति, भेषभुषा र रहनसहन अवलोकन गर्न सकिन्छ। यहाँ बजुस्थान, आविथान जस्ता जिरेल जातीका देवी देवता तथा धार्मिक मठमन्दिरहरू रहेका छन्। सिक्रीमा जिरेल होमस्टेको रुपमा वास बस्न सकिनेछ।

कसरी पुग्ने: जिरी मानेडाँडाबाट करिव ३० मिनेट ओरालो झरेपछि सिक्री पुगिन्छ। मोटरबाट करिव १५ मिनेटमा पुगिन्छ।

के लाने: पुजापाठ सामाग्री सहित देविथान जानु राम्रो हुन्छ।

१२. यलुङ उपत्यका:

यलुङ खोलाको तिरमा यस उपत्यका रहेको छ। शेर्पा जातिको बसोबास रहेको यलुङमा शेर्पा जातिको धर्म, संस्कृति र रहनसहन अवलोकन गर्न सकिन्छ। यहाँ भुटानी शैलीको कलाकृति सहितको ठुलो गुम्बा छ र त्यस वरपर स्तुपा, माने लगायत छन्। यलुङ उपत्यकाको उत्तरतर्फ करिव ३०० वर्ष पुरानो सर्वखासा गुम्बा छ भने पुर्वतर्फ ठुलो ढुंगा क्षेत्रमा बौद्ध मन्त्र लेखिएको छ।

बस्न र खानाको लागि शेर्पा होमस्टेहरू संचालित छन्। यात्राको क्रममा माली स्थीत गुफामा अवस्थित हलेश्वर महादेवको दर्शण सकिन्छ।

कसरी पुग्ने: जिरी बजार बाट करिव २ घण्टाको पदयात्रामा यलुङ पुग्न सकिन्छ। मालिको डाँडा पार गरेपछि यलुङ पुगिन्छ। सवारी साधन मार्फत जिरी बजारबाट करिव १ घण्टामा पुग्न सकिन्छ।

के लाने: विहान बेलुकाको समय केही चिसो हुने हुनाले केही न्यानो कपडा र गुम्बामा चढाउन एवं दिप प्रज्वलनका सामाग्री लान सकिन्छ।

१३. तेन्जिङ हिलारी पार्क

प्रथम सगरमाथा आरोहि तेन्जिङ नोर्गे शेर्पा र सर एड्मण्ड हिलारीको सम्झनामा जिरी बजार भन्दा केही तल पशु विकास फार्म नजिकै यो पार्क स्थापित गरिएको छ। सगरमाथा आरोहणको क्रममा उनिहरू बास बसेको घरलाई घेराबार सहित संरक्षण गरेर पार्क निर्माण गरिएको हो । पार्कको विचमा तेन्जिङ र हिलारीको आकर्षक अर्धकदको शालिक प्रतिस्थापन गरिएको छ।

कसरी पुग्ने: जिरी बजारबाट दक्षिणतर्फ करिव १५ मिनेटको हिँडाईमा पुगिन्छ । पार्क भन्दा तल रहेको समथर हवाई मैदान तथा छेवैमा रहेको सानो पोखरी पनि निकै आकर्षक रहेको छ।

१४. टोनी हेगन ईकोलोजिकल पार्क :

बरिष्ठ स्वीस भुर्गभविद टोनी हेगनको सम्झनामा गोकुलगंगा सामुदायिक बनक्षेत्रलाई समेटेर यो पार्क निर्माण गरिएको छ। यहाँ विभिन्न प्रजातिका बोटविरुवा, जडिबुटि लगायतलाई संरक्षण गरिएको छ । यस पार्क भित्र ढुंगेश्वरी महादेव, गोकुलेश्वर महादेवको मन्दिर को साथै झरणा र गुफाहरू रहेका छन् । मागे सक्रान्तिको अवसरमा यस मन्दिरमा ठूलो मेला लाग्ने गर्दछ। पार्कको शिरमा रमिते डाँडा छ जहाँबाट जिरी बजारको सुन्दर दृष्य अवलोकन गर्न सकिन्छ । पार्कको विचमा टोनी हेगनको शालिक स्थापना गरिने छ।

कसरी पुग्ने: जिरी बजारबाट उत्तरतर्फ रहेको यस पार्कमा करिव १५ मिनेटको हाईकिङमा पुग्न सकिन्छ।

४.४ उद्योग, व्यापार तथा बैंकिङ्ग

४.४.१ नगर क्षेत्रमा रहेका बैंहरू

नगरपालिका क्षेत्रमा हाल सम्म कुनै पनि सरकारी बैंक सञ्चालनमा नरहेता पनि नगरपालिकाको सम्पूर्ण आर्थिक कारोबार प्राईम कमर्सियल बैंक लि. जिरी शाखाबाट हुन्छ भने सामाजिक सुरक्षा भत्तासँग सम्बन्धित काम भने दुबै बैंकबाट कामहरू हुने गर्दछ जसमा प्रभु बैंक पनि एक हो। 'क' श्रेणीका प्राईम कमर्सियल बैंक तथा प्रमु बैंकका शाखा कार्यालय सञ्चालनमा छन् जसबाट नगरबासीहरुले वित्तिय सुविधा प्राप्त गरी रहेका छन्।

४.४.२ सहकारी संस्थाको विवरण

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई नगर बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन्। सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ।

जिरी नगरपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, उपभोक्ता, पशुपालन, तरकारी तथा फलफूल, आदि प्रकृतिका सहकाकरी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ । हाल नगरपालिकामा बचत, कृषि, उपभोक्ता, पशुपालन लगायतका सहकारी संस्थाहरु सञ्चालनमा आएका देखिन्छन् । नगरमा ३४ वटा सहकारी रहेको छ जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

***तालिका नं.३३* नगरपालिका भित्र रहेका सहकारी संस्थाको सम्पर्क विवरण**

सि. न.	सहकारी नाम	ठेगाना	सम्पर्क ब्यक्ति
१	अमर ज्योति चिया विकास सहकारी संस्था लि.	जिरी-१	सन्फिन्जु शेर्पा
२	उच्च जनमुखी बचत तथा ऋण सहकारी संस्था लि.	जिरी-१	रुद्र कार्की
३	पाँचपोखरी कृषि सहकारी संस्था लि.	जिरी-१	खुस बहादुर कार्की
४	श्यामा उपभोक्ता सहकारी संस्था लि.	जिरी-१	बुद्धि बहादुर खत्री
५	यलुङ प्राङगारिक कृषि सहकारी संस्था लि.	जिरी-२	मिङ्गा शेर्पा
६	जनसहयोगी बचत तथा ऋण सहकारी संस्था लि.	जिरी-३	भोलाराम चापागाई
७	मालि कृषि सहकारी संस्था लि.	जिरी-३	याङ्जी शेर्पा
८	सिउरानि कृषि सहकारी संस्था लि.	जिरी-४	
९	जिरी बंगुर बिकास सहकारी संस्था लि.	जिरी-५	
१०	श्री जिरि साना किसान कृषि सहकारी संस्था लि .	जिरी-५	
११	आकाशदीप बचत तथा ऋण सहकारी संस्था लि.	जिरी-६	
१२	चेर्दुङ उपभोक्ता सहकारी संस्था लि.	जिरी-६	
१३	ढुङगेश्वरी विपन्न महिला बचत तथा ऋण सहकारी संस्था लि.	जिरी-६	
१४	पात्ले साना किसान कृषि सहकारी संस्था लि.	जिरी-६	
१५	आविथान कृषि सहकारि संस्था लि.	जिरी-७	भिम जिरेल
१६	कलङ जैविक कृषि सहकारी संस्था लि.	जिरी-७	
१७	लोकहित जैविक प्राङगारिक कृषि सहकारी संस्था लि.	जिरी-७	
१८	पुर्नजागरण बचत तथा ऋण सहकारी संस्था लि.	जिरी-८	गणेश बहादुर सुवेदी
१९	लहरेमाने बतच तथा ऋण सहकारी संस्था लि.	जिरी-८	प्रेम बहादुर तामाङ
२०	चाँपखोला बचत तथा ऋण सहकारी संस्था लि.	जिरी-९	कुसे तामाङ
२१	झाक्रेखोला महादेव आलु उत्पादन सहकारी संस्था लि.	जिरी-९	
२२	देउरुम्बा गाईघाट उपभोक्ता सहकारी संस्था लि.	जिरी-९	
२३	नाम्सा उत्थान कृषि सहकारी संस्था लि.	जिरी-९	शान्तविर तामाङ
२४	चन्द्र बचत तथा ऋण सहकारी संस्था लि.		
२५	जगेर्ना पशुपालन कृषि सहकारी संस्था लि.		
२६	जनजागरण प्राङगारिक कृषि सहकारी संस्था लि.		

२७	जनसंगम बचत तथा ऋण सहकारी संस्था लि.		
२८	जनहितैषी बचत तथा ऋण सहकारी संस्था लि.		
२९	कृषि सहकारी संस्था लि.		
३०	नागी आहालडाँडा पशुपालन सहकारी संस्था लि.		
३१	प्रगतिशील दलित बचत तथा ऋण सहकारी संस्था लि.		
३२	श्यामा कृषि बाख्रा सहकारी संस्था लि.		
३३	समाज सुधार कृषि सहकारी संस्था लि.		
३४	सौगात कृषि सहकारी संस्था लि.		

स्रोत : जिरी नगरपालिका, २०७९

४.४.३ संघ संस्था तथा विभिन्न समूहहरु

यस नगरपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन्। यहाँ रहेका सरकारी संस्थाहरु क्रमश नगरपालिका कार्यालय, स्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन्। यसैगरी गैरसरकारी संस्थाहरुमा महिला संकल्प नेपाल, जिवन केन्द्र, ग्रामिण कल्याण विकास केन्द्र, ग्रामीण सामुदायिक विकास केन्द्र आदि लगायतका नगरपालिका जनचेतना कार्यक्रमहरु संचालनमा रहेका छन् । यसका अतिरिक्त नगरपालिकामा विभिन्न समूहहरु, युवा क्लबहरु, नागरिक समाज, राजनितिक दलहरु रहेका छन् ।

***तालिका नं.३४* नगरपालिमा दर्ता भई सञ्चालनमा रहेका संस्थाहरुको विवरण**

क्र.सं.	संस्थाको नाम	ठेगाना	संस्थापक अध्यक्ष	संस्था दर्ता भएको कार्यालय	सम्पर्क नं.
१	हाटडाँडा बोईज क्लब	जिरी-६, दोलखा	याकुब तामाङ	जिरी नगरपालिका, जिरी, दोलखा	९८४७४८६२१३
२	नगर महिला मञ्च	जिरी-६, दोलखा	पुस्पा जिरेल	जिरी नगरपालिका, जिरी, दोलखा	९८४४५५४३७५
३	नगरस्तरीय शैक्षिक सहजीकरण मञ्च जिरी	जिरी-६, दोलखा	दोरण बहादुर कार्की	जिरी नगरपालिका, जिरी, दोलखा	९८६१९०८२१०

***तालिका नं.३५* अन्य संस्थाहरु:**

क्र.सं.	संस्थाको नाम	ठेगाना	संस्था दर्ता भएको कार्यालय
१	असल मित्र नेपाल	जिरी-६, दोलखा	जिल्ला प्रशासन कार्यालय, चरिकोट, दोलखा
२	फोकस नेपाल	जिरी-७, दोलखा	जिल्ला प्रशासन कार्यालय, चरिकोट, दोलखा
३	हिले निगाले शेर्पा समाज सेवा केन्द्र	जिरी-७, दोलखा	जिल्ला प्रशासन कार्यालय, चरिकोट, दोलखा
४	विकासोन्मुख हातेमालो जनचेतना संस्था	जिरी-८, दोलखा	जिल्ला प्रशासन कार्यालय, चरिकोट, दोलखा
५	हिमालयन संयुक्त ख्रीष्टियन संगती नेपाल	जिरी-९, दोलखा	जिल्ला प्रशासन कार्यालय, चरिकोट, दोलखा
६	महिला शक्ति विकास केन्द्र नेपाल	काठमाडौं	जिल्ला प्रशासन कार्यालय, काठमाडौं

४.४.४ व्यापार तथा उद्योगको विवरण

साना तथा मझौला उद्योग आर्थिक विकासको मेरूदण्ड मान्न सकिन्छ । यसबाट नगरपालिमा भित्र रहेको उत्पादनलाई ब्यवसायिक रुपमा सञ्चालन गरी ब्यवस्थित रुपमा सञ्चालन गर्नमा टेवा पुग्छ साथै आम्दानीको लेखाजोखामा समेत सजिलो हुने हुँदा प्रत्येक समूह, कृषिकहरूले उद्योगलाई जोड दिन आवश्यक देखिन्छ । यसरी नगरपालिकामा ठुला व्यपारिक केन्द्रहरु विकसित हुन सकेका छैनन् । नगरपालिकामा ठुला उद्योगहरु नभएतापनि जिरी नगरपालिका साना घरेलु उद्योगहरु विकास राम्रो भएको देखिन्छ ।

नगरपालिकामा कृषिमा आधारित घरेलु उत्पादन पनि विस्तारै व्यवसायिक उत्पादन हुन थालेको छ । जिरी नगरपालिकाका अधिकांश बासिन्दाहरु कृषि पेशामा आवद्ध भएका छन् । विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरु उल्लेखनीय रुपमा औद्योगिक विकासतर्फ लागीसकेका छैनन् । तथापी, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन् । कृषि फर्म, चौंरी फार्म, कुखुरा फार्म, पशु फार्म आदि यस नगरपालिकामा रहेका केही कृषिमा आधारित औद्योगिक व्यवसायका उदाहरणहरु हुन् । त्यसैगरी साप्ताहिक रुपमा लाग्ने जिरी नगरपालिकाका विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ । यसले पनि नगरपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ ।

४.४.५ थोक तथा खुद्रा व्यापार

नगरपालिमाभित्र सबैभन्दा बढि व्यापार हुने भनेको नै थोक तथा खुद्रा ब्यापार हो । थोक व्यापार अन्तर्गत खाद्यान्नमा चामल, पिठो, तेल, तरकारी, फलफुल, गेडागुडी तथा मसला बजार केन्द्र तथा नजिकका छिमेकि नगरपालिका तथा जिल्लाबाट हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ । यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिकी यस नगरपालिकाबाट हुने गरेको पाइन्छ ।

४.४.६ ढुवानी तथा भण्डार व्यवस्था

ब्यापारीहरूले विभिन्न सामाग्रीहरू रामेछाप, ओखलढुङ्गा सम्म विभिन्न सामाग्रीहरू लैजानको लागि भण्डारण गर्ने गर्दछन् यसरी नगरपालिकाभित्र उत्पादित मालसामानहरू नगरपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधनको रुपमा, ट्रक, ट्याक्टर, बस, जिप आदि प्रयोग हुन्छन् । नगरपालिकाको विभिन्न स्थानहरूमा पक्की सडक नभएका क्षेत्रहरुमा ढुवानी गर्न समस्या भएको पाइन्छ । हालै मात्र निर्माण सम्पन्न सित भण्डारणले ३०० मे.टन. सम्म भण्डारण गर्न सक्दछ । यसबाट नगरपालिका भित्र उत्पादन भएको कृषिजन्य सामाग्रीलाई राखि उचित समयमा निर्यात गर्न सकेमा नगरबासीहरूको आम्दानीमा समेत वृद्धि हुने विश्वास लिन सकिन्छ भने यातायातको साधनहरू सबै स्थानहरूमा वाह्रै महिना नियमित सञ्चालन हुने सकेमा नगरको विकासमा समेत टेवा पुग्ने देखिन्छ ।

४.४.७ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

नगरपालिकाको अर्थतन्त्रमा वनपैदावार र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ । साथै यो नगरपालिका व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ । कृषी, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, नगरपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त व्यवस्था गर्न सके कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीजन्य पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा नगरपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ ।

परिच्छेद-५

५. सामाजिक अवस्था

५.१ शैक्षिक तथा मानव संशाधन विकास

५.१.१ शिक्षा

जिरी नगरपालिको शैक्षिक विकास राम्रो देखिन्छ। यस जिरी नगरपालिकामा प्राविधिक शिक्षाको पठनपाठनको लक्ष्य सहित एक जिरी प्राविधिक शिक्षालय वि.सं. २०४० सालमा स्थापना भइ हालसम्म निरन्तररुपमा सञ्चालन भईरहेको छ। यस प्राविधिक शिक्षालयले व्यवसायिक शिक्षामा प्राथमिकता दिई अगाडि बढि रहेको छ। कृषि, निर्माण र स्वास्थ्य क्षेत्रमा प्राविधिक शिक्षा सञ्चालन गरी सक्षम जनशक्ति उत्पादन गर्न सफल भएको छ जिरी प्राविधिक शिक्षालय। जसले नेपालको विभिन्न स्थानमा आफ्नो रोजगारीलाई सुनिश्चित गर्ने गरेका छन्। जिरी प्राविधिक शिक्षालय शैक्षिक अध्ययन तथा अनुसन्धानको उपयुक्त गन्तब्य स्थल हो। पर्याप्त भौतिक पूर्वाधार एवं गुणस्तरी शैक्षिक स्तरको कारण स्थानीय तथा अन्य जिल्लाहरुका विद्यार्थीलाई यस क्षेत्रले तानिरहेको देखिन्छ।

५.१.२ जिरी प्राविधिक शिक्षालय

नेपाल सरकार र स्वीस सरकारको सहकार्यमा १९८२ मा स्थापित जिरी प्रावाधिक शिक्षालय जिरी नगरपालिका मात्र नभई नेपालको एक नमुना प्राविधिक शिक्षालय हो। जिरी प्राविधिक शिक्षालयले कृषि, निर्माण तथा स्वास्थ्य क्षेत्रलाई समेट्दै सीपयुक्त जनशक्ति उत्पादन गरिरेको छ। १०.५ हे. निजी र ४ हे. भाडाको वन गरी १४.५ हे. क्षेत्रफल ओगटेको यस शिक्षालयमा ४०४ विद्यार्थीहरु अध्ययनरत रहेका छन्। (स्रोत: जिरी प्राविधिक शिक्षालय, २०२३) ग्रामीण समुदायको जीवनस्तर सुधार तथा दक्ष जनशक्तिको उत्पादन गर्ने उद्देश्य साथ सञ्चालित यो संस्थाको शिक्षा क्षेत्रमा महत्वपुर्ण भुमिका रहेको छ। सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक ज्ञानलाई जोड दिने जिरी प्राविधिक शिक्षालयले तालिमद्वारा दक्ष तथा गरी आत्मनिर्भर जनशक्तिको उत्पादन गरिरहेको छ। प्राविधिक ज्ञान तथा तालिमद्वारा नेपालको विकासमा आवश्यक जनशक्ति उत्पादन गर्न सफल भएको यो संस्थाले जिरी नगरपालिका शैक्षिक, आर्थिक तथा ग्रामीण विकासको क्षेत्रमा टेवा पर्याएको छ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस नगरपालिकामा आ.व. २०७८/७९ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन्। नगरपालिकामा पठनपाठनका लागि प्रा.वि सङ्ख्या १९, आधारभुत विद्यालय ३, मा.वि (कक्षा १–१०) सम्मको ५ वटा सामुदायिक र ३ संस्थागत गरी ८ वटा रहेका छन्। त्यस्तै मा.वि १–१२ तह सञ्चालित २ वटा रहेका छन्। नगरमा १ क्याम्पसका साथै, २ वटा धार्मिक विद्यालय, ३ वटा सामुदायिक सिकाई केन्द्रहरु रहेका छन्। नगरपालिकामा सञ्चालित शैक्षिक संस्था, विद्यार्थी तथा शिक्षकहरुको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ३६: नगरपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरणहरु

क्र.सं.	विद्यालय			
		सामुदायिक	संस्थागत	जम्मा
१	प्राथमिक विद्यालय	१९	०	१९
२	आधारभूत विद्यालय	३	०	३
३	माध्यमिक विद्यालय (कक्षा १ देखि १०)	५	३	८
४	माध्यमिक विद्यालय (कक्षा १ देखि १२)	३	०	३

५	क्याम्पस	०	१	१
६	प्राविधिक शिक्षालय	१	०	१
७	वालविकास केन्द्र	२२	०	२२
८	धार्मिक विद्यालय (गुम्वा)	२	०	२
९	खुला विद्यालय	०	०	०
१०	विशेष स्रोत कक्षा	०	०	०
११	सामुदायिक अध्ययन केन्द्र	३	०	३

स्रोत : जिरी नगरपालिकाको कार्यालय, २०८०

तालिका नं ३७ सामुदायिक विद्यालयहरुको नामावली

क्र.सं.	विद्यालयको नाम	ठेगाना (वडा नं.) सहित	संचालित कक्षा
१	जिरी मा.वि.	जिरी, ६	१ देखि १२
२	गज्र्याङ्दुङ्गा मा.वि.	जिरी, १	१ देखि १२
३	बौद्ध भुवनेश्वरी मा.वि.	जिरी, २	१ देखि १२
४	ढुङ्गेश्वरी मा.वि.	जिरी, ५	१ देखि १०
५	ठुलोपातल मा.वि	जिरी, ९	१ देखि १०
६	कालिका मा.वि.	जिरी, ९	१ देखि १०
७	कालिदेवि आ.वि.	जिरी, ८	१ देखि १०
८	देउराली आ.वि.	जिरी, ८	१ देखि ८
९	धनमाले आ.वि.	जिरी, ८	१ देखि ८
१०	हलेश्वर आ.वि.	जिरी, ३	१ देखि ८
११	कामेश्वर प्रा.वि.	जिरी, ९	१ देखि ५
१२	कुशेश्वर प्रा.वि.	जिरी, ९	१ देखि ५
१३	देउराली प्रा.वि.	जिरी, ७	१ देखि ५
१४	छहारे प्रा.वि.	जिरी, ७	१ देखि ५
१५	सेरेल्पा प्रा.वि.	जिरी, ७	१ देखि ५
१६	माथिल्लो सिक्रि प्रा.वि.	जिरी, ७	१ देखि ५
१७	बज्युस्थान प्रा.वि.	जिरी, ७	१ देखि ५
१८	ठुलाचौर प्रा.वि.	जिरी, ८	१ देखि ५
१९	चेर्दुङ प्रा.वि.	जिरी, ५	१ देखि ५
२०	कामेश्वर प्रा.वि.	जिरी, ४	१ देखि ५
२१	जिरीस्वरी प्रा.वि.	जिरी, ४	१ देखि ५
२२	देउराली प्रा.वि.	जिरी, ४	१ देखि ५
२३	सुर्योदय प्रा.वि.	जिरी, ३	१ देखि ५
२४	सेति देवि प्रा.वि.	जिरी, ३	१ देखि ५

२५	सेति देवि प्रा.वि.	जिरी, २	१ देखि ५
२६	रावुटार प्रा.वि.	जिरी, १	१ देखि ५
२७	पाँचपोखरी प्रा.वि.	जिरी, १	१ देखि ५
२८	पाथीभरा प्रा.वि.	जिरी, १	१ देखि ५
२९	सर्वखासा गुम्बा	जिरी, २	१ देखि ५
३०	कुन्साङ थोन्डोलिङ गुम्बा	जिरी, ५	१ देखि ५

स्रोत : जिरी नगरपालिकाको कार्यालय, २०८०

तालिका नं ३८ विद्यालय अनुसार शिक्षक संख्या विवरण २०७९

क.सं.	विद्यालयको नाम	प्राथमिक				निम्न माध्यमिक				माध्यमिक				उ.मा.वि.				
		स्थायी	अस्थायी	राहत	जम्मा	स्थायी	अस्थायी	राहत	जम्मा	स्थायी	अस्थायी	राहत	जम्मा	अस्थायी	स्थायी	अस्थायी	राहत	जम्मा
१	जिरी मावि,जिरी ६	५	३		८	४	०		४	४	१		५				३	२०
२	गर्ज्याङ्ढुङ्गा मावि,जिरी १	३	३		६	१	३		४	३	२		५				२	१७
३	बौद्ध भुवनेश्वरी मावि,जिरी २	१	२	२	५	१		२	३			४	४					१२
४	ढुङ्गेश्वरी मावि,जिरी ५	५		२	७	३			३	१		३	४					१४
५	ठुलोपातल मावि,जिरी ९	२	१	१	४			४	४									८
६	कालिका मावि,जिरी ९	१	२	४	७			१	१									८
७	कालिदेवी मावि,जिरी ८	२	२	३	७			२	२									९
८	देउराली आवि,जिरी ८	४			४													४
९	धनमाले आवि,जिरी ८	२	१	१	४			१	१									५
१०	हलेश्वर आवि,जिरी ३	१	१	१	३			२	२									५
११	कामेश्वर प्रावि,जिरी ९		१	१	२													२
१२	कुशेश्वर प्रावि,जिरी ९																	०
१३	देउराली प्रावि,जिरी ७	१	१	१	३													३
१४	छहारे प्रावि,जिरी ७	२		१	३													३
१५	सेरेल्पा प्रावि,जिरी ७	२	२		४													४
१६	माथिल्लो सिक्रि प्रावि,जिरी ७	२		१	३													३
१७	बज्युस्थान प्रावि,जिरी ७	२			२													२
१८	ठुलाचौर प्रावि,जिरी ८	३			३													३
१९	चेर्दुङ प्रावि,जिरी ५	३			३													३
२०	जिरीश्वरी प्रावि,जिरी ४	३			३													३
२१	फुजिङ प्रावि,जिरी ४	१	२		३													३
२२	देउराली प्रावि,जिरी ४	२	१		३													३
२३	सुर्योदय प्रावि,जिरी ३			१	१													१
२४	सेतीदेवी प्रावि,जिरी ३			२	२													२
२५	सेतीदेवी प्रावि,जिरी २	२	२		४													४

२६	राबुटार प्रावि,जिरी १	१		१	२													२
२७	पाँचपोखरी प्रावि,जिरी १	१	१		२													२
२८	पाथिभरा प्रावि,जिरी १	२	१		३													३
जम्मा		५३	२६	२२	१०१	९	३	१२	२४	८	३	७	१८				५	१४८

स्रोत : जिरी नगरपालिकाको कार्यालय, २०८०

तालिका नं ३९ शिक्षक तथा विद्यार्थी अनुपात विवरण २०७९

सि.नं.	तह	सामुदायिक			संस्थागत			जम्मा			शिक्षक विद्यार्थी अनुपात(सामुदायिक)
		छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा	
१	पुर्व प्राथामिक	२०२	२०५	४०७	५९	६३	१२२	२६१	२६८	५२९	१४.७३
२	कक्षा १–५	५०८	४६४	९७२	२२०	२६८	४८८	७२८	७३२	१४६४	१४.९३
३	कक्षा ६–८	२७४	२५९	५३३	१११	१४१	२५२	३८५	४००	७८५	३२.७८
४	कक्षा ९–१०	२२०	१८९	४०९	६३	६७	१३०	२८३	२५६	५३९	२९.९४
५	कक्षा ११–१२	१९९	१३२	३३१	०	०	०	१९९	१३२	३३१	६६.२०
जम्मा		१४०३	१२४९	२६५२	४५३	५३९	९९२	१८५६	१७८८	३६४८	२५.८८

स्रोत : जिरी नगरपालिकाको कार्यालय, २०८०

तालिका नं ४०: शिक्षक विवरण २०७९

सि.नं.	तह	दरबन्दी			कार्यरत			
		स्वीकृत	राहत	जम्मा	स्वीकृत		राहत	
					महिला	पुरूष	महिला	पुरूष
१	प्रावि	७६	२२	९८	२७	४९	१३	९
२	निमावि	१२	१२	२४	२	१०	६	६
३	मावि	११	७	१८	०	११	-	७
४	उमावि	५	-	५	-	५	-	-
जम्मा		१०४	४१	१४५	२९	७५	१९	२२

स्रोत : जिरी नगरपालिकाको कार्यालय, २०८०

शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु : विद्यार्थीहरु प्राथमकि तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासी जनजातिहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ।
- कक्षा दोहोर्याउनेउने प्रवृत्ति बढी हुनु : प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोर्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ।

- दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु : विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ।
- दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर : नगरपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो।
- विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु : नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ। दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ।
- अभिभावकहरु चनाखो नहुनु : बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकारी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ।

५.२ स्वास्थ्य

नगरपालिकाबासीहले सामान्य स्वास्थ्य सेवा आफ्नो पहुँचमा रहेका स्वास्थ्य चौकीहरुको साथै जिरी नगरपालिकामा रहेको जिरी अस्पतालबाट सेवा सुविधाहरु लिइरहेका छन्। यस नगरपालिकामा १ वटा अस्पताल, ३ वटा स्वास्थ्य चौकी र ३ आधारभुत स्वास्थ्य केन्द्र रहेका छन्। तर पनि यसलाई सुधार र सुविधा सम्पन्न गराउनको लागि केही दक्ष जनशक्ति सहित भौतिक पूर्वाधार तथा दरबन्दी पर्याप्तता भने देखिँदैन।

२०१४ सालमा स्वीस सरकारबाट सुरु भई २०२९ सालमा नेपाल सरकारलाई हस्तान्तरण भएको जिरी अस्पतालको स्वास्थ्य सेवा जिरी नगरपालिकाको ठुलो स्वास्थ्य प्रदायक संस्था हो। यस अस्पतालमा जटिल विरामीको लागि एम्बुलेन्स सेवा पनि रहेको छ। ३४ वेड रहेको यस दोलखा जिरी अस्पतालमा उपलब्ध सेवा सुविधा निम्न अनुसार रहेका छन्।

(क) बिरामी भर्ना सेवा
(ख) बहिरङ्ग सेवा
(ग) दन्त सेवा
(घ) आँखा सेवा
(ङ) फिजियोथेरापी सेवा
(च) ल्याव सेवा
(छ) एक्सरे सेवा
(ज) भिडियो एक्सरे सेवा
(झ) भ्क्रुन् सेवा
(ञ) महिला रोग सेवा

(ट) अन्य सेवाहरु अन्तर्गत (CEONC, Oxygen, Dressing, Plaster, Vasectomy/Minilap, Surgery, शव परिक्षण सेवा, मातृ शिशु स्वास्थ्य सेवा, खोप कार्यक्रम, फार्मेसी सेवा, खकार परीक्षण एम्बुलेन्स सेवा आदी।)

नगरबासीहरुले प्राथमिक स्वास्थ्य सेवाको लागि स्वाथ्य चौकीहरुमा जाने गरेका छन नगरपालिकामा ६ वटा स्वास्थ्य चौकीमा विभिन्न तहमा स्वास्थ्यकर्मीहरु कार्यरत रहका छन् जसको विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं.४१ जिरी नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था (स्वास्थ्य चौकी /आ.स्वा.के.) मा कार्यरत कर्मचारीहरुको विवरण ।

क्र.सं.	स्वास्थ्य संस्था	नामथर	पद
१	श्यामा स्वास्थ्य चौकी	नवराज श्रेष्ठ	हे.अ.
		लोकमाया राउत कार्की	सि.अ.न.मी.
		चन्द्रावती खड्का	अ.न.मी.
		दिपा कार्की	अ.हे.व.
		मिङगुर शेर्पा	का.स.
२	एलुङ्ग आ.स्वा.के.	विनिता खड्का	अ.हे.व.
		आयुष्मा गुभाजु	अ.न.मी.
		विष्णु घिमिरे	का.स.
३	माली स्वास्थ्य चौकी	नन्द किशोर कुमार चौधरी	हे.अ.
		कल्पना दाहाल	अ.न.मी.
		अमोश जिरेल	अ.हे.व.
		आङ दावा शेर्पा	का.स.
४	सुन्ट्याक आ.स्वा.के.	सुन्दर सुवेदी	अ.हे.व.
		अनुपा दाहाल	अ.न.मी.
		कुमार जिरेल	का.स.
५	धनमाले आ.स्वा.के.	देवि फुयाल	अ.हे.व.
		दशमी सुनुवार	का.स.
६	ठुलोपातल स्वास्थ्य चौकी	अशोक कुमार महतारा	हे.अ.
		रेनुका जिरेल	सि.अ.न.मी.
		तिर्थ कुमारी जिरेल	अ.न.मी.
		जंग बहादुर शाह	अ.हे.व.
		शर्मिला तामाङ	का.स.

श्रोत जिरी नगरपालिका, २०७९

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ । आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ । समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्युन गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ । नगरपालिकामा रहेको जिरीअस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ । दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरु उपलब्ध हुन सकेको छैन । नगरपालिकाका विभिन्न वडाहरुमा स्वास्थ्य चौकी वा क्लिनिकहरु रहेको देखिन्छ । स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ । ग्रामिण वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा आगमनमा हुने समस्याले थप अझ कठिनाई झेल्नु पर्ने अवस्था छ ।

५.२.१ स्वास्थ्य सेवामा नगरपालिकाको वर्तमान अवस्था

यद्यपि जिरी नगरपालिकाको वर्तमान अवस्था हेर्दा यहाँको स्वास्थ्य सेवामा सुधार भएकोको छ। नगरमा रहेका स्थास्थ चौकी तथा गाउँघर क्लिनिकहरुमा कुल १०२ जना स्वास्थ्य स्वयम सेविकाहरु रहेका छन्। यस नगरपालिकामा तिलगंगा आँखा अस्पतालको सहयोगमा सामुदायिक आँखा केन्द्र सञ्चालनमा रहेको छ जसले नगरबासीहरुलाई आँखा सम्बन्धी स्वास्थ्य सेवा लिन सहज भएको छ। जिरी अस्पतालको सेवाहरु पनि वृद्धि हुँदै गएको छ श्यामा, सिक्रि, माली लगायतका आधारभुत स्वास्थ्य केन्द्रमा उल्लेख्य सुधार भईरहेको छ। नगरपालिकामा उपलब्ध यी सेवा तथा सुविधाहरुले नगरको स्वास्थ्य सेवामा राम्रो पहुँच रहेको कुरा प्रष्ट हुन्छ।

५.२.२ जिरी अस्पतालको विवरण

क) अस्पतालको भौतिक श्रोत साधनको विवरण

करिब ६५.५ रोपनीको क्षेत्रफलमा फैलिएको यस अस्पतालको अधिकांश भौतिक संरचना वि.सं. २०७२ बैशाख १२ को विनासकारी महाभुकम्पका कारण भत्किए पश्चात निर्माण सम्पन्न भएका छन्।

तालिका नं.४२ जिरी अस्पतालको भवन तथा भौतिक श्रोत साधन

क्र.सं.	भवन तथा भौतिक श्रोत साधन	संख्या
१	प्रशासनको कार्यालय रहेको भवन जसमा प्रशासन कार्यालयको साथसाथै कार्यालयको साथसाथै एक्स रे सेवा, दर्ता, टिकट लिने ठाउँ, सोधपुक्ष कक्ष, समितिको कार्यालय, भिडियो एक्स रे सेवा, (Bio-medical Engineering Department) सहित सुविधा सम्पन्न तालिम हाल समेत रहेको छ।	१
२	अप्रेशन कक्ष, प्रशुति वार्ड, ड्रेसिङ तथा प्लाष्टर कक्ष सहितको भवन	१
३	Indoor सेवा Emergency सेवा तथा स्टोर कक्ष सहितको भवन	१
४	ल्याव तथा x-ray सहितको भवन	१
५	शव परिक्षण कक्ष रहेको भवन	१
६	चमेना गृह रहेको भवन	१
७	फार्मेशी तथा OPD सेवा रहेको भवन	१
८	डाक्टर क्वाटर भवन	३
९	अस्पतालका कर्मचारीहरुको आवास भवन	२
१०	एम्बुलेन्स	३
	शव वहान	१
११	पिक अप भ्यान	१
१२	मोटर साईकल	२
१३	एक्स–रे मेसिन	४
१४	भिडियो एक्स–रे मेसिन	४
१५	इन्डोस्कोपी	१

१६	फोटोथेरापी मेसिन	४
१७	बायोकेमेष्टी मेसिन	१
१८	NA^+, K^+ एनलाइजर मेसिन	२
१९	वासिङमेसिन, ड्रायरमेसिन	३
२०	Baby warmer	४
२१	कम्प्यूटर,	४
२२	प्रिन्टर	११
२३	स्क्यानर	१
२४	ABG Analyzer	१
२५	Defederate	२
२६	Baby Incubator	१
२७	Universal Anesthesia Machine	३
२८	Mini Ventilator	१

स्रोत: जिरी अस्पताल जिरी, दोलखा २०८०

ख) अस्पतालको मावन जनशक्तिको विवरण

जिरी अस्पतालमा नेपाल सरकारको स्वीकृती दरबन्दी अन्तगर्त नियुक्त स्थायी स्वास्थ्यकर्मी तथा कर्मचारीहरु, नेपाल सरकारको करार सेवामा नियुक्त स्वास्थ्यकर्मी तथा कर्मचारीहरु, निक साइन्स ईन्सिच्युटको तर्फबाट नियुक्त चिकित्सक तथा स्वास्थ्यकर्मी र अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति तर्फबाट कार्यरत कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको विवरण निम्नानुसार रहेको छ :-

तालिका नं.४३ जिरी अस्पतालमा रहने कर्मचारीको दरबन्दी

S.N	Position	Post Level	Service/Service Group/ Service Sub Group	Approved Group	Full fill	Vacant	Remarks
1	Medical Generalist	Officer 9/10	Health/Medical Generalist	1	0	1	
2	Medical Officer	Officer 8	Health/General Health Service	2	0	2	
3	Staff Nurse	Assistant 5/6	Health/General Nursing	4	1	3	
4	Auxiliary Nurse Midwife	Assistant 4/5/6	Health/Community Nursing	3	3	-	
5	Nayab Subba	Non Gazette first	Administration/ General Administration	1	0	1	
6	Health Assistant	Assistant 5/6	Health/Health Inception	5	4	1	
7	Assistant Health Worker	Assistant 4/5/6	Health/Health Inception	1	2	0	

8	Lab Technician	Assistant 5	Health/Medical Lab Technology	1	1	-	
9	Lab Assistant	Assistant 4/5	Health/Medical Lab Technology	1	1	-	
10	Radiographer	Assistant 5/6	Health/Radiography	1	1	0	
11	Dark Room Assistant	Assistant 4/5/6	Health/Radiography	1	-	1	
12	Anesthetic Assistant	Assistant 5/6	Health/Miscellaneous	1	1	0	
	Accountant	Assistant 4/5	Administration/General Administration	1	0	1	
13	Office Assistant	Class Less	Administration/General Administration	9	6	3 are appointed on contract basis	

स्रोत: जिरी अस्पताल, २०७९

(ग) अस्पतालले प्रदान गर्दै आएका सेवाहरुको विवरण

हाल जिरी अस्पतालले नियमित रुपमा बहिरंग सेवा, अन्तरंग सेवा, आकस्मिक सेवा, निशुल्क स्वास्थ्य सेवा, शल्यक्रिय सेवा, (सामान्य / जटिल), प्रयोगशाला सेवा, एक्स रे सेवा, दन्त चिकित्सा सेवा साथै यस अस्पताल वरपरका दुर्गम हिमाली क्षेत्रमा विभिन्न स्वास्थ्य शिविरहरु सञ्चालन गर्दै आइरहको छ।

१. बहिरंग सेवा (Outpatient Service)

जिरी अस्पतालले सार्वजनिक विदाका दिन बाहेक हरेक दिन बिहान १०:०० बजे देखि दिउँसो ३.०० बजे सम्म नाम दर्ता, टिकट प्रदान गर्दै आइरहेको छ भने शुक्रवारको हकमा विहान १२ बजेसम्म मात्र बाहिरंग सेवा उपलब्ध गराउँदछ। अस्पतालको श्रोत अनुसार यस सेवा लिने ब्यक्तिहरूको संख्या आ.ब. २०७८/०७९ मा ८,२७५ रहेको पाइन्छ।

२. अन्तरंग सेवा (In Patient Service)

बहिरंग सेवाबाट प्रेषित तथा आकस्मिक सेवाबाट आउने बिरामीलाई यस अस्पतालको अन्तरंग सेवामा भर्ना गरिन्छ। नेपाल सरकारबाट स्विकृत १५ शैयाको सेवा भएतापनि सेवाग्राहिको माग, अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको सक्रियताका कारण हाल ५१ बेड बराबरको सेवा प्रवाह गरिरहेको छ।

३. इमरजेन्सी सेवा (Emergency Service)

जटिल प्रकारको बिरामीहरुलाई प्राथमिकताका साथ तथा नियमित ओ. पि. डि सेवा भन्दा बाहेकको समयमा आउने बिरामी लाई आकस्मिक सेवा मार्फत जाँच गरिन्छ। यस अस्पतालको इमरजेन्सी सेवा लिनेहरुको संख्यात्मक विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं.४४ **इमर्जेन्सी सेवा लिनेको संख्यात्मक विवरण**

क्र स	आ व	उमेर समूह	विरामी संख्या		जम्मा	कैफियत
			महिला	पुरुष		
१	२०७७/०७८	०-९ वर्ष	१४२	१२१	२६३	
		१०-१९ वर्ष	१९८	१८४	३८२	
		२०-५९ वर्ष	५७४	५३०	११०४	
		६० वर्ष भन्दा माथी	२३८	२३९	४७७	

२	२०७८/०७९	०-९ वर्ष	१५३	१४०	२९३	
		१०-१९ वर्ष	२६१	२४४	५०५	
		२०-५९ वर्ष	७१५	७०२	१४१७	
		६० वर्ष भन्दा माथी	३१६	२९८	६१४	
३	२०७९/०८०	०-९ वर्ष	१४२	२२६	३६८	
		१०-१९ वर्ष	०	०	०	
		२०-५९ वर्ष	४११	४६२	८७३	
		६० वर्ष भन्दा माथी	०	०	०	

स्रोत: जिरी अस्पताल, २०८०

४. निशुल्क स्वास्थ्य सेवा (Free Treatment Service)

नेपाल सरकारको बर्तमान नीति तथा निर्देशिका अनुरुप अस्पतालबाट लक्षित वर्ग केन्द्रित रहेर निशूल्क स्वास्थ्य सेवा प्रदान गरिन्छ। अति गरिब, गरिब विपन्न वर्ग, अपाङ्ग, ज्येष्ठ नागरिक र महिला स्वास्थय स्वयम सेविकाहरुलाई निशूल्क स्वास्थ्य सेवा बाट प्रत्यक्ष लाभ लिईरहेको अवस्था छ। जसमध्ये नेपाल सरकारले स्वास्थ्य बिमा सञ्चालन भए पश्चात सो सुविधा समेत लिनेको संख्या बढि रहेको छ।

५. ल्याब / प्रयोगशाला सेवा (Laboratory Service)

जिरी अस्पताल भित्र सुविधामा रहेका ल्याव सेवालाई अझ प्रभावकारी बनाउनको लागि प्रविधि मैत्री नीति लिई अस्पताल सञ्चालन तथा व्यवस्थापन भई रहेको छ। जस अन्तरगत निम्नानुसारको सेवाहरू यस अस्पतालबाट उपलब्ध भईरहेको पाइयो।

६. पोषण सेवा

नगरपालिका तथा नगरपालिका बाहिर तथा जिल्ला बाहिर रहेका कुपोषित बालबालिकाहरूलाई पोषणसँग सम्बन्धित सुविधा तथा पोषण पुनर्स्थापना गृह सञ्चालन भएको स्थानमा नै बसी सुधार नभए सम्ममा राख्ने गरी पोषण पुनर्स्थापना केन्द्र स्थापना भएको छ। यस सेवा सञ्चालन पश्चात सेवाहरू लिने संख्यालाई निम्नानुसार उल्लेख गरिएको छ।

७ प्रेषण सेवा

जिरी अस्पतालबाट विभिन्न सेवाहरू प्रदान गर्ने क्रममा जटिल तथा यस अस्पतालमा हुन नसक्ने उपचारको लागि अन्य स्थानहरू प्रेषण गर्ने कामहरू हुन्छ। यसबाट विरामीको ज्यान जोखिम हुनबाट बच्दछ भने यसले गर्दा अस्पतालबाट उपलब्ध गराउने सेवा/सुविधाहरूको बारेमा समेत जानकारी हुन्छ। जिरी नगरपालिका भित्र मात्र नभई जिल्ला बाहिरबाट समेत सेवा प्रदान गर्न यस अस्पतालमा आउने गर्दछन्।

८. एम्बुलेन्स सेवा

यस अस्पतालमा उपचार हुन नसकेका कारण तथा अन्य अस्पतालमा रिफर भई जाने विरामीहरुको सुबिधाका लागि २४ सै घण्टा एम्बुलेन्स सेवा उपलब्ध रहेको छ। हाल अस्पतालको २ वटा एम्बुलेन्स र २ जना सवारी चालक पनि रहेका छन्।

९. दन्त सेवा

यस अस्पतालमा दाँत मुख तथा गिजा सम्बन्धी सम्पूर्ण रोगहरुको उपचार गर्नका लागि डेन्टल सर्जन सहित आवश्यक अन्य अत्याधुनिक उपकरणहरु सहितको दन्त सेवा उपलब्ध रहेको छ। यस अस्पतालबाट विभिन्न समयमा दन्तसँग सम्बन्धित कार्यक्रमहरू विभिन्न समयमा सञ्चालन भइरहेको हुन्छ।

१०. मातृशिशु स्वास्थ्य सेवा

यस अस्पतालमा नियमित रुपमा बालबालिकाहरुलाई खोप सेवा, गर्भवती आमाको जाँच, परिवार नियोजन सम्बन्धी सेवा तथा परामर्श, पोषण सम्बन्धी सेवा, शिशु तथा सुरक्षित मातृत्व सम्बन्धी सेवा, भ्याक्सिनेशन सेवा लागयतका सेवाहरु मातृशिशु स्वास्थ्य सेवा अन्तर्गत प्रदान गरिँदै आएको छ। साथै जिरी अस्पतालमा गर्भवती तथा सुत्केरी महिलाहरुलाई लक्षित गरि

maternity waiting home संचालन भइ रहेको छ।

११. बायो मेडिकल ईन्जिनियरिङ्ग सेवा

यस अस्पतालमा भएका उपकरणहरुको नियमित चेक जाँच र आवश्यक मर्मत सम्भार गर्नका लागि एक जना बायोमेडिकल टेक्निसियन को व्यवस्था गरेको छ। जसकारण सामान्य प्रकृतिका प्राविधिक समस्याहरुको अस्पताल आफैले समाधान गर्न सक्ने अवसर रहेको छ।

५.२.३ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers)

नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्। यसै क्रममा हाल जिरी नगरपालिकामा १०२ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुले सेवा दिदै आएका छन्। भने जिरी अस्पताल भित्र २८ जना रहेका छन्।

५.२.४ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक नगरपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। नगरपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ। यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ। यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकी तहमा मात्र उपलब्ध गराइन्छ।

५.२.५ एच. आई. भी. / एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एच.आई.भी. को प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका समेत यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार दोलखा जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

५.२.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरे मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन। नगरपालिकामा गर्भवती र सुत्केरी भएका महिलालाई स्वास्थ्य चौकीबाट पाएको सेवाहरुको विवरण तालिकामा उल्लेख गरिएको छ।

५.२.७ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन्। तसर्थ यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ। शिशु र बाल्य अवस्थामा उनीहरुलाई बी. सी. जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ। बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रामा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम. जी. डी. - ४) प्राप्त गर्न सहयोग पुगेको छ।

५.२.८ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाइ विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलविनियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

५.२.९ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। यस नगरपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि नगर नगरमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ।

५.३ खानेपानी तथा सरसफाई

५.३.१ विश्वमा फोहोरमैला व्यवस्थापन

पृथ्वीमा वार्षिक २.१ अर्ब टन फोहोर उत्पादन हुने गरेको र जसमध्ये ३३ प्रतिशत फोहोर (करिब ६७ करोड टन) को व्यवस्थापन जथाभावी तरिकाले गरिने गरेको र वातावरणमैत्री प्रविधि प्रयोग नगरिएको देखिन्छ ('ए ग्लोबल स्नापसट अफ सोलिड वेस्ट म्यानेजमेन्ट टु २०५०' विश्व बैंक, २०१८)। विश्वमा, प्रतिव्यक्ति फोहोरको हिसाबले सबैभन्दा ठूलो उत्पादक देश क्यानडा हो। सन् २०१९ को तथ्यांक अनुसार करिब ३६.१ मेट्रिक टन प्रति वर्ष रहेको छ। यो संयुक्त राज्य अमेरिका भन्दा प्रति व्यक्ति १० मेट्रिक टन बढी हो। क्यानडाले प्रति वर्ष अनुमानित १.३३ बिलियन मेट्रिक टन फोहोर उत्पादन गर्छ। जसमध्ये १.१२ बिलियन मेट्रिक टन औद्योगिक फोहोरबाट उत्पन्न हुन्छ।

यसरी प्रस्तुत गरिएको फोहोरको मात्रामा नगरपालिकाबाट उत्पन्न ठोस फोहोर (म्युनिसिपल सोलिड वेस्ट), सहित अन्य विशेष फोहोर पनि समावेश छ। विशेष फोहोरमा औद्योगिक, चिकित्सा, विद्युतीय फोहोर, खतरनाक र कृषिजन्य फोहोर पर्दछन्। यसको तुलनामा, संयुक्त राज्य अमेरिका विश्वभर प्रति व्यक्ति दैनिक नगरपालिका ठोस फोहोरको अग्रणी उत्पादक देश हो। यसरी बढी फोहोर उत्पादन हुनेको जनसंख्या विश्वको १६ प्रतिशत मात्र भए पनि धनी राष्ट्रहरूले मात्र कुल उत्पादनको ३४ प्रतिशत फोहोर (झन्डै ६९ करोड टन) उत्पादन गर्दै आएको पाइन्छ।

बढ्दो फोहोर उत्पादन र व्यवस्थापकीय चुनौतीलाई बुझेर तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरले सन् १८९१ मा सफाइ अड्डाको स्थापना गरेका थिए। उक्त सफाइ अड्डाले आँगन, सडक र गल्लीहरूबाट फोहोर संकलन र विसर्जनका लागि कुचिकारहरू नियुक्त गर्दथ्यो। हालैका दशकहरूमा विश्वभर फोहोर उत्पादनमा व्यापक वृद्धि भएको छ, र यो सुस्त हुने कुनै संकेत छैन। सन् २०५० सम्म, विश्वव्यापी नगरपालिका ठोस फोहोर उत्पादन लगभग ७० प्रतिशतले बढेर ३.४ बिलियन मेट्रिक टन हुने अपेक्षा गरिएको छ।

५.३.२ नगरमा फोहोरमैलाको व्यवस्थापन

अव्यवस्थित सहरीकरण, आवश्यक पूर्वाधारको अभाव, जनसङ्ख्या वृद्धि, जनचेतनाको अभाव र बढ्दो प्लास्टिकजन्य टेक अवे कल्चर जस्ता कारणले हरेक सानादेखि ठूला सहरी क्षेत्रको फोहोरमैला व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको अवस्थामा यस नगरपालिकाले अस्थायी रुपमा प्रयोग गर्दै आएको जिरी नगरपालिका वडा नं. ४ मा ल्याण्डफिल्ड साइट (Land Fill Site) रहेको छ। यसलाई ब्यवस्थित गर्नको लागि नगरपालिकाले वडा नं. ६ मा रहेको थापाकोट जंगल क्षेत्रमा Land Fill Site को निर्माण कार्य अन्तिम चरणमा रहेको छ। आ.ब. २०८०/०८१ बाट सञ्चालन हुनेछ।

हाल यस नगरपालिकामा फोहोर व्यवस्थापनमा देखिएका समस्याहरु देहाय बमोजिम रहेको छः-

- फोहोर व्यवस्थापनका नाममा फोहोरहरु खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति यत्रतत्र देखिन्छ। यसरी फालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुर्याएर प्रदुषणलाई बिस्तारित गर्दछ।
- जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ।

५.४ महिला तथा बालबालिका

५.४.१ महिला सम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरुपमा आउन सकेका छैनन्। महिला सहभागिता, सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन। यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्ध, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदी रहेका छन् जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिक रुपमा अझै पनि तुलनात्मकरुपमा पछाडी परेको देखिन्छ।

महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकाय सम्मले कामहरू शसक्त रूपबाट भईरहेको छ। नेपालको संविधानमा समेत महिला सम्बन्धि हक समेत सुनिश्चित गरिएको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ देहाय बमोजिमको महिलाको हक प्रदान गरिएको छ।

- प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ।

- महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।
- राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ।
- महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ।
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ।

नेपाल सरकार तथा विभिन्न निकायहरुले महिला विकास तथा उत्थानको लागि नीति तथा कार्यक्रम अघि बढाईरहेता पनि परिवर्तन र सुधारको बाबजुत सामाजिक संरचनामा अझै पनि समान अवस्था देख्न सकिएको छैन। यसलाई कम गर्न सरकार तथा नागरिक मञ्च सबैको भूमिका अपरिहार्य रहन्छ।

५.४.२ बालबालिका सम्बन्धी विवरण

अन्तराष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई बालक/बालिका भनिन्छ भने नेपालको बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिका सम्पूर्ण मानिसहरुलाई बालबालिका हुन् भनेर परिभाषित गरेको छ। बालबालिका भविष्यको कर्णधार हुन्। बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महसुस गरी संयुक्त राष्ट्र संघले सन् सन् १९८९ नोभेम्बरमा बाल अधिकार सम्बन्धी महासन्धि पारित गरे पछि हरेक वर्ष नोभेम्बर २० का दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ। जसरी एउटा फालिएको काठलाई खोपेर वा कुँदेर राम्रो आकृति बनाउन सकिन्छ, त्यसरी नै बालबालिकाहरुलाई पनि अधिकाररुपी औजारले एक कर्मठ र सबल नागरिकमा परिणत गर्न सकिन्छ। नेपालको संविधान २०७२ ले बालबालिकासम्बन्धी थुप्रै हक अधिकारहरु समेटेको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ देहाय बमोजिमको बालबालिकाको हक व्यवस्था गरेको छ।

- प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।
- प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ।
- प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।
- कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।
- कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।
- कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।
- कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।
- प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।
- असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

- उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

यो सँगै बालबालिकाहरुको अधिकारसम्बन्धी महासन्धिमा ५० औं देशहरुको हस्ताक्षर रहेकोमा नेपालले पनि सहमति जनाएको छ। संविधानमा बालबालिका सम्बन्धी हकको सुनिश्चिता र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको प्रयास भएपनि घरेलु कामदारको रुपमा खटिएका बालबालिकाहरु, उद्योग तथा कलकारखानामा कडा श्रममा खटिएका बालबालिकाहरु, शिक्षा बाट बञ्चित रहेका बालबालिकाहरु, बाँच्न पाउने नैसर्गिक अधिकार संविधानमा सुनिश्चत भएर पनि जन्मन नपाई जन्मने अधिकार खोसिएका बालबालिकाहरु र बाल अधिकारको उपयोगबाट टाढा रहेका बालबालिकाहरुको उदाहरणहरु समाजमा हामी सामु छर्लङ्ग नै छन्। यसरी समाजमा हुने गरेका बाल श्रम तथा बाल अधिकार बाट बञ्चित बालबालिका हरुको लागि अझै सरकार, नागरिक समाज सचेत रहन जरुरी छ।

५.४.३ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दुःखद यथार्थ हो।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्युनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

